# परिच्छेद- एक

# शोध परिचय

## १.१ विषयवस्तु

अछाम नेपालको सेती अञ्चल अन्तर्गत पर्ने विकट पहाडी जिल्ला हो । यो जिल्ला सांस्कृतिक र धार्मिक दृष्टि महफ्वपूर्ण हुनुको साथै लोकसंस्कृति र लोकसाहित्यको भण्डारका रूपमा रहेको छ । यहाँ लोकसाहित्य अन्तर्गतका उपविधाहरू लोकगीत, लोककथा, लोकगाथा, लोकनाट्य, उखान, टुक्का र गाउँखाने कथाहरू प्रशस्त पाइन्छन् । यी विधाहरूमा प्राज्ञिक तहबाट स्थलगत अध्ययन गरी शोधकार्य भएको पाइएता पनि यस जिल्लामा प्रचलित गाउँखाने कथाका नै केन्द्रित रहेर स्थलगत अध्ययन-अनुसन्धान नभएकाले प्रस्तुत शीर्षक **अछामी गाउँखाने कथाको अध्ययन** छनौट गरिएको हो ।

गाउँखाने कथा प्रश्नोत्तरात्मक शैलीमा प्रस्तुत गरिने बौद्धिक सवालजवाफको एउटा नमूनाको रूपमा रहेको छ । यो मानवले प्राचीन कालदेखि नै दुःख सुखका क्षणमा जिज्ञासा मनोरञ्जन व्यक्त गर्ने र फुर्सदको समयलाई सदुपयोग गर्ने साधनका रूपमा प्रयोग गरिदै आएको पाइन्छ । यो कथानकहीन कथामा, कुरै कुरामा अड्को थापेर प्रश्न सोधिन्छ र अरूबाट उत्तरको अपेक्षा गरिन्छ । यसको उत्तर सोझो नभएर घुमाउरो हुने गर्दछ र उत्तर खोज्न बुद्धि अलिकति घुमाउनुपर्दछ । यसलाई कूटरूपमा प्रस्तुत गरिने प्रश्नोत्तर पनि भनिन्छ । आजको हाजिरी जवाफको प्राचीन लोकप्रचलित स्वरूप गाउँखाने कथाहरू नै हुन् भन्न सकिन्छ । अछाम एक पहाडी र दुर्गम जिल्ला भएकाले भौगोलिक विकटता र सञ्चारको अभावले लोकसाहित्यको उचित अध्ययन अनुसन्धान हुन नसक्नु स्वभाविकै हो । यहाँको लोकजीवनमा प्रचलित लोकसाहित्यका विविध विधाहरू यत्र-तत्र छरिएका पाइन्छन् । यिनै कुराहरूलाई लिएर अछाम जिल्लामा प्रचलित गाउँखाने कथालाई सङ्कलन वर्गीकरण र विश्लेषण गर्ने कार्य प्रस्तुत शोध कार्यमा गरिएको छ ।

## १.२ समस्याकथन

अछाम जिल्लामा प्रचलित लोकसाहित्यका विविध विधामा आंशिकरूपमा अध्ययन-अनुसन्धान गर्ने कार्य भएता पनि गाउँखाने कथामा नै केन्द्रित रहेर अध्ययन-अनुसन्धान

नभएकाले यस जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन र विश्लेषण गर्नु नै यस शोध पत्रको प्रमुख समस्या रहेको छ । शोध पत्रका समस्याहरुलाई बुदाँगतरूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

(क) गाउँखाने कथाको स्वरूप के कस्तो छ ?

(ख) अछाममा प्रचलित गाउँखाने कथा के कस्ता छन् ?

(ग) अछामी लोकपरम्परामा प्रचलित गाउँखाने कथाको वर्गीकरण र विश्लेषण के-कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

उल्लेखित समस्याकथनका समस्या समाधानका लागि यसको अनुसन्धान हुने भएकाले यसका उद्देश्यहरू निम्नानुसार छन् ।

(क) गाउँखाने कथाको परिभाषा र स्वरूप स्पष्ट पार्ने ।

(ख) अछामी गाउँखाने कथाको पहिचान गरी सङ्कलन गर्ने ।

(ग) अछाममा प्रचलित विभिन्न किसिमका गाउँखाने कथाको वर्गीकरण गरी त्यसको विश्लेषण समेत गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

अछाममा प्रचलित विविध विषयवस्तुसँग सम्बन्धित गाउँखाने कथाको हालसम्म अध्ययन अनुसन्धान नभएको भएता पनि लोकसाहित्यका अन्य विधामा भने अनुसन्धान भएको पाइन्छ । नेपालका अन्य विभिन्न ठाउँका प्रचलित गाउँखाने कथाहरुको विभिन्न विद्वान् तथा अनुसन्धानकर्ताहरूबाट अध्ययन, चर्चा र परिचर्चा भने गरिएको पाइन्छ ।

सत्यमोहन जोशीको **हाम्रो लोकसंस्कृति** (२०१४) रत्नपुस्तक भण्डार, काठमाडौंबाट प्रकाशित छ । जोशीले नेपाली लोकसंस्कृतिको चर्चा गर्ने क्रममा गाउँखाने कथा र उखानको शीर्षक दिएर हाम्रो लोकसंस्कृतिका परिचायक उखान र गाउँखाने कथाको छोटो परिचय दिई पन्ध्रवटा गाउँखाने कथाका नमूना यसमा दिएका छन् ।[1]

१ सत्यमोहन जोशी, **हाम्रो लोकसंस्कृति**, (काठमाडौंः रत्नपुस्तक भण्डार, २०१४), ।

प्रदिप रिमालको **कर्णाली लोकसंस्कृति** खण्ड ५ (२०२८) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौंबाट प्रकाशित छ । यसमा कर्णाली क्षेत्रमा प्रचलित एक सय तीनवटा गाउँखाने कथाहरू सङ्कलन गरेका छन् । रिमालमा अनुसार यस अञ्चलमा गाउँखाने कथालाई साइतर वा सात्तर भनिन्छ । यस पुस्तकमा सङ्कलित गाउँखाने कथामा वर्गीकरण र विश्लेषण नगरिएता पति गाउँखाने कथा वाचन वा भन्ने तरिका, शैलीका बारेमा छोटो, मीठो वर्णन गरिएको छ ।[२]

कृण्णप्रसाद पराजुलीको **नेपाली उखान र गाउँखाने कथा** (२०३९) रत्नपुस्तक भण्डार, काठमाडौंबाट प्रकाशित छ । दुई खण्डमा विभाजित यो पुस्तकको पहिलो खण्डमा नेपाली उखानको परिचय, विशेषता, वर्गीकरणसहित लगभग पाँचसय पचासवटा नेपाली उखान सङ्कलन गरी प्रयोगगत नमूना प्रस्तुत गरेका छन् भने दोस्रो खण्डमा नेपाली गाउँखाने कथाको परिचय, परम्परा, विशेषता, विश्लेषण र वर्गीकरण गरी यसले गर्ने सामाजिक, सास्कृतिक चित्रण गर्दै अन्त्यमा बाह्र सय जति नेपाली गाउँखाने कथाको अकारादि वर्णानुक्रममा राखेका छन् । यो कृतिलाई गाउँखाने कथाको सैद्धान्तिक अध्ययन गरिएको महफ्वपूर्ण मानिन्छ ।[३]

धर्मराज थापा र हंसपुरे सुवेदीको **नेपाली लोकसाहित्यको विवेचना** (२०४१) त्रि.वि. पाठ्यक्रम विकास केन्द्रद्धारा प्रकाशित लोकसाहित्य सम्बन्धी महत्वपूर्ण कृति हो । लेखकहरूले गाउँखाने कथा परिचय र विवेचना शीर्षकमा नेपाली गाउँखाने कथाको परिचय दिनुका साथै गद्यात्मक र पद्यात्मक रूपमा गाउँखाने कथाको परम्परा र प्रचलनको विषयमा प्रकाश पारेका छन् साथै **केही गाउँखाने कथाहरू** शीर्षक दिएर खेतिपाती र खाद्यान्न विषयक गाउँखाने कथाका पच्चीसवटा नमूना, फलफूल विषयक उनन्तीसवटा, घरेलुवस्तुसम्बन्धी एक्काइसवटा, लोकजीवनका विविधतामा रचिएका उन्चालीसवटा, कवितात्मक लयका गाउँखाने कथाका बयालीसवटा नमूना उदाहरण दिएका छन् ।[४]

---

२ प्रदीप रिमाल, **कर्णाली लोकसंस्कृति, खण्ड ५** (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८) ।
३ कृण्णप्रसाद पराजुली,  **नेपाली उखान र गाउँखाने कथा**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९) ।
४ धर्मराज थापा र हंशपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** (काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०४१)॥

पूर्णप्रकाश नेपाल **'यात्री'** को **भेरी लोकसाहित्य** (२०४१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौंबाट प्रकाशित भेरी क्षेत्रीय नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान गरिएको महफ्वपुर्ण कृति हो । यात्रीले यस पुस्तकमा केही लोकाख्यान शीर्षकमा उखान, टुक्का, प्रहेलिकाको चर्चा गर्नुका साथै अठसट्ठीवटा भेरी क्षेत्रमा प्रचलित गाउँखाने कथाका नमूना दिएका छन् । सङ्कलित गाउँखाने कथाहरूको न त वर्गीकरण गरिएको छ न त वैज्ञानिक दृष्टिले विश्लेषण गरिएको छ तापनि नेपाली भाषाको भेरी क्षेत्रमा प्रचलित गाउँखाने कथाका नमूना दिएर उनले क्षेत्रीय भाषिकाका गाउँखाने कथाको अध्ययन र खोज अनुसन्धानको सम्भावना देखाएको छ ।[५]

तेजप्रकाश श्रेष्ठको **अछामी लोकसाहित्य** (२०४४) काठमाडौं, रत्नपुस्तक भण्डारबाट प्रकाशित अछामी लोकसीहित्य सम्बन्धी महफ्वपूर्ण कृति हो । श्रेष्ठले अछामी जनजीवनमा प्रचलित लोकसाहित्यका विभिन्न विधाको अध्ययन अनुसन्धान गर्ने क्रममा अछामको साँचुल्लाको लेकमा प्रचलित गाउँखाने कथाको परिचय दिदैं कवितात्मक शैलीका अठारवटा र साधारण प्रश्नका रूपमा अठहत्तरवटा नमूना पेश गरेका छन् ।[६]

**नेपाली साहित्य कोश** (२०५५) ईश्वर बरालद्धारा सम्पादित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाडौंबाट प्रकाशित यस पुस्तकमा नेपाली लोकसंस्कृति र लोकसाहित्यको चर्चा गर्ने क्रममा गाउँखाने कथाको परिचय सहित छवटा नमूना उदाहरणको रूपमा दिइएको छ ।[७]

देवदत्त भट्टको **बैतडेली गाउँखाने कथाको अध्ययन** (२०५५) शीर्षकको शोध पत्र त्रि.वि. नेपाली स्नातकोत्तर नेपाली केन्द्रीय विभागमा टङ्कित अवस्थामा प्रस्तुत छ । पाँच परिच्छेदमा विभाजित प्रस्तुत शोध पत्रको तेस्रो परिच्छदमा गाउँखाने कथाको परिचय र वर्गीकरण, चौथों परिच्छेदमा बैतेडेली गाउँखाने कथाको परिचय र वर्गीकरण, पाचौं

---

५ पूर्णप्रकाश नेपाल, यात्री, **भेरी लोकसाहित्य** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४१) ।
६ तेजप्रकाश श्रेष्ठ, **अछामी लोकसाहित्य,** ( काठमाडौं : रत्न पुस्तक भण्डार, २०४४) ।
७ ईश्वर बराल सम्पा., **नेपाली साहित्य कोश,** (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५) ।

परिच्छेदमा शोध निष्कर्षसहित परिशिष्टका रुपमा एक सय चौरानब्बे बैतेडेली गाउँखाने कथाको सङ्कलन गरिएको छ ।[८]

शम्भुप्रसाद कोइरालाको **लोकसाहित्य सिद्धान्त र विश्लेषण** (२०५५) नामक कृति धरणीधर पुरस्कार प्रतिष्ठान, बिराटनगरबाट प्रकाशित छ । यसमा गाउँखाने कथा परिचय र परिभाषा शीर्षक दिएर कोइरालाले गाउँखाने कथाका सम्बन्धमा प्रकाश पार्नुका साथै गाउँखाने कथाका विशेषता र गाउँखाने कथालाई विषयवस्तुका आधारमा वर्गीकरण गरेका छन् ।[९]

चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) एकता प्रकाशन, काठमाडौंबाट प्रकाशित नेपाली लोकसाहित्यको विषयमा प्रकाशित महफ्वपूर्ण कृति हो । बन्धुले यस पुस्तकमा नेपाली लोकसाहित्यका विविध विधाहरूको गहनरूपमा चर्चा परिचर्चा गर्ने क्रममा पहेली शीर्षकमा नेपाली गाउँखाने कथालाई विविध पक्षबाट वा विषयबाट सैद्धान्तिक रूपमा अध्ययन गरी उदाहरणसमेत दिएका छन् ।[१०]

शिवप्रसाद पौड्यालकै **नेपाली गाउँखाने कथा कोश** (२०६१) नामक कृति गाउँखाने कथाको अध्ययनको लागि महफ्वपूर्ण रहेको छ । पौड्यालको यो कृति दुई खण्डमा विभाजित गरिएको छ । पहिलो खण्डमा नेपाली गाउँखाने कथाको १४ वटा विभिन्न उपशीर्षक राखेर गाउँखाने कथाका बारेमा विस्तृतरूपमा व्याख्या, विश्लेषण गर्नुका साथै डोटेली भाषिका र स्तरीय नेपाली गाउँखाने कथाको तुलनात्मक अध्ययन गरिएको छ भने दोस्रो खण्डमा नेपाली गाउँखाने कथा कोश शीर्षक राखी वर्णानुक्रममा ४,५६१ जति गाउँखाने कथाहरूको सङ्कलन रहेको छ ।[११]

श्यामप्रसाद तिवारीको **पर्वत जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन** (२०६३) शीर्षकको शोध पत्र त्रि.वि. नेपाली स्नातकोत्तर नेपाली केन्द्रीय विभागमा रहेको छ । चार

---

८ देवदत्त भट्ट, **बैतडेली गाउँखाने कथाके अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, ( काठमाडौंः नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०५५) ।

९ शम्भुप्रसाद कोइराला, **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, (बिराटनगरः धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५) ।

१० चूडामणि बन्धु, नेपाली लोकसाहित्य, (काठमाडौं : एकता प्रकाशन, २०५८) ।

११ शिवप्रसाद पौड्याल, **नेपाली गाउँखाने कथा कोश**, (गुल्मीः सुशिल पौड्याल र श्रद्धा पौड्याल, २०६१) ।

परिच्छेदको प्रस्तुत शोध पत्रमा पर्वती जनजीवनमा प्रचलित गाउँखाने कथाको वर्गीकरण र विश्लेषण गरी ७८८ जति पर्वतेली गाउँखाने कथाका नमूना पेश गरिएको छ ।[१२]

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलको **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३) मा लोकवार्ता, लोकवार्ताविज्ञान, लोकसाहित्यशास्त्र र लोकसाहित्यको परिचय दिँदै लोकसाहित्यको विधागत वर्गीकरण र लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्काजस्ता नेपाली लोकसाहित्यका प्रमुख विधाहरूको अध्ययन प्रस्तुत गरिएको छ । यसै क्रममा गाउँखाने कथाको सैद्धान्तिक परिचय दिँदै यहाँ गाउँखाने कथाको वर्गीकरण गरिएको छ । यहाँ नेपाली गाउँखाने कथालाई माध्यमका आधारमा गद्यात्मक र पद्यात्मक, वाक्यप्रकारका आधारमा प्रश्नात्मक र अप्रश्नात्मक, संरचनाका आधारमा सरल वाक्यात्मक र जटिल वाक्यात्मक र प्रकरणात्मक, विषयवस्तुका आधारमा वस्तु, प्राणी, शरीर, व्यवसाय, उब्जनी, कार्यव्यापार र विविध, प्रकारगत आधारमा अड्को, झ्याँगा, झिट्टा र घाउटा तथा क्षेत्रीय आधारमा अड्को, झ्याँगा, झिट्टा र घाउटा गरी वर्गीकरण गरिएको छ ।[१३]

धन गिरीको **बझाङी गाउँखाने कथाको अध्ययन** (२०६५) शीर्षकको शोध पत्र त्रि.वि. नेपाली केन्द्रीय विभागमा टङ्कित अवस्थामा प्रस्तुत छ । पाँच परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रमा गिरीले परिच्छेद तीनमा नेपाली गाउँखाने कथाको परिचय र वर्गीकरण शीर्षकमा नेपाली गाउँखाने कथाको व्याख्या र विश्लेषण गरेका छन् भने परिच्छेद चारमा बझाङी गाउँखाने कथाको परिचय, वर्गीकरण र विश्लेषण गरी परिशिष्टमा बझाङी गाउँखाने कथाको वर्णानुक्रमिक सङ्कलन गर्ने क्रममा १९२ जति बझाङी भाषिका प्रधान गाउँखाने कथाहरू र केही नेपाली भाषाका प्रधान गाउँखाने कथाहरू सङ्कलन गरेका छन् ।[१४]

मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीको **नेपाली लोक साहित्यको रूपरेखा** ( २०६८) नामक कृति साझा प्रकाशनबाट प्रकाशित गरिएको छ । यस पुस्तकमा लोक साहित्यका विविध विधाको चर्चा-परिचर्चा गर्ने क्रममा छैटौं अध्यायमा लोकोक्ति शीर्षकमा

---

१२ श्यामप्रसाद तिवारी, **पर्वत जिल्लाका प्रचलित गाउँखाने कथाको अध्ययन**, अप्रकाशित शोधपत्र, (काठमाडौंः नेपाली केन्दीय विभाग, त्रि.वि. २०६३) ।

१३ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६३) ।

१४ धन गिरी, **बझाङी गाउँखाने कथाको अध्ययन,** अप्रकाशित शोधपत्र, (काठमाडौंः नेपाली केन्द्रीय विभाग, बि.वि., २०६

उपशीर्षकको रूपमा गाउँखाने कथाको परिचय, परिभाषा, विशेषताहरू, र वर्गीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । लेखकद्धयले गाउँखाने कथाको वर्गीकरण गर्ने क्रममा परम्परागत (अड्को, झ्याँगा, घाउटा, झिट्टा, गौडे कविता) र वैज्ञानिक ( संरचनात्मक र विषयगत ) विभाजन गरी अध्ययन गरिएको छ । विभिन्न नेपाली गाउँखाने कथालाई वर्गीकरणका विभिन्न उप-वर्गीकरणमा राखी अध्ययन गरिएको छ । ।[१५]

कपिलदेव लामिछानेको **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८) नामक कृति विवेकशील प्रकाशन प्रा.लि. काठमाडौंबाट प्रकाशित छ । उक्त पुस्तक त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको शोधप्रबन्धमा आधारित छ । यसमा क्षेत्रगत रूपमा गाउँखाने कथाहरु सङ्कलन गरी सङ्कलित गाउँखाने कथाको व्यवस्थित अध्ययन गरिएको छ । यस अनुसन्धान ग्रन्थमा गाउँखाने कथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्दै नेपाली गाउँखाने कथाको अध्ययन परम्परा, यसको लेख्य/कथ्य परम्परा, सिर्जनात्मक प्रयोग, प्रयोग सन्दर्भ, काव्यात्मक स्वरूप, भाषिक संरचना, बहुप्रचलन, विविधता, नवीनता र विश्वदृष्टि जस्ता विभिन्न कोणबाट गाउँखाने कथाको अध्ययन र विश्लेषण गरिएको छ । विशेष गरी लुम्बिनी, गण्डकी, धौलागिरी अञ्चलका विभिन्न स्थानबाट प्रत्यक्ष रूपमा जम्मा ४३८५ वटा गाउँखाने कथाहरूको सङ्कलन गरी वैज्ञानिक तरिकाले विस्तृतरूपमा व्याख्या र विश्लेषण गरिएको छ ।[१६]

नेपाली लोकसाहित्यका विभिन्न अध्येताहरूले विभिन्न कोणबाट नेपाली गाउँखाने कथाको चर्चा-परिचर्चा गरेको पाइन्छ । तर अछामी लोकसाहित्यका अन्य विधामा केही प्राज्ञिक व्यक्तित्वहरूबाट अध्ययन अनुसन्धान गरेता पनि अछामी गाउँखाने कथाको मात्र हालसम्म कसैले अध्ययन नगरेको देखिन्छ ।

## १.५ अध्ययनको औचित्य र महफ्व

गाउँखाने कथा लोकसाहित्यका विभिन्न विधाहरू मध्ये एक हो । लोकसाहित्यको जगमा नै आधुनिक लेख्य साहित्य उठेको हुँदा लेख्य साहित्यको आधारशिलाको रूपमा रहेको

१५ मोतीलाल पराजुली र जिवेन्द्र देव गिरी, **नेपाली लोकसाहित्यको रूपरेखा**, (ललितपुरः साझा प्रकाशन, २०६८) ।
१६ कपिलदेव लामिछाने, **नेपाली गाउँखाने कथाको अध्ययन**, (काठमाडौंः विवेकशील प्रकाशन प्रा. लि., २०६८) ।

गाउँखाने कथाको विषयमा अध्ययन अनुसन्धान गरिनु आफैमा एउटा औचित्यपूर्ण र महफ्वपूर्ण कार्य हो । गाउँखाने कथाका अध्ययन प्राज्ञिक अनुसन्धानमा दृष्टिले पनि महफ्व राख्दछ । त्यसैले अछाममा प्रचलित गाउँखाने कथाहरूको सङ्कलन्, वर्गीकरण एवं विश्लेषण गरी तयार पारिएको छ । अछाम जिल्लाको विभिन्न ग्रामीण भू-भागमा गाउँखाने कथामा केन्द्रित भएर आजसम्म कसैले अध्ययन नगरेकोले यो अध्ययन भावी पुस्ताका लागि मार्गदर्शक बन्न सक्नेछ । राष्ट्रिय स्तरका समेत गाउँखाने कथाको बारेमा गहन अध्ययन अनुसन्धान गर्न केही मात्रामा भए पनि योगदान पुर्‍याउनेछ । लोकसाहित्य र गाउँखाने कथाका जिज्ञासु पाठकहरूलाई पाठ्यसामग्रीका रूपमा पनि यो अध्ययन उपयोग हुनेछ ।

## १.६ अध्ययनको सीमा

नेपाली लोकसाहित्यको अमूल्य निधिको रूपमा रहदैं आएको गाउँखाने कथाको क्षेत्र ज्यादै व्यापक रहेको छ । नेपालका सबैजसो क्षेत्रमा अध्ययन गर्ने कार्य पनि भइरहेको छ । प्रस्तुत अध्ययन पत्रमा अछाम जिल्लाको क्षेत्र नं. २ अन्तर्गतका पुलेतोल्ला, बिनायक, कमलबजार, मूली, घोडासैन, तोषी, धमाली, रानीवन, तुर्माखाँद र नाडा गा.वि.स.का विभिन्न स्थानबाट गाउँखाने कथाहरूको सङ्कलन गरी परिचयात्मक अध्ययन गरिएको छ । अध्ययनका क्रममा गाउँखाने कथाको सैद्धान्तिक परिचय दिनुका साथै सङ्कलित केही गाउँखाने कथालाई संरचनात्मक र विषयात्मक आधारमा वर्गीकरण गरी नमूना समेत प्रस्तुत गरिएको छ । अर्थ स्पष्टताका लागि गाउँखाने कथाको विश्लेषण गर्ने यस अध्ययनको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

यसको अनुसन्धानका क्रममा पुस्तकालयीय र क्षेत्रीय दुवै विधिको प्रयोग गरिएको छ । यस शोधपत्रमा प्रयोग भएका लोकसाहित्यका र खासगरी गाउँखाने कथासँग सम्बन्धित सैद्धान्तिक कुराहरूको खोज पुस्तकालयीय विधिका आधारमा गरिएको छ । शोधपत्रको प्रमुख विषयसँग सम्बन्धित सामग्रीको सङ्कलन क्षेत्रीय अनुसन्धान विधिका आधारमा विभिन्न गा.वि.स.मा स्थलगत अध्ययन गरी विभिन्न स्थान, उमेर, पेशासँग सम्बद्ध व्यक्तिहरुसँग भेटघाट गरी अर्न्तवार्ता, प्रश्नोत्तर र छलफल गरिएको हो । कतिपय गाउँखाने कथाहरू अछामी जनजीवनमा घुलमिल भई प्रत्यक्षरूपमा पनि लिइएको हो ।

## १.८ शोध विधि

यस अनुसन्धानमा अछाम जिल्लाका क्षेत्र नं. २ का विभिन्न गा.वि.स. (पुलेतोल्ला, बिनायक, कमलबजार, मूली, घोडासैन, तोषी, धमाली, रानीवन, तुर्माखाँद र नाडा) बाट तथ्य सङ्कलन गरी पाइएका गाउँखाने कथाहरूको परिचय दिई वर्गीकरण गरिएको छ । त्यसैले यस शोध पत्रको विषयवस्तुका बारेमा जानकारी विवरणात्मक र परिचयात्मक विधिका आधारमा दिइएको छ ।

## १.९ शोध पत्रको रूपरेखा

प्रस्तुत शोध पत्रको रूपरेखा निम्नानुसारको छ ।

**परिच्छेद : एक** - शोधको परिचय

**परिच्छेद : दुई** - गाउँखाने कथाको परिचय

**परिच्छेद : तीन** - अछाममा प्रचलित गाउँखाने कथाको वर्गीकरण र विश्लेषण

**परिच्छेद : चार** - उपसंहार

# परिच्छेद - दुई

# नेपाली गाउँखाने कथाको परिचय र वर्गीकरण

## २.१ गाउँखाने कथाको परिचय र परिभाषा

गाउँखाने कथा समाजबाटै सिर्जित एउटा रोचक विषय हो । लोकजीवनमा सुख दुःखका क्षणमा आफ्नो इच्छापूर्ति तथा मनोरञ्जन गर्न यिनै कथाहरूको सहारा लिइन्छ । परिश्रम गर्ने अवधिमा फुर्सदको बेला बसीबियाँलो गर्दा रमाइला कुराकानी गरेर मनोरञ्जन गर्दछन् । साँझपख घरमा मझेरीमा होस् या चौंरमा, चिसो मौंसममा राति अँगेनाको वरिपरि जम्मा भएर हाँसी रमाइलोका साथ कुराकानी मैं अड्को हाल्ने र फुकाउने चलन मानवसमाजमा प्राचीन कालदेखि चल्दै आएको छ । यसमा कुरा बङ्गाएर हुन्छ कि मर्काएर, घुमाएर हुन्छ कि टेढो पारेर, जसरी भए पनि मानिसलाई रनभुल्ल पार्ने काम हुन्छ । यहि घुमाइफिराइ, बौद्धिक कसरत गरी गाउँखाने कथाको रचना भई लोकजीवन जीवित रहेको छ ।[१७]

गाउँखाने कथालाई विभिन्न भाषामा वा भाषिकामा विभिन्न नामले पुकारिन्छ । हिन्दीमा 'पहेली', अग्रेजीमा 'रिडल' नामले चिनिने गाउँखाने कथालाई नेपाली भाषामा अड्का हाल्नु, झ्याँगा थाप्नु भनिन्छ । नेपालको सुदुरपश्चिम वा कर्णाली र महाकाली अञ्चलतिर साइतर वा सातर, राउन्य वात भनिन्छ भने जुम्लातिर यसलाई कचौरा भनिन्छ । पश्चिम नेपालमा यसलाई झ्याँगा, झिट्टा र घाउटा पनि भन्ने गरिन्छ । नेपाली जनजिब्रोमा गाउँखाने कथाकै नामले बढी प्रचलित र लोकप्रिय बनेको भेटिन्छ ।[१८]

गाउँखाने कथाहरु नेपाली लोकजीवनमा दिनभरिको परिश्रमबाट हुने थकान भुलाउन र क्षणिक मनोरञ्जन दिन साथै बुद्धि परीक्षणको चमत्कार देखाउन प्रयोग गरिदै आएको देखिन्छ । यस्ता गाउँखाने कथाहरू बूढाबूढी, युवायुवती र केटाकेटी सबैमा लोकप्रिय बनेको देखिन्छ । युवायुवतीको मिल्दो जोडीमा अश्लील भाव वा प्रेम प्रदर्शनका, बूढाबूढीमा अनुभव,

---

१७ चूणामणि बन्धु, **पूर्ववत्**, पृ. ३०९ ।
१८ कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १८८ ।

धर्मकर्म र जीवनदर्शनका र केटाकेटीमा नयाँ-नयाँ साधारण किसिमका गाउँखाने कथाहरू बढी प्रचलित भएका भेटिन्छन् ।[१९]

लोकसाहित्यको विभिन्न विधाहरू मध्ये स्वरूपगत सूक्ष्मता र बुद्धि वैभवको चातुर्य देखाउने लोककथा जस्तो आख्यान नभएको लघुत्तम आकृति भएको विधा गाउँखाने कथा हो । गाउँखाने कथामा प्रश्न सोधिने वा अड्को थापिने र श्रोताले उत्तर दिने वा अड्को फुकाउनु पर्ने हुँदा लोकजीवनमा यसलाई अड्को थाप्ने पनि भनिन्छ । **प्रेहेलिका, पहेली, साइतर, अड्को, भ्याँगा, घाउटा, फिट्टा, बुभौवल र रिडेल** जस्ता गाउँखाने कथाका पर्यायवाची शब्दले गाउँखाने कथा प्रायः सबै भाषामा र भाषिकाहरुमा प्रचलित देखिन्छ । प्राचीन समयदेखि बुद्धिबिलासका निम्ति प्रयोग गरिदैं आएको गाउँखाने कथा हिजोआज प्रचलित हाजिरीजवाफको प्राचीन स्वरूप हो ।[२०]

गाउँखाने कथा मानव समाजमा अलिखित रूपमा युगौंदेखि चल्दै आएको अमूल्य साभा सम्पत्तिको रूपमा रहेको पाइन्छ । गाउँखाने कथा लोक समाजको शोभा हो जुन लोक जीवनमा बौद्धिक र प्रतीकात्मक अभिव्यक्तिका माध्यमबाट प्रस्तुत गरिन्छ । गाउँखाने कथा भन्ने बित्तिकै हाम्रो मस्तिष्कमा अड्कोको रूपमा प्रश्नहरू तेर्सिन्छन् जसले मनोरञ्जन दिनुका साथै बौद्धिक कसरत पनि हुने गर्दछ । गाउँखाने कथा के हो ? र यसको स्वरूप कस्तो हुन्छ ? भन्ने बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नो परिभाषा दिएका छन् । ती निम्नानुसार छन्:[२१]

'प्रहेलिका तु सा ज्ञेया वच संवृत्ति कारियत ।'
(मुख्य रहस्य लुकाउने रमाइलो रचना प्रहेलिका हो ।) - दण्डी

'कुनै वस्तुको वर्णन गर्दा अप्राकृतिकद्धारा प्राकृतिक सङ्केत हुन्छ भने त्यो गाउँखाने कथा हो ।' - सत्येन्द्र

---

१९ शिवप्रसाद पौड्याल, पूर्ववत्, पृ. १ ।
२० मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, **पूर्ववत्,** पृ. ३२२-३२३ ।
२१ शिवप्रसाद पौड्याल, **पूर्ववत्,** पृ. १ ।

'वक्ताले प्रश्नका रुपमा अड्को हाल्ने र श्रोताले नाउँमात्रको गाउँ दिएपछि अड्को फुकाउने कथालाई गाउँखाने कथा भनिन्छ ।' -नेपाली बृहत शब्दकोश

'गाउँघरमा मानिसहरूको मामुली उद्‌गार भए पनि अर्थपूर्ण र समस्या पूर्तिको रूपमा बनेर सबैको सामु खडा हुने रमाइलो भनाई गाउँखाने कथा हो ।' - सत्यमोहन जोशी

'जनसमक्ष आफ्नो भनाईलाई कुट तथा बाङ्गो टिङ्गो बनाएर प्रस्तुत गरी उत्तर खोज्ने कला गाउँखाने कथा हो ।' - धर्मराज थापा र हंसपुरे सुवेदी

'नाममात्रको कथा अर्थात कथानक नभएको एउटा सूक्ष्म र पातलो सङ्केत दिने शब्दार्थ गाउँखाने कथा हो ।' - कृण्णप्रसाद पराजुली

'वक्ताद्धारा बौद्धिक तवरले प्रस्तुत गरिएका कुट प्रश्न र श्रोताले तार्किक तरिकाले दिने उत्तरको समष्टि नाम गाउँखाने कथा हो । यसको मूल उद्देश्य बुद्धि बिलास र मनोरञ्जन दिनु रहेको छ ।' - मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी[२२]

'गाउँखाने कथाहरू प्रश्न बनेर समस्या पूर्तिका रूपमा तेर्सिने प्रतीक रूपका रहस्यात्मक कथन हुन् । बौद्धिक परीक्षणका रूपमा प्रयोग गरिने गाउँखाने कथाहरू गद्य वा पद्य रूपका हुन्छन् ।' - शिवप्रसाद पौड्याल[२३]

'एक पक्षले समस्या वा प्रश्न राख्ने र अर्को पक्षले त्यसको उत्तर दिने वा उत्तर दिन नसके गाउँ दिने र प्रश्नकर्ताले नै आफूले राखेको समस्या वा प्रश्न फुकाउने लोकसाहित्यको मनोरञ्जन बौद्धिक कसरत हुने रचना गाउँखाने कथा हो ।' - कपिलदेव लामिछाने[२४]

---

२२ मोतीलाल पराजुली र जीवेन्द देव गिरी, **पूर्ववत्**, पृ. २३४ ।
२३ शिवप्रसाद पौड्याल, **पूर्ववत्**, पृ.१७ ।
२४ कपिलदेब लामिछाने, **पूर्ववत्**, पृ. २७ ।

उपर्युक्त परिभाषाहरुलाई समष्टिगत रुपमा हेर्दा निम्नानुसारको निष्कर्षमा पुग्न सकिन्छ, लोक जनजीवनमा बढी प्रचलित, बालक बूढाबूढी, आईमाईहरूबाट बढी मन पराइने मनोरञ्जन, बसीबियाँलो तथा बौद्धिक परीक्षणका रूपमा चोटिलो, सरल भाषामा घुमाउरो र प्रतीकात्मक रूपमा प्रस्तुत गरिने आधुनिक हाजिरी जवाफको परम्परागत स्वरूपलाई गाउँखाने कथा भनिन्छ ।

## २.२ गाउँखाने कथा र उखान

लोकसाहित्य विगत र वर्तमान या इतिहासलाई भविष्यसम्म पुर्‍याउने सहज र सरल अभिव्यक्ति हो । लोकको आँसुको अर्थ हाँसोको आशय र समस्याको मर्म बुझ्न तथा बुझाउन पनि लोक साहित्यले सञ्जीवनीको कार्य गर्दछ । लोकसाहित्यका विभिन्न विधाहरू मध्ये उखान र गाउँखाने कथाको महफ्वपूर्ण  स्थान रहेको छ । लोकसाहित्यका यी दुबै विधामा प्रतीकात्मकता, खिरिलोपना, लोकजीवनका खारिएका यथार्थता जस्ता विशेषताहरू समान रहनु साथै संरचनात्मक ढाँचा पनि एउटै जस्तो हुन्छ । तर यी दुबै विधा प्रकार्यात्मक दृष्टिले नितान्त फरक बिषय हुन् । नेपाली उखानहरू प्राय विचारमूलक र चिन्तनशील तथा सुत्रात्मक हुन्छन् । यसमा पूर्वजहरूको अनुभव र व्यवहारिक वास्तविकता पनि झल्किएको हुन्छ । उखानले भन्न खोजेको कुरालाई प्रष्ट पार्छ भने गाउँखाने कथाले भ्रम पार्छ । उखानले दुई विपरीतात्मक तत्वहरू बीचको विषयवस्तुबाट समस्याको समाधान हुन सक्छ र नहुन सक्छ तर गाउँखाने कथामा समस्याको समाधान हुन्छ ।

उखान र गाउँखाने कथा दुबै लोकोक्ति हुन् । यी दुबै विषय रूप, प्रस्तुतिका दृष्टिमा भिन्न हुनुका साथै उखान सुत्रवद्ध र भाव घनिभूत रहन्छ भने गाउँखाने कथा चाँहि बुद्धि तर्कका फाँटमा विकसित हुने भएकाले यसको प्रयोग मूल कथ्य क्षेत्रमा नै हुन्छ । उखान प्राय व्यञ्जनात्मक अर्न्तगत हुन्छ भने गाउँखाने कथा सङ्केतमूलक प्रतीकात्मक कथन र उत्तरका प्रक्रियामै टुगिन्छ । उखानभित्र लोकजीवनमा गुजारा चलाउन बसेका नरनारीहरूको विवेक र मार्ग दर्शन राम्ररी प्रस्तुत भएको हुन्छ भने गाउँखाने कथाहरूमा भने मनोरञ्जनात्मकता मात्र होइन, हामीले गर्ने कर्तव्य पनि जगजगाएको हुन्छ ।[२५]

---

२५ कृष्णप्रसाद पराजुली, **पूर्ववत्**, पृ १७७ ।

गाउँखाने कथा र उखानमा आकारप्रकारमा छोटा र लघुकाय हुन्छन् भने स्वरूपले छोटाछरितो हुन्छन् । संरचनात्मक दृष्टिले पनि यी लोकसाहित्यका उपविधाहरू समान देखिए पनि प्रयोजनका दृष्टिले, विशेषताका आधारमा, कथन ढाँचाका आधारमा यी दुबै विधा अत्यन्त स्वतन्त्र र नितान्त पृथक छन् ।

## २.३ गाउँखाने कथाको विशेषताहरू

नेपाली लोकसाहित्यका क्षेत्रमा गाउँखाने कथा रमाइलो विषय भएकाले लोकजीवनमा यस विधाले फुर्सदको समयमा दोस्त दौंतरीलाई भेला गर्ने, आईमाई केटाकेटीलाई मनोरञ्जन दिने, अड्को थाप्ने र सुख-दुःखका अनुभूतिहरूलाई आदान प्रदान गर्न सहयोग पुर्‍याएको पाइन्छ । कुनै वस्तुलाई सङ्केत गरी कुशलतापूर्वक ठिक्क उत्तर मिल्नु यसको विशेषता हो । यसले बुद्धि तीव्र पार्नुका साथै हाजिरी जवाफ प्रतियोगिताका निम्ति चनाखो र पोख्त बनाउँछ ।

गाउँखाने कथाले जीवनका विभिन्न पक्षका गुण र रहरलाई खोतल्दै लोकजीवनलाई रसमय बनाई मनोरञ्जन प्रदान गर्दछ । कुनै-कुनै गाउँखाने कथाको प्रस्तुति अश्लील तर उत्तर श्लील हुने हुदाँ हाँसोका पर्रा नछुट्ने कुरै भएन । गाउँखाने नेपाली लोकजीवनमा आफ्नै विशिष्ट किसिमको स्थान ओगटेको पाईन्छ । आफ्नो दैनिक कार्यमा मेलापात, घाँसदाउरा, कुटोकोदालो र भीरपाखा चाहार्ने क्रममा लोकजीवनमा बसोबास गर्ने मानिसहरूले प्रयोग गर्ने आकर्षक उद्गार नै गाउँखाने कथाहरू हुन् । यिनै उद्गारहरुको विशेषताहरूलाई विभिन्न विद्वान्हरूबाट आ-आफ्नो शैलीमा उल्लेख गरेको पाइन्छ ।

कृण्णप्रसाद पराजुलीको नेपाली उखान र गाउँखाने कथा नामक पुस्तकमा नेपाली गाउँखाने कथाका विशेषताहरू यस प्रकारका पाइन्छन्: मनोरञ्जन, खिरिलोपना, बौद्धिकता र प्रतीकात्मकता ।[२६] लोकसाहित्यका अर्का अध्येता शम्भुप्रसाद कोइरालाले गाउँखाने कथाको विशेषताका बारेमा निम्न लिखित बुँदा उल्लेख गरेका छन् ।[२७]

२६ कृण्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १९१-१९३ ।
२७ शम्भुप्रसाद कोइराला, **पूर्ववत्**, पृ., १३७ ।

१. गद्य र पद्य दुवैमा हुन्छ ।

२. वाणी विलास र बुद्धि परीक्षण गर्दछ ।

३. जीवनका विविध पक्षको उल्लेख गर्दछ ।

४. नयाँ नयाँ शब्दको बोध गराउँछ ।

५. स्वस्थ मनोरञ्जन दिन्छ ।

६ .विभिन्न विषयवस्तुमा आधारित हुन्छ ।

७. आलङ्कारिक चमत्कारले भरिपूर्ण हुन्छ ।

मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीका अनुसार गाउँखाने कथाका विशेषताहरू निम्नानुसार छन्: बौद्धिकता, प्रतीकात्मकता, संक्षिप्तता, मनोरञ्जनात्मकता ।[२८] कपिलदेव लामिछानेले नेपाली गाउँखाने कथा नामक पुस्तकमा मौखिकता, पारम्परिकता, सामूहिकता, परिवर्तनशीलता र गतिशीलता, सरलता र सहजता, रचनाकारको अज्ञानता, छोटोछरितोपना, प्रश्नोत्मकता, प्रश्नोतरात्मक अभिब्यक्ति, रुपकात्मकता, उपमानमूलमकता, निरर्थक शब्दको समावेशन, कूटकथनात्मकता, उत्तरको रुढता, प्रस्तोताको हाँक, कल्पनाशीलता जस्ता गाउँखाने कथाका विशेषताहरू हुन्छन् भनी उल्लेख गरेका छन् ।[२९] उपर्युक्त विभिन्न विद्वान्हरूका आधारमा गाउँखाने कथाका विशेषताहरूलाई निम्नानुसारका बुँदामा चिनाउन सकिन्छ ।

### २.३.१ मनोरञ्जन

गाउँखाने कथाले दिनभरिको परिश्रमबाट थकित भएका मान्छेलाई कलात्मक पाराले आनन्द प्राप्त गराउने हुँदा मनोरञ्जन गाउँखाने कथाको प्रमुख विशेषता हो । एउटाले अर्कोलाई प्रश्न गर्दा र उत्तर दिदाँ नौलो अनुभूति भएको ठानी आनन्दित हुन्छन् । गाउँखाने कथा घुमाउरो पाराले भनी अट्काउदा, उत्तर श्रोताले दिन नसकेमा अझ फेरि व्यङ्ग्य गरिँदा अझै मनोरञ्जन हुने गर्दछ । बालबालिकालाई मनोरञ्जनका माध्यमबाट बौद्धिक ज्ञान दिन, कामबाट थकित युवा र प्रौढहरूलाई आनन्द प्रदान गर्न गाउँखाने कथाहरु प्रस्तुत

---

२८ मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, **पूर्ववत्**, पृ., ३२४-३२५ ।
२९ कपिलदेव लामिछाने, **पूर्ववत्**, पृ., ४३-५० ।

गरिने भएकाले मनोरञ्जनात्मकता यसको महफ्वपूर्ण विशेषता हो, जस्तैः

तल्लो घरका बूढीको पाथी जत्रो चाक,

माथिल्ला घरका बूढाले उठी उठी जाक । –क्या हो ? –ढिकी कुटेको ।

तामाको गाग्रीको काठको बिर्को । –क्या हो ? –खुर्सानी ।

### २.३.२ खिरिलोपन

गाउँखाने कथाको यो अर्को विशेषता हो । गाउँखाने कथा एकै बसाइमा धेरै पढ्न सकिने र सुन्न सकिन्छ । यिनी साना आकारका भएर पनि परिपुष्ट र खँदिला हुन्छन् । यसका लागि समयको कुनै व्यवस्था नगरिकनै हिड्दा हिड्दै थुप्रै गाउँखाने कथाहरु भन्न सकिन्छ । अनुप्रासको छटा र लयात्मकता पाइने भएकाले कथामा अझ मीठो र छरितोपना पाइन्छ , जस्तैः

सुरिलो रूखका खिरिलो पात,

आए जन्ती खातै खात । –क्या हो ? –केरा ।

### २.३.३ बौद्धिकता

मानव बौद्धिक प्राणी हो । आफ्नो समय व्यतित गर्नका लागि मनोरञ्जनका अन्य साधन उपलब्ध नभए एक ब्यक्तिले अर्काको बुद्धि परीक्षण गर्ने काम यिनै गाउँखाने कथाको माध्यमबाट गरिन्छ । हाजिरी जवाफ जस्तै गाउँखाने कथामा उत्तर पाउने आशा राख्न सकिन्छ । गाउँखाने कथा रहस्यात्मक हुन्छ । यसको रहस्य खोतल्न बौद्धिकता तिखार्नु पर्ने हुन्छ । यसबाट ब्यक्तिको सोच्ने र विचार गर्ने शक्तिका तिव्रता आउँछ । जस्तैः

चार चुच्चे, मुख बुच्चे,

पानी खान्छे, घाममा सुत्छे । –क्या हो ? –रूमाल ।

तीन मान्छे, उन्तीस आखाँ । –क्या हो ? –ब्रह्मा, शुक्राचार्य र रावण ।

### २.३.४ प्रतीकात्मकता

गाउँखाने कथाको मूल आधार प्रस्तुतबाट अप्रस्तुत तर्फको सङ्केत हो । यसमा कथालाई घुमाइफिराइ भनिने हुनाले सोझो उत्तर हुने गर्दछ । गाउँखाने कथाको उत्तर दिनका निम्ति बुद्धि तिखार्नु पर्ने हुन्छ । अनुमानित उत्तरका भरमा नरहेर प्रतीकात्मक उत्तर

ठम्याउनु यसको विशेषता हो । प्रकृत्ति र मानवका विभिन्न पक्षहरु र हामीले जीवनमा भोगेका, देखेका र सुनेका कुराहरूलाई यसले प्रतीकको माध्यमबाट नै अभिव्यक्त गरिन्छ । यसरी लोक जीवनले अनुभूति गरेका प्रत्येक वस्तुलाई प्रतीकको माध्यमले व्यक्त गर्नुमा गाउँखाने कथाको निजी विशेषता रहेको छ । जस्तैः

सानो सानो दह, सिन्का परे नरह । – क्या हो ? –आखाँ ।

डोब आउँछ, किलो आउँदैन । –क्या हो ? –ऐंसेलु ।

### २.३.५ मौखिकता

मौखिकता अर्थात अलिखित हुनु लोकसाहित्यको जस्तै गाउँखाने कथाको विशेषता हो । गाउँखाने कथाको यही मौखिक वा श्रुतिपरम्परामा एक समूहबाट अर्को समूहमा, एक स्थानबाट अर्को स्थानमा, एक समयबाट अर्को समयमा वा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको पाइन्छ । गाउँखाने कथाको रचनाकार अज्ञात रहे पनि यो लोकसमाजको स्मृतिमा रहिरहेको हुन्छ । हाल आएर गाउँखाने कथाहरू संङ्कलन गरी लेख्य रूप प्रदान गरिए पनि गाउँखाने कथाको मूल स्वरूप अलिखित वा मौखिक हुने गर्दछ । यही गाउँखाने कथाको मौखिक विशेषताको कारणले लोकसमाजका साक्षर-निरक्षर सबैका बीचमा गाउँखाने कथा निकै लोकप्रिय रहदैं आएको छ ।

### २.३.६ प्रश्नोत्तरात्मकता

गाउँखाने कथा प्रश्न र उत्तरात्मक हन्छ । गाउँखाने कथा हाल्नेले प्रश्न राख्छ अर्थात अड्को थाप्दछ भने अर्थ फुकाउने पक्षले त्यसको उत्तर भन्दछ । प्रश्न मात्रै वा उत्तर मात्रै गाउँखाने कथा नभई गाउँखाने कथामा प्रश्न र उत्तर दुबै आएको हुनुपर्दछ । गाउँखाने कथामा एउटाले प्रश्न सोध्ने र अर्कोले उत्तर भन्नु पर्ने भएकाले संवादात्मक अभिव्यक्ति रहेको हुन्छ । जस्तैः

आज मैंले अचम्म देखें लामालामा पात,
काटीकुटी कुड्का खाएँ के हो त्यसको जात ? -उखु ।
आमा गर्भमा छँदा छोरो छाता ओढाउने । के हो ? -पिँडालु

### २.३.७ कल्पनाशीलता

कल्पनाशीलता गाउँखाने कथाको एक अर्को विशेषता हो । गाउँखाने कथामा कल्पना गरी जानेबुझेको विषय वा वस्तुका बारेमा जानेको भन्दा भिन्न तरिकाले प्रस्तुतीकरण गरिन्छ र श्रोतालाई अर्थबोधमा अप्ठ्यारो पारिन्छ । यसो गर्न कल्पनाशीलताले मुख्य भूमिका खेलेको हुन्छ । यस्तै गाउँखाने कथामा  कथा अंशको तात्पर्य यही कल्पनाले हो । गाउँखाने कथामा कल्पना समान मात्रामा भने नहुन सक्छ । कुनै गाउँखाने कथामा यसको मात्रा बढी हुनसक्छ भने कुनैमा सामान्य मात्र पनि हुनसक्छ ।

यसरी हेर्दा गाउँखाने कथामा विभिन्न विशेषता रहेका हुन्छन् । खिरिलोपन, प्रतीकात्मकता, संक्षिप्तता, मनोरञ्जनात्मकता, बौद्धिकता, मौखिकता, परिवर्तनशीलता, प्रश्नोत्तरात्मकता, कल्पनाशीलता जस्ता गाउँखाने कथाका विशेषता हुनुका साथै गद्य पद्यमा संरचित हुनु, जीवन र जगतका विभिन्न विषयवस्तुसँग सम्बन्धित रही नयाँ-नयाँ शब्दको र जीवनका विविध पक्षहरूको उल्लेख गर्नु पनि गाउँखाने कथाका विशेषताहरू हुन् ।

## २.४ गाउँखाने कथाका तफ्वहरू

गाउँखाने कथा लोकसाहित्यको छोटो छरितो आयाम भएको एउटा लघुत्तम रचना हो । यो एक लघुकाय रचना भएपनि यसको निर्माणमा पनि विभिन्न तफ्वहरू रहेका हुन्छन् जसलाई यसका संरचक तफ्व पनि भन्न सकिन्छ । गाउँखाने कथालाई बनाउने वा अस्तित्वमा ल्याउने मूल कारक वा उपकरण गाउँखाने कथाका तफ्व हुन् किनभने कुनै रचनाका लागि उसका कारक तफ्वका आवश्यकता पर्दछ नै, अर्थात अवश्य नै हुने गर्दछन् । गाउँखाने कथाका तफ्वका बारेमा लोकसाहित्यका अध्येताहरूले विस्तृतरूपमा विश्लेषण नगरे पनि कपिलदेव लामिछानेले नेपाली गाउँखाने कथाको अध्ययन नामक कृतिमा कथ्य वा, वर्ण्यविषय, अड्को वा प्रश्न, भाषा, कथन ढाँचा शैली र उद्देश्य गाउँखाने कथाका तफ्वहरू हुन् भनी उल्लेख गरेका छन् ।[३०] यसलाई नै आधार मानेर नेपाली गाउँखाने कथाका  निम्नानुसारका तफ्वहरू रहेका हुन्छन् ।

### २.४.१ कथ्य वा वर्ण्यविषय

३० कपिलदेव लामिछाने, **पूर्ववत्**, पृ., ३०-३५ ।

गाउँखाने कथामा कुनै न कुनै वस्तु, कार्यव्यापार वा विषयको वर्णन, विवरण वा लक्षण प्रस्तुत गरिन्छ, जसका आधारमा श्रोताले अर्थ लगाउनु वा उत्तर दिनुपर्ने हुन्छ । कुनै वस्तु वा विषयको यस्तो वर्णन, कुनै कार्यव्यापारको यस्तो विवरण नै गाउँखाने कथाको कथ्य वा वर्ण्यविषय कहलाउँछ । कथ्य वा वर्ण्यविषय नभई गाउँखाने कथाको रचना हुनसक्दैन । त्यसैले कथ्य वा वर्ण्यविषय गाउँखाने कथाको आवश्यक तफ्व हो । यस्तो वर्णन सोझो, प्रष्ट र सतही हुदैन । वर्णन अलमल्याउने खालको हुन्छ । यही अलमल्याउने वर्णनबाट श्रोतालाई भ्रममा पारिन्छ ।

### २.४.२ अड्को वा प्रश्न

अड्को वा व्यवधान गाउँखाने कथाको एक प्रमुख तफ्व हो । यसलाई प्रश्न, व्यवधान र समस्या पनि भन्न सकिन्छ । गाउँखाने कथामा जब कुनै वस्तु, विषय वा कार्यव्यापारको वर्णन हुन्छ, त्यो सोझो र सतही अर्थ लाग्ने खालको हुदैन । सोझो अर्थ लाग्न वा लगाउनमा अड्को वा बाधा प्रस्तुत गरिएको हुन्छ । श्रोताले त्यस्ता अड्को वा व्यावधानलाई पन्छाएर अपेक्षित अर्थ वा वाञ्छित उत्तर वा समाधान खोज्नु पर्ने हुन्छ । कतिपय गाउँखाने कथाको संरचनाभित्र प्रश्नसूचक शब्द रहेको हुन्छ भने कतिपय गाउँखाने कथाको संरचनाभित्र प्रश्नसूचक शब्द नभए पनि गाउँखाने कथाभित्र हरहालतमा प्रश्न रहने गर्दछ । त्यसैले अड्को वा प्रश्न गाउँखाने कथाको अर्को प्रमुख तफ्व हो ।

### २.४.३ भाषा

गाउँखाने कथाको माध्यम भाषा हो । लोकभाषामा संरचित हुने गाउँखाने कथामा झर्रा, सग्ला र स्थानीय शब्दहरूको बढी प्रयोग हुन्छ । उही वस्तुलाई बुझाउने शब्द अलग-अलग स्थानमा अलग-अलग हुन सक्छन् । गाउँखाने कथा लोकसाहित्यका अन्य विधा भन्दा फरक विधा भएकाले अरु विधामा भन्दा गाउँखाने कथामा भाषा विशेष तफ्वका रूपमा रहेको हुन्छ । अन्य विधामा भाषा सामान्यतया सरल सहज हुन्छ भने गाउँखाने कथामा भाषा अल्मल्याउने घुमाउरो खालको हुने गर्दछ । यसमा प्रयुक्त हुने शब्दहरू, शब्दावली र वाक्यगठन सरल सहज र बोलीचालीको भएपनि तिनबाट प्राप्त हुने अर्थ चाहिँ सरल, सहज नभएर विशिष्ट हुने गर्दछ ।

### २.४.४ कथन ढाँचा शैली

लोकसाहित्यका अन्य विधाभन्दा गाउँखाने कथामा श्रोताहरूलाई अल्मल्याइने, वर्णनबाट भ्रम उत्पन्न गरिने भएकाले यसको कथन ढाँचा शैली फरक हुनुको साथै जटिल पनि हुन्छ । प्रश्नोत्तरात्मक कथन ढाँचा हुने गाउँखाने कथामा अभिव्यक्तिको ढाँचा भ्रमपूर्ण वर्णात्मक विवरणात्मक र कतै-कतै संवादात्मक पनि हुने गर्दछ । प्रश्नकर्ताले समस्याको रूपमा प्रश्न सोध्नु र श्रोताले गमेर उत्तर दिनु र उत्तर दिन नसके गाउँ दिनु अनि उत्तर थाहा पाउनु जस्ता यसका आफ्नै र विशिष्ट कथन शैली हो ।

### २.४.५ उद्देश्य

गाउँखाने कथाको एक अर्को संरचक तत्व उद्देश्य पनि हो । गाउँखाने कथाको मुख्य उद्देश्य मनोरञ्जन हो । यसलाई लोकमनोरञ्जनको प्रमुख साधन वा उपकरण पनि हो । त्यसैले यसमा मनोरञ्जन, बुद्धिपरीक्षा, ज्ञानसुरक्षण, लोकजीवनको धुकधुकी पनि हुन्छ । यसले बालबालिका, तरूनातन्नेरी, बूढाबूढी आदि लोकसमुदायका हरेक उमेर समूहका मानिसलाई मनोविनोद गराउँछ । यसका साथै गाउँखाने कथा सामाजिक-सांस्कृतिक अनुष्ठान सम्पादन, शिक्षा वा ज्ञानआर्जनका लागि पनि उपयोग गरिन्छ ।

## २.५ गाउँखाने कथाको वर्गीकरण

अमूल्य ज्ञानको ढुकुटीका रूपका परम्परादेखि नै लोकजीवनमा प्रचलित गाउँखाने कथाको वर्गीकरणमा पनि विभिन्न विद्धानहरूले फरक-फरक मत प्रस्तुत गरेका छन् । यसको मुख्य कारण गाउँखाने कथाको निर्माण उस्तै प्रकारले नहुनु हो । यसको निर्माण हुँदा कतिपयमा अनुप्रास मिलेको र चित्रात्मक प्रस्तुति हुन्छ भने कतिपयमा यी दुबै नहुन पनि सक्छन् । गाउँखाने कथाहरू विभिन्न विषयवस्तुसँग आधारित हुने गर्दछन् । कुनै गाउँखाने कथाहरु खेतिपातीमा आधारित हुने गर्दछन् भने कुनै गाउँखाने कथा घरायसी सरसमानसँग सम्बन्धित हुने गर्दछन् । त्यसैले गाउँखाने कथालाई रूप संरचना र विषयात्मक आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### २.५.१ संरचनाका आधारमा गाउँखाने कथाको वर्गीकरण

समाजमा प्रचलित गाउँखाने कथाको संरचनालाई हेर्दा हरेक गाउँखाने कथामा कुनै न कुनै संरचनागत फरक प्राप्त गर्न सकिन्छ । कुनैको निर्माण पदावलीले मात्र भएको हुन्छ भने कुनै कर्ता, कर्म, क्रिया सहित पूर्ण वाक्यमा स्तरीय संरचना बनेका हुन्छन् । त्यस्तै गरी कुनै गाउँखाने कथाहरू लय मिलाएर गाउन मिल्ने पदावलीमा अनुप्रासमा मिलेका हन्छन् भने कुनै चाहिँ कर्णप्रिय तथा समधुर नभइ गद्य वाक्यमा सोधिएका हुन्छन् । यसरी नेपालका विभिन्न विद्वान्हरूले निम्नलिखित तरिकाले गाउँखाने कथाको वर्गीकरण गरेका छन् ।

कृष्णप्रसाद पराजुलीले संरचनाका आधारमा प्रचलित गाउँखाने कथालाई आकारप्रकारगत, अनुप्रासयुक्त, लयात्मक, उपमामूलक र प्रश्नात्मक गरी वर्गीकरण गरेका छन्[३१] भने शिवप्रसाद पौड्यालले गाउँखाने कथालाई अड्को, अर्न्तलापि, बर्हिलापि, झिट्टा, गौडेगीत, झ्यागा, घाउटा जस्ता प्रकारमा विभाजन गरी रूप-संरचनाका आधारमा पदावलीका रूपमा क्रियापदयुक्त, क्रियापदरहित, तुकबन्दीयुक्त, तुकबन्दीरहित, अनुप्रासमूलक, मिश्रवाक्य, वाक्यात्मक, प्रश्नमूलक, अनेकपदीय, लयात्मक र कवितात्मक गरी वर्गीकरण गरेका छन् ।[३२] त्यस्तै विद्वान्द्धय मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीले परम्परागत र वैज्ञानिक स्वरूपमा विभाजन गरी संरचनाका आधारमा वाक्यांश, वाक्यस्तरीय, गीति र कवितात्मक गाउँखाने कथालाई वर्गीकरण गरेका छन् ।[३३] उपर्युक्त विभिन्न विद्वान्हरूले गरेको वर्गीकरणलाई आधार मानी नेपाली गाउँखाने कथालाई संरचनाका आधारमा निम्नलिखित वर्गीकरणमा राखेर अध्ययन गर्दा उपयुक्त हुनसक्छ ।

#### २.५.१.१ आकारप्रकारगत

यसको आधारमा हेर्दा गाउँखाने कथाको आकारलाई बढी महफ्व दिइन्छ । आकारप्रकारका आधारमा गाउँखाने कथाको वर्गीकरण गर्दा गाउँखाने कथामा प्रयोग भएको

---

३१ कृष्णप्रसाद पराजुली, **पूर्ववत्** पृ.१९५-१९६ ।
३२ शिवप्रसाद पौड्याल, **पूर्ववत्**, पृ.४८-६२ ।
३३ मोतीलाल पराजुली, **पूर्ववत्**, पृ. ३२६-३२९ ।

वाक्यको अंश, वाक्यका आधारमा हेर्न सकिन्छ । जस्तैः

एक भाइका चार खुट्टा । –खाट (वाक्यांश)

डोब आउँछ, किलो बसिरहन्छ । –ऐंसेलु (वाक्यात्मक)

### २.५.१.२ अनुप्रासयुक्त

यो वर्गमा अनुप्रास मिलेका गाउँखाने कथाहरू आउँछन्, जस्तैः

यो मेरो टेक्ने, यो मेरो छेक्ने
परी आएको बेला मजाले सेक्ने । –लौरो

अड्काम पड्काम, तेरो बाबुको टुपी पड्काम क्या हो ? –जुँगा ।

इलिमिलि झिलिमिलि, सात रङको झिलिमिलि क्या हो ?– इन्द्रेणी ।

### २.५.१.३ लयात्मक

लय मिलाएर गाउन मिल्ने गाउँखाने कथालाई लयात्मक वर्गमा राखेर व्याख्या गर्न सकिन्छ । यसमा गीति, कवितात्मक गाउँखाने कथाहरूलाई राखेर अध्ययन गर्न पनि सकिन्छ । जस्तैः

अलकी रानी पलङमा सुत्छे
सूर्यलाई देख्दा सुटुक्क लुक्छे । –शीत ।

कवितात्मक गाउँखाने कथाः

आकाशको आगो पातालको पानी
म्वाँइ खान जाँदा चिच्याउँने बानी । –क्या हो ? –तमाखु खाएको ।

### २.५.१.४ उपमानमूलक

एउटा वस्तुसँग तुलना गर्दै अर्को वस्तुको प्रतीक प्रस्तुत गर्ने गाउँखाने कथालाई उपमामूलक गाउँखाने कथा भनिन्छ । जस्तैः

भुँ भुँ गर्छ भमरा होइन
काँधमा जनै बाहुन होइन । –चर्खा ।

रूप हेरे लट्ठी जस्तो टेक्न भन्ने हुन्न
समाउने कुरै छोडौ छुन पनि दिन्न । –सर्प ।

#### २.५.१.५ प्रश्नात्मक

सोझै सोधेको शैलीमा सोधिने गाउँखाने कथालाई प्रश्नात्मक गाउँखाने कथा भनिन्छ । जस्तैः

रूखमा बस्छ, चरा होइन, जटा छ जोगी होइन के हो ? –नरिवल ।

लहरो तान्दा पहरो थर्कने के हो ? – मही पारेको ।

गाग्राको जस्तो तामाको मानु, कुकुरको जस्तो कान

भित्र हेर्दा ताँती ताँती के हो ? जान ? –दारिम ।

### २.५.२ विषयवस्तुका आधारमा गाउँखाने कथाको वर्गीकरण

लोकसमुदायले भोग चलन गरी आएको भौगालिक क्षेत्र, प्रकृति, धरातल, वनस्पति, जीवजन्तु जस्ता विषयलाई आधार बनाएर गाउँखाने कथाको वर्गीकरण गर्न सकिन्छ । विषयवस्तुका आधारमा गाउँखाने कथाको वर्गीकरणलाई वैज्ञानिक र यथार्थपरक पनि मान्ने गरिन्छ । गाउँखाने कथामा स्थूल प्रकृत्ति वा विश्व ब्रह्माण्ड तथा लोकसमुदायका विधि व्यवहार, पशुपन्छी तथा जीवजन्तु, मानव र मानव शरीरका अङ्गप्रत्यङग, प्राकृतिक र कृषिजन्य वनस्पति, मानवद्धारा निर्मित परम्परागत र नवीन वस्तु, आजीविका वा व्यवसाय, भेष-भूषा र आभूषण, खाद्यपदार्थ, कार्यव्यापार तथा समाज र संस्कृतिका सम्बन्धमा लोकको हेराइ बुझाइ र सोचाइ प्रस्तुत भएको पाइन्छ । त्यसैले विषयवस्तुका आधारमा विभिन्न विद्वान्हरूले विभिन्न दृष्टिकोणले वर्गीकरण गरेका छन् ।

कृण्णप्रसाद पराजुलीले विषयवस्तुका आधारमा गाउँखाने कथालाई घरेलुजीवन, कृषि, शरीरका अङ्ग, प्रकृति र विविध विषयहरूसम्बन्धी गरी वर्गीकरण गरेका छन् ।[३४] चूडामणि बन्धुले कृण्णप्रसाद पराजुलीका झैं कृषिसम्बन्धी, प्रकृतिसम्बन्धी र मानवनिर्मित गरी विषयवस्तुका आधारमा वर्गीकरण गरेका छन्[३५] भने मोतीलाल पराजुलीले पनि प्रकृतिसम्बन्धी, जीवजन्तु र तिनका अङ्गसम्बन्धी, पेशा व्यवसायसम्बन्धी र नवनिर्मित

३४ कृण्णप्रसाद पराजुली, **पूर्ववत्**, पृ., १९९-२०१ ।
३५ चूडामुणि बन्धु, **पूर्ववत्**, पृ., १५२ ।
३६ मोतीलाल पराजुली, **पूर्ववत्**, पृ.३३०-३३३ ।
३७ कपिलदेब लामिछाने, **पूर्ववत्**, पृ २९०-३२८ ।

वैज्ञानिक उत्पादनसम्बन्धीका आधारमा वर्गीकरण गरेका छन् ।[३६] कपिलदेव लामिछानेले पूर्ववर्ती विद्वानहरूका भन्दा फरक तरिकाले गाउँखाने कथाको वर्गीकरण गरेका छन् । उनले नेपाली गाउँखाने कथाको वर्गीकरण गर्ने क्रममा नेपाली गाउँखाने कथामा विश्वदृष्टि शीर्षक राखी प्रकृति वा विश्व-ब्रहमाण्डसम्बन्धी, पशुपन्छी तथा जीवजन्तुसम्बन्धी, मानवसम्बन्धी, प्राकृतिक वनस्पतिसम्बन्धी, कृषिजन्य वनस्पतिसम्बन्धी, परम्परागत वस्तुसम्बन्धी, नवीन वस्तुसम्बन्धी, आजीविकासम्बन्धी, भेषभूषा र आभूषणसम्बन्धी, खाद्यपदार्थसम्बन्धी, कार्यव्यापारसम्बन्धी, समाज र संस्कृतिसम्बन्धी भनी विषयवस्तुका आधारमा गाउँखाने कथाको वर्गीकरण गरेका छन् ।[३७] उपर्युक्त विद्वान्हरूले विषयवस्तुका आधारमा गरेको गाउँखाने कथाको वर्गीकरणलाई आधार मानी निम्नलिखित विषयवस्तुका आधारमा गाउँखाने कथालाई वर्गीकरण गर्न सकिन्छ ।

### २.५.२.१ प्रकृत्ति वा विश्व ब्रह्माण्डसम्बन्धी गाउँखाने कथा

लोकजीवन जहाँ बसोवास गर्दछ त्यहीँको हावापानी, माटो, वातावरणमा हुर्किएको हुन्छ । आफूले देखेको वा आफ्नो क्षमताले विश्व ब्रह्माण्डसम्मको ज्ञान भए बमोजिम गाउँखाने कथा निर्माण गरिएका हुन्छन् । लोकजीवनमा मानिसले ब्रह्माण्डका प्राकृतिक वस्तुहरू जस्तैः आकाश, शीत, असिना, चन्द्र, सूर्य, छाँया, तारा, आगो, पानी, अँध्यारो, धुँवा, बादल आदिलाई गाउँखाने कथाका माध्यमले मनोरञ्जन, बुद्धि परीक्षण गर्न प्रयोगमा ल्याएको पाइन्छ, जस्तैः

आकाशको फल पातालमा झर्‍यो,
झर्नेबित्तिकै बिलाई मर्‍यो । के हो ? -असिना
खान्छ मुढो, बनाउँछ धुलो । के हो ? -आगो
अरूले देख्ने, घामले नदेख्ने । के हो ? -अँध्यारो

### २.५.२.२ पशुपन्छी तथा जीवजन्तुसम्बन्धी

पशुपन्छी तथा जीवजन्तु वा प्राणी प्रकृतिका जीवन्त वस्तुलाई अछामी लोकजीवनमा गाउँखाने कथाका रूपमा निर्माण गरिएका छन् । त्यस्ता गाउँखाने कथा अछामी

जनजीवनमा पाइने स्थलचर, जलचर, चराचुरूङ्गी, सरीसृप, कीटपतङ्ग, उभयचर जस्ता जीवजन्तुहरूका सम्बन्धमा नेपाली गाउँखाने कथा रूपमा प्रकट भएका छन् । जस्तैः

अगाडि शङ्ख, पछाडि पङ्ख । के हो ? -कुकुर

सबैको लक्ष्मी साँढेकी जोई,
यो कथा नजान्ने लाटीको पोई । के हो ? -गाई

हिड्दै छ, बाटो लिप्दै छ । के हो ? -चिप्लेकिरा

### २.५.२.३ मानवसम्बन्धी

लोकसमुदायको आफ्नो सिर्जना गाउँखाने कथामा मानव, मानव शरीर, अङ्गप्रत्यङ्ग, शारीरिक विकार र शारीरिक अवस्थाका बारेमा विभिन्न प्रतीकात्मक नाम तथा रूप दिएर प्रस्तुत गरिएका हुन्छन् । यस्ता गाउँखाने कथालाई मानवसम्बन्धी गाउँखाने कथाभित्र समेटिएको पाइन्छ, जस्तैः

कालो ओडारमा सेता जन्ती । के हो ? -दाँत

धनीले राख्छन्, गरिबले फाल्छन्, केटाकेटीले खान्छन् । के हो ? -सिँगान

एउटा फर्सीका सातवटा झ्याल ढोका । के हो ? -टाउको

### २.५.२.४ प्राकृतिक वनसम्बन्धी

लोकसमुदायले आफ्नो वरिपरि रहेको प्राकृतिक वनस्पतिहरू ऐंसेलु, ओखर, चुत्रा, टिमुर, भलाया, टाटा, रिठो, अमला, सिउँतो, सल्लो, सिस्नो जस्तालाई विभिन्न प्रतीकका माध्यमले सरल र सहज तरिकाले गाउँखाने कथाको निर्माण गरेका हुन्छन् । यस्ता बोटबिरूवा भीरपाखा, वनजङ्गलमा आफैं उम्रिन्छन् जसको लोकसमुदायबाट विभिन्न प्रयोजनको लागि प्रयोग, उपयोग वा भोगचलन हुने गर्दछ, जस्तैः

सुरिलो रूखका सिन्का जत्रा पात
पाहुना आए केमा दिने भात ? -सल्लो

सानो कसौंडीमा दुई कुड्की भात । के हो ? -कटुस

सानो सानो रूख, चढ्नमा दुःख । के हो ? -सिस्नो

### २.५.२.५ कृषिजन्य वनस्पतिसम्बन्धी

नेपाल एक कृषिप्रधान देश हो । यहाँका बहुसङ्ख्यक मानिसहरू कृषिमा नै निर्भर रहने हुनाले आफूले लगाएका या खेतिपाती गरेर हुर्काएका बोटबिरूवालाई यहाँ कृषिजन्य वनस्पति भनिएको हो । यस्ता खेतिपाती, फलफूल, अन्न बालीहरूसँग सम्बन्धित गाउँखाने कथाहरूलाई कृषिजन्य वनस्पतिसम्बन्धी गाउँखाने कथामा राखेर वर्गीकरण गरिएको छ । जस्तैः

एउटा गोरुका बत्तीस जुरा । के हो ?    -करेला

गोल घरको झ्याल न ढोका । के हो ?    -फर्सी

आकाशका तारा धर्तीमा आए,
धर्तीमा आउँदा मौरी रमाए । के हो ?    -तोरी

### २.५.२.६ परम्परागत वस्तुसम्बन्धी

लोकजीवनमा परम्परादेखि प्रयोग प्रचलन गर्दै आएका मानव निर्मित घरेलु उपयोगका वस्तुहरूलाई लोकसमुदायले आफ्नै पाराले गाउँखाने कथाको रूपमा निर्माण गरिएका हुन्छन् जुन वस्तुहरूले लोकसंस्कृतिको प्रतिबिम्बित गरेका हुन्छन, जस्तैः

जति मासु खाए पनि दुब्लाउँदै जाने ।    -अचानो

लेक जाने बाटो, ढुङ्गा न माटो ।    -लिस्नो

उँधो मुन्टे धामी, लुगलुगी कामी ।    -मदानी

### २.५.२.७ नवीन वस्तुसम्बन्धी

समाज र सभ्यताको विकाससँगै नयाँ वस्तुहरू उत्पादन भएका छन् । लोकसमुदायले तिनको प्रयोग र प्रचलन गर्दै आएको पाइन्छ । तिनका बारेका गाउँखाने कथामा जुराइ प्रयोगमा ल्याएको पाइन्छ । लोकसमाज यातायातको क्षेत्रमा बिस्तारै बामे सर्ने क्रममा भए पनि सूचना र सञ्चारको क्षेत्रमा भने फट्को मारेको देखिन्छ । विभिन्न उद्योगहरूबाट उत्पादन गरेका सामानहरू प्रयोग गर्न थालेको पाइन्छ, जस्तैः

पाङ्ग्राबिनाको मोटर लुगामाथि दौडिन्छ । के हो ?    -इस्त्री

लहरे नली, झलल्ल बली । के हो ?    -बिजुली

नाइटो अँठ्याउदा ट्वाल्ल हेर्ने । के हो ?    -टर्च लाइट

### २.५.२.८ आजीविकासम्बन्धी

लोकसमाज परम्परादेखि नै जीवन निर्वाहका लागि खेतिपाती गर्ने, पशुपालन गर्ने, कुटनपिँधन गर्ने जस्ता कार्यका सम्लग्न रहदै आएको छ । आजीविकाका लागि आवश्यक पर्ने वस्तुहरूसँग सम्बन्धित गाउँखाने कथाहरू निर्माण गरेको पाइन्छ, जस्तैः

पुच्छर थिच्दा मुन्टो उठाउने । -के हो ? -ढिकी

एकसिङे गोरु होक्काँ-होक्काँ । -के हो ? -जाँतो

आकाशमा पानी गर्भमा नानी । -के हो ? -रक्सी पारेको

### २.५.२.९ भेषभूषा र आभूषणसम्बन्धी

लोकसमुदायले परम्परादेखि प्रयोग गर्दै आएका विभिन्न भेषभूषा र आभूषणलाई गाउँखाने कथामा उनेको पाइन्छ जुन लोकसंस्कृतिका उल्लेख्य अङ्गका रूपमा रहदै आएका छन् । यस्ता गाउँखाने कथाहरू प्रायः स्त्रीका गरगहना, परम्परागत पहिरनसँग सम्बन्धित हुने गर्दछन् । जस्तैः

बार हातको लम्बा, एकै ठाउँ जम्मा । के हो ? -पटुका ।

खोलो तरेकी राती गाई, चुली पुगी भन्ज्याङ आई । के हो ? -पोते ।

हेरें तँलाई, देखेँ मलाई । के हो ? -ऐना ।

आफू छ धुलो, काम गर्छ ठुलो । के हो ? -सिन्दुर ।

### २.५.२.१० खाद्यपदार्थसम्बन्धी

लोकसमुदायले आफ्नो खानपानमा प्रयोग हुने खाद्यपदार्थलाई प्रतीकात्मकरूपमा गाउँखाने कथामा उनेर राखेको पाइन्छ । यस्ता गाउँखाने कथाहरूलाई खाद्यपदार्थसम्बन्धी गाउँखाने कथामा राखेर वर्गीकरण गरिएको छ । जस्तैः

चुलबुले टारमा बुरबुरे माटो,

हातमा लुटुपुटु मुखमा गाँठो । के हो ? -कसार

पहिले कच्याक कुचुक्क भाँडाभित्र कोच्छन्

अनि मलाई पकाएर घिच्छन् । के हो ? -गुन्द्रुक

गैरीबारी भुलभुले पानी,

झ्वाम्म खस्ता रूप फेर्ने बानी । के हो ? -रोटी (सेल)

### २.५.२.११ कार्यव्यापारसम्बन्धी

कार्यव्यापार भनेको शारीरिक र मानसिक क्रियाकलाप हो । प्राय: गाउँखाने कथामा कुनै प्रकारको वस्तुका बारेमा या कुनै प्रकारको कार्यव्यापार आएको हुन्छ नै । जस्तो हलो भनेको वस्तु हो भने हलो जोत्नु भनेको कार्यव्यापार हो । अत: मानवीय र मानवेत्तर कार्यव्यापार प्रकट हुने गाउँखाने कथालाई यस वर्गीकरणमा राख्न सकिन्छ, जस्तै:

अगाडि साल निकाल्ने, पछाडि बाच्छो जन्माउने । के हो ?  -केरा पसाएको

बाजेको लन्ठन, समाइदिन भन्छन्,

कालो हाल्छन्, सेतो झिक्छन् । के हो ?  -कोदो पिसेको

पुरुषले ठड्याउने, महिलाले मुसार्ने । के हो ?  - घर छाएको

अँधरी रानीवन, गाई हरायो खोज्न जाउँ । के हो ?  -जुम्रा हेरेको

### २.५.२.१२ समाज र संस्कृतिसम्बन्धी

सामाजिक-सांस्कृतिक मूल्य, मान्यता तथा सन्दर्भ र परिस्थितिलाई आत्मसात गरिएका गाउँखाने कथालाई यस अर्न्तगत राखी अध्ययन गरिएको छ । समाजमा विभिन्न सन्दर्भमा विभिन्न चाडपर्व, जात्रा जस्ता अवसरमा प्रयोग गर्दै आएका विभिन्न विषयसँग र वस्तुसँग सम्बन्धित गाउँखाने कथाहरु लोकसमाजले आफ्नै तरिकाले निर्माण गरेको हुन्छ । विभिन्न अवसरहरूमा लगाइने पहिरन, बजाइने बाजा, प्रयोग हुने सामाग्रीहरू, हातहतियार, साथै परम्परादेखि समाजमा प्रचलित धर्म-कर्म, विद्या र ज्ञान आदि विभिन्न लोक भनाइसँग सम्बन्धित गाउँखाने कथाहरू  हुन्छन् । जस्तै:

हिँड् काली माइत जाउँ । के हो ?  -चौँठी ।

नौं दिनमा कुना बस्छ, दसौं दिन टाउकामा चढ्छ । के हो ?  -जमरा ।

जाने जान नजाने नजान,

दुईजना सुत्दा बाइसवटा कान । के हो ?  -रावण र मन्दोधरी

जाँदाखेरि मसँगै हिँड्थ्यो, तर फर्किंदा त्यो फर्केन । के हो ? - मन्दिरमा लगेर पाठो काटेको

मानव विकासको परम्परासगैं विकास भएको गाउँखाने कथाले युगसापेक्ष विभिन्न गाउँ, भाषा, क्षेत्र र परिवेशअनुसार आफूलाई रूपान्तरण गदै आएको पाइन्छ । समाजमा

रहेको गरिबी, पीडा, शोषण र दमनलाई बिर्साएर मनोरञ्जन दिने, बौद्धिक खुबी प्रदान गर्ने तथा दक्षता प्रस्तुत गर्ने हाजिरी जवाफका रूपमा रहेको गाउँखाने कथाको विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ। संरचनात्मक वा रूपात्मक र विषयवस्तुका आधारमा गाउँखाने वर्गीकरण गर्ने कोसिस गरिएता पनि विषयवस्तुका आधारमा गरिएको वर्गीकरणलाई बढी वस्तुपरक, तथ्यपूर्ण र सरल मान्न सकिन्छ।

## १.६ गाउँखाने कथाको अध्ययन परम्परा

नेपाली लोकजीवनमा गाउँखाने कथा भन्ने र सुन्ने मौखिक परम्पराको लामो इतिहास रहेको छ तर यसको खोज अनुसन्धानको इतिहास त्यति लामो छैन । नेपाली गाउँखाने कथाको खोज अनुसन्धान र अध्ययनको थालनी गर्ने व्यक्ति नेपाली साहित्यको माध्यमिक कालका बहुमुखी व्यक्तित्व युवाकवि मोतीराम भट्ट नै हुन् । उनको **उखानको वखान र जान्ने कथा** संग्रह नामक कृति यस दिशाको पहिलो महत्त्वपूर्ण प्रयास हो तर उक्त पुस्तक हालसम्म पनि उपलब्ध नभए पनि मोतीराम भट्टले नै गाउँखाने कथालाई **जान्ने कथा** नाम दिएर गाउँखाने कथाको विषयमा अध्ययन अनुसन्धानको परम्परा थालनी गरेको पाइन्छ ।[३८] त्यसपछि विभिन्न विद्वान्, अनुसन्धानकर्ताहरूबाट गाउँखाने कथाको बारेमा अध्ययन अनुसन्धान भएको पाइन्छ । अध्ययनको सजिलाको लागि मोतीराम भट्टदेखि हालसम्मको सङ्कलन तथा अध्ययन-अनुसन्धानको परम्परालाई निम्नलिखित मुख्य तीन चरणमा राखेर हेर्न सकिन्छ ।[३९]

### १.६.१ प्रथम चरण : सुरुदेखि २०३८ सम्म

नेपाली गाउँखाने कथाको सङ्कलन तथा अध्ययन अनुसन्धान परम्पराको प्रथम चरण भन्नु सङ्कलनको चरण हो । यस चरणको सुरुवात मोतीराम भट्टको **उखानको बखान र जान्ने कथा सङ्ग्रह** (१९५२) देखि कृष्णप्रसाद पराजुलीको **नेपाली उखान र गाउँखाने कथा** (२०३९) को प्रकाशन पूर्वसम्म रहेको छ । नेपाली गाउँखाने कथाको सङ्कलन र अध्ययन अनुसन्धानको परम्परामा यो चरण प्रारम्भिक चरण हो । यस चरणमा नेपाली गाउँखाने कथाको सङ्कलन भएको छ भने अध्ययनका प्रयास पनि भएका छन् । यस

३८ शिवप्रसाद पौड्याल, **पूर्ववत्**, पृ. २५-२६ ।
३९ कपिलदेव लामिछाने, **पूर्ववत्**, पृ. ७६ ।

चरणमा भएका सङ्कलन तथा अध्ययनका कार्यलाई कालक्रममा निम्न अनुसार देखाउन सकिन्छ ।

लोकसाहित्यका केही विद्वान्हरूका अनुसार मोतीराम भट्टको **उखानको बखान र जान्ने कथा** कथाको सङ्ग्रह नामक पुस्तकमा गाउँखाने कथाहरू सङ्कलन गरिएको कुरालाई उल्लेख गरिएतापनि उक्त पुस्तक उपलब्ध नभएकाले यसका बारेमा केही भन्न सकिने अवस्था देखिँदैन । सिद्धराज ओझाको **सचित्र बालबोध** (१९९९) मा ४० भन्दा बढी गाउँखाने कथा समावेश भएका छन् । बालबालिकाको पाठ्यपुस्तकका रूपमा तयार पारिएको यस पुस्तकमा थोरै सङ्ख्यामा भए पनि पहिलोपटक केही गाउँखाने कथाहरू सङ्कलन गरिए पनि गाउँखाने कथाको अध्ययन र विश्लेषणको अभाव देखिन्छ ।

धर्मराज थापाले **गाउँखाने कथा** (२०१४) शीर्षकको लेखमा विभिन्न विषय र रूपका गाउँखाने कथाको परिचय दिँदै चौसट्ठीवटा गाउँखाने कथा पनि उदाहरणमा प्रस्तुत गरेका छन् भने अर्का लोकसाहित्यका अध्येता तथा विद्वान् सत्यमोहन जोशीले **हाम्रो लोकसंस्कृति** ( २०१४) नामक कृतिमा गाउँखाने कथाको परिचयसहित चलनचल्तीका १५ वटा गाउँखाने कथालाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन् ।

लीलासिंह कर्माको **हाम्रो लोकसाहित्य** (२०२३) मा लोकसाहित्यसम्बन्धी विभिन्न १३ वटा शीर्षकहरू रहेका छन् । उक्त पुस्तकमा कर्माले गाउँखाने कथा उपशीर्षकमा गाउँखाने कथाको छोटो चर्चा गर्दै उदाहरणका रूपमा दुईवटा गाउँखाने कथालाई अघि सारेका छन् । त्यसैगरी रामकुमार पाण्डेको **गाउँखाने कथा** (२०२६) मा १०० जति गाउँखाने कथा सङ्कलित गरिएको छन् । पाण्डेले गाउँखाने कथाको विवेचना र विश्लेषण भन्दा सङ्कलनलाई बढी महफ्व दिएका छन् ।

प्रदीप रिमालले **कर्णाली लोकसंस्कृति** खण्ड ५ (२०२८) मा कर्णाली क्षेत्रमा प्रचलित १०३ वटा गाउँखाने कथालाई सङ्कलित गरी त्यहाँ गाउँखाने कथालाई सात्तर वा साइतर भनिन्छ भनी उल्लेख गरेका छन् । रिमालले कर्णाली अञ्चलमा गाउँखाने कथाको प्रचलन र कथा भन्ने ढाँचाका बारेमा छोटकरीमा वर्णन गरेका छन् । यस कृतिमा सङ्ख्यात्मक रूपमा

गाउँखाने कथा थोरै भए पनि यसमा व्यवस्थित रूपमा गाउँखाने कथाको सङ्कलन गरी नेपाली भाषाको स्थानीय कथ्य रूपमा जस्ताको तस्तै राख्ने प्रयास गरिएको छ ।

रत्न बहादुर तमोटले **गाउँखाने कथा** (२०३३) नामक आफ्नो पुस्तकमा नेपालका विभिन्न जिल्लाबाट काठमाडौंस्थित बूढानीलकण्ठ स्कुलमा पढ्न आएका विद्यार्थीहरूबाट सोधपुछ् गरी ३०० जति गाउँखाने कथा सङ्कलन गरेका छन् । तमोटले गाउँखाने कथाको सचित्र रूप प्रस्तुत गरे पनि गाउँखाने कथाको व्यवस्थित तरिकाले अध्ययन अनुसन्धान गरेको पाइदैन ।

यसरी नेपाली गाउँखाने कथाको अध्ययन परम्पराको पहिलो चरण सङ्कलनको चरणको रूपमा रहेको छ । सुरुदेखि अर्थात मोतीराम भट्टको समयदेखि कृष्णप्रसाद पराजुलीको नेपाली **उखान र गाउँखाने कथा** (२०३९) प्रकाशन भएको समयसम्म माथि उल्लेखित लोकसाहित्यका अध्येताहरूले गाउँखाने कथाको सङ्कलन र गाउँखाने कथाका बारेका छोटा छोटा टिप्पणीहरू उल्लेख गरेका छन् । नेपाली गाउँखाने कथाको भण्डारबाट त्यति धेरै गाउँखाने कथाको सङ्कलन नगरिएता पनि यस चरणबाट नेपाली गाउँखाने कथाको थप सङ्कलन र अध्ययनमा पृष्ठभूमिको निर्माण भएको पाइन्छ ।

### १.६.२. द्वितीय चरण : २०३९ देखि २०५४ सम्म

नेपाली गाउँखाने कथाको अध्ययन परम्परामा प्रस्तुत द्वितीय चरण अध्ययनमूलक चरण हो । यस चरणमा कृष्णप्रसाद पराजुलीद्वारा लिखित नेपाली उखान र गाउँखाने कथा (२०३९) को विशिष्ट स्थान छ । यो परम्परामा लोकसाहित्यका अध्येताहरूबाट नेपाली गाउँखाने कथाको सङ्कलनका साथै अध्ययनमा पनि विशेष जोड दिइएको पाइन्छ । यस चरणको विस्तार २०३९ देखि २०५४ सम्म रहेको छ ।

कृष्णप्रसाद पराजुलीको **नेपाली उखान र गाउँखाने कथा** (२०३९) रत्नपुस्तक भण्डार, काठमाडौंबाट प्रकाशित छ । दुई खण्डमा विभाजित यो पुस्तकको पहिलो खण्डमा नेपाली उखानको परिचय, विशेषता, वर्गीकरणसहित लगभग पाँचसय पचासवटा नेपाली उखान सङ्कलन गरी प्रयोगगत नमूना प्रस्तुत गरेका छन् भने दोस्रो खण्डमा नेपाली

गाउँखाने कथाको परिचय, परम्परा, विशेषता, विश्लेषण र वर्गीकरण गरी यसले गर्ने सामाजिक, सांस्कृतिक चित्रण गर्दै अन्त्यमा बाह्र सय जति नेपाली गाउँखाने कथाको अकारादि वर्णानुक्रममा राखेका छन् । यो गाउँखाने कथाको सैद्धान्तिक अध्ययन गरिएको महफ्वपूर्ण कृति मानिन्छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीको **नेपाली लोकसाहित्यको विवेचना** (२०४१) त्रि.वि. पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित लोकसाहित्य सम्बन्धी महफ्वपूर्ण कृति हो । लेखकहरूले गाउँखाने कथा परिचय र विवेचना शीर्षकमा नेपाली गाउँखाने कथाको परिचय दिनुका साथै गद्यात्मक र पद्यात्मक रूपमा गाउँखाने कथाको परम्परा र प्रचलनको विषयमा प्रकाश पारेका छन् साथै **केही गाउँखाने कथाहरू** शीर्षक दिएर खेतिपाती र खाद्यान्न विषयक गाउँखाने कथाका पच्चीस वटा नमूना, फलफूल विषयक उनन्तीसवटा, घरेलुवस्तुसम्बन्धी एक्काइसवटा, लोकजीवनका विविधतामा रचिएका उन्चालीसवटा, कवितात्मक लयका गाउँखाने कथाका बयालीसवटा नमूना उदाहरण दिएका छन् ।

पूर्णप्रकाश नेपाल **'यात्री'** को **भेरी लोकसाहित्य** (२०४१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौंबाट प्रकाशित भेरी क्षेत्रीय नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान गरिएको महफ्वपुर्ण कृति हो । यात्रीले यस पुस्तकमा केही लोकाख्यान शीर्षकमा उखान, टुक्का, प्रहेलिकाको चर्चा गर्नुका साथै अठसट्ठीवटा भेरी क्षेत्रमा प्रचलित गाउँखाने कथाका नमूना दिएका छन् । सङ्कलित गाउँखाने कथाहरुको न त वर्गीकरण गरिएको छ न त वैज्ञानिक दृष्टिले विश्लेषण गरिएको छ तापनि नेपाली भाषाको भेरी क्षेत्रमा प्रचलित गाउँखाने कथाका नमूना दिएर उनले क्षेत्रीय भाषिकाका गाउँखाने कथाको अध्ययन र खोज अनुसन्धानको सम्भावना देखाएको छ ।

तेजप्रकाश श्रेष्ठको **अछामी लोकसाहित्य** (२०४४) काठमाडौं, रत्नपुस्तक भण्डारबाट प्रकाशित अछामी लोकसीहित्य सम्बन्धी महफ्वपूर्ण कृति हो । श्रेष्ठले अछामी जनजीवनमा प्रचलित लोकसाहित्यका विभिन्न विधाको अध्ययन अनुसन्धान गर्ने क्रममा अछामको साँचुल्लाको लेकमा प्रचलित गाउँखाने कथाको परिचय दिँदै कवितात्मक शैलीका अठारवटा र साधारण प्रश्नका रूपमा अठहत्तरवटा नमूना पेश गरेका छन् ।

मोतीलाल पराजुलीको **नेपाली लोकगाथा** (२०४९) नेपाली लोकगाथाको सङ्कलन र अध्ययनमा केन्द्रित छ । यस पुस्तकको दोस्रो शीर्षक लोकसाहित्य : विधा वर्गीकरणमा नेपाली लोकसाहित्यको विधागत वर्गीकरण गर्ने सिलसिलामा पराजुलीले गाउँखाने कथालाई लोकसाहित्यको एक प्रकारमा राखेका छन् । गाउँखाने कथाको परिचय दिँदै यहाँ हाजिरी जवाफजस्तै तीक्ष्ण बौद्धिकताको परिचायक अभिव्यक्तिका रूपमा गाउँखाने कथालाई लिन सकिने उल्लेख गरिए पनि गाउँखाने कथालाई उदाहरणको रूपमा भने प्रस्तुत गरिएको पाइँदैन ।

वासुदेव भाइसाबको **डोटेली कोश** लोकोक्ति खण्ड (२०५१) मा डोटी क्षेत्रमा प्रचलित भाषिकामा उखान, टुक्का र गाउँखाने कथाहरू सङ्कलन गरिएका छन् । भाइसाबले यस पुस्तकमा गाउँखाने कथाको सामान्य परिचय दिँदै यस क्षेत्रमा गाउँखाने कथालाई कतै **राउने बातै** र कतै **ऐना बातै** भन्ने गरेको पाइन्छ भनी उल्लेख गरेका छन् । उनले गाउँखाने कथामा कथन ढाँचाको सामान्य चिनारी दिँदै डोटी भेकमा हालिने वा भनिने गाउँखाने कथालाई (क) साँझपख वा राति घर आँगनमा हालिने वा भनिने ऐना बातै (ख) डेउडा गीत गाउँदा जात्रामा भनिने सवाल जवाफ र (ग) घुमाउरो पाराका छेलो हाल्न प्रयोग हुने अन्य सवाल जवाफ गरी तीन प्रकारमा बाँडेर जम्मा १८९ वटा गाउँखाने कथाका नमूनाहरू प्रस्तुत गरेका छन् ।

तुलसीमान श्रेष्ठको **गोरखाली लोकसाहित्य** (२०५४) मा दोस्रो खण्डको तेस्रो शीर्षक गोरखाका गद्यात्मक लोकसाहित्य अन्तर्गत लोककथा तथा **भन्ने र चिन्ने** कथालाई राखिएको छ । यसमा श्रेष्ठले गाउँखाने कथालाई भन्ने र चिन्नेकथा को रूपमा उल्लेख गर्दै गोरखामा प्रचलित गाउँखाने कथालाई बनोटका आधारमा सामान्य, पद्यात्मक र वर्णात्मक गरी तीन प्रकारमा विभाजन गरी कूल मिलाएर आठदसवटा गाउँखाने कथाका नमूना पेश गरेका छन् ।

यसरी यस दोस्रो चरणमा नेपाली गाउँखाने कथाका क्षेत्रमा अध्ययनमूलक कार्य भएका छन् । कृष्णप्रसाद पराजुलीको नेपाली उखान र गाउँखाने कथा (२०३९) को प्रकाशन

देखि २०५४ सम्म माथि उल्लेखित लोकसाहित्यका अध्येताहरू भन्दा बाहेक अन्य लेखकहरूबाट पनि विभिन्न लेखहरू मार्फत गाउँखाने कथाका बारेमा अध्ययन अनुसन्धान गरेको पाइन्छ । यस चरणमा पहिलो चरणको भन्दा गाउँखाने कथा धेरै सङ्कलन हुनुका साथै गाउँखाने कथाका बारेमा व्यवस्थित अध्ययनको थालनी भएको पाइन्छ ।

### १.६.३. तृतीय चरण : २०५५ देखि यता

यो चरण अध्ययन अनुसन्धानको चरण हो । देवदत्त भट्टद्वारा २०५५ मा त्रि.वि. नेपाली विभागमा स्नातकोत्तर तहको शोधपत्र प्रस्तुत भएबाट गाउँखाने कथाको औपचारिकरूपमा शोधखोज र अनुसन्धान हुन थालेको दखिन्छ । यसको परम्परामा यस्ता अन्य शोधपत्रहरू पनि देखा परेका  छन् । यस चरणमा नेपाली गाउँखाने कथाका फाँटमा भएका कार्यका केही विवरण निम्नअनुसार प्रस्तुत गरिएको छ ।

देवदत्त भट्टको **बैतडेली गाउँखाने कथाको अध्ययन** शीर्षकको शोध पत्र त्रि.वि. नेपाली स्नातकोत्तर (२०५५) नेपाली केन्द्रीय विभागमा टङ्कित अवस्थामा प्रस्तुत छ । पाँच परिच्छेदमा विभाजित प्रस्तुत शोध पत्रको तेस्रो परिच्छेदमा गाउँखाने कथाको परिचय र वर्गीकरण, चौथों परिच्छेदमा बैतेडेली गाउँखाने कथाको परिचय र वर्गीकरण, पाचौं परिच्छेदमा शोध निष्कर्षसहित परिशिष्टका रुपमा एक सय चौरानब्बे बैतेडेली गाउँखाने कथाको सङ्कलन गरिएको छ ।

**नेपाली साहित्य कोश** (२०५५) ईश्वर बरालद्धारा सम्पादित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाडौंबाट प्रकाशित यस पुस्तकमा नेपाली लोकसंस्कृति र लोकसाहित्यको चर्चा गर्ने क्रममा गाउँखाने कथाको परिचय सहित छ वटा नमूना उदाहरणको रुपमा दिइएको छ ।

देवीप्रसाद वनवासीको **आँधीखोले लोकसंस्कृति** (२०५५) मा स्याङ्जा जिल्लाको आँधीखोलाको सेरोफेरोमा प्रचलित लोकसंस्कृति, लोककथा, उखान आदिको अलगअलग शीर्षकमा चर्चा गरिएको छ । त्यसै क्रममा वनवासीले गाउँखाने कथालाई गाउँ दिने कथा भन्दै त्यस क्षेत्रमा प्रचलित करिब ६० वटा गाउँखाने कथाका नमूनाहरू प्रस्तुत गरेका छन् ।

यो कृति गाउँखाने कथामा केन्द्रित नभए पनि गाउँखाने कथाको संक्षिप्त परिचय र गाउँखाने कथाका उदाहरणको रूपमा उल्लेख गरिएको पाइन्छ ।

शम्भुप्रसाद कोइरालाको **लोकसाहित्य सिद्धान्त र विश्लेषण** (२०५५) नामक कृत्ति धरणीधर पुरस्कार प्रतिष्ठान, बिराटनगरबाट प्रकाशित छ । यसमा गाउँखाने कथा परिचय र परिभाषा शीर्षक दिएर कोइरालाले गाउँखाने कथाका सम्बन्धमा प्रकाश पार्नुका साथै गाउँखाने कथाका विशेषता र गाउँखाने कथालाई विषयवस्तुका आधारमा वर्गीकरण गरेका छन् ।

ईश्वरीप्रसाद भण्डारीको नेपाली स्नातकोत्तर शोधपत्र **गुल्मी जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन** (२०५७) शीर्षकमा नेपाली केन्द्रीय विभागमा प्रस्तुत भएको पाइन्छ । यसमा गुल्मी जिल्लालाई अध्ययनको क्षेत्र बनाई त्यस क्षेत्रमा प्रचलित करिब ६१० वटा गाउँखाने कथा सङ्कलन गरिएको छ । पाँच परिच्छेदमा तयार पारिएको प्रस्तुत शोधपत्रको चौथों परिच्छेदमा खासगरी गुल्मेली गाउँखाने कथालाई विषयवस्तु र संरचनाका आधारमा वर्गीकरण गरी विभिन्न कोणबाट अध्ययन विश्लेषण गरिएको छ । यो शोधपत्र गाउँखाने कथाकेन्द्री अनुसन्धान भए पनि गाउँखाने कथाका बारेमा आवश्यक र पर्याप्त अध्ययन भएको छैन ।

चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) एकता प्रकाशन, काठमाडौंबाट प्रकाशित नेपाली लोकसाहित्यको विषयमा प्रकाशित महफ्वपूर्ण कृति हो । बन्धुले यस पुस्तकमा नेपाली लोकसाहित्यका विविध विधाहरूको गहनरूपमा चर्चा परिचर्चा गर्ने क्रममा पहेली शीर्षकमा नेपाली गाउँखाने कथालाई विविध पक्षबाट वा विषयबाट सैद्धान्तिक रूपमा अध्ययन गरी उदाहरणसमेत दिएका छन् ।

शिवप्रसाद पौड्यालको **नेपाली गाउँखाने कथा कोश** (२०६१) नामक कृति गाउँखाने कथाको अध्ययनको लागि महफ्वपूर्ण रहेको छ । पौड्यालको यो कृति दुई खण्डमा विभाजित गरिएको छ । पहिलो खण्डमा नेपाली गाउँखाने कथाको १४ वटा विभिन्न उपशीर्षक राखेर गाउँखाने कथाका बारेमा विस्तृतरूपमा व्याख्या, विश्लेषण गर्नुका साथै डोटेली भाषिका र स्तरीय नेपाली गाउँखाने कथाको तुलनात्मक अध्ययन गरिएको छ भने दोस्रो खण्डमा

नेपाली गाउँखाने कथा कोश शीर्षक राखी वर्णानुक्रममा ४,५६१ जति गाउँखाने कथाहरूको सङ्कलन रहेको छ ।

श्यामप्रसाद तिवारीको **पर्वत जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन** (२०६३) शीर्षकको शोध पत्र त्रि.वि. नेपाली स्नातकोत्तर नेपाली केन्द्रीय विभागमा रहेको छ । चार परिच्छेदको प्रस्तुत शोध पत्रमा पर्वती जनजीवनमा प्रचलित गाउँखाने कथाको वर्गीकरण र विश्लेषण गरी ७८८ जति पर्वतेली गाउँखाने कथाका नमूना पेश गरेका छन् ।

मोहनराज शर्मा र खगेन्द्र लुइँटेलको **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३) मा लोकवार्ता, लोकवार्ताविज्ञान, लोकसाहित्यशास्त्र र लोकसाहित्यको परिचय दिँदै लोकसाहित्यको विधागत वर्गीकरण र लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्काजस्ता नेपाली लोकसाहित्यका प्रमुख विधाहरूको अध्ययन प्रस्तुत गरिएको छ । यसै क्रममा गाउँखाने कथाको सैद्धान्तिक परिचय दिँदै यहाँ गाउँखाने कथाको वर्गीकरण गरिएको छ । यहाँ नेपाली गाउँखाने कथालाई माध्यमका आधारमा गद्यात्मक र पद्यात्मक, वाक्यप्रकारका आधारमा प्रश्नात्मक र अप्रश्नात्मक, संरचनाका आधारमा सरल वाक्यात्मक र जटिल वाक्यात्मक, विषयवस्तुका आधारमा वस्तु, प्राणी, शरीर, व्यवसाय, उब्जनी, कार्यव्यापार र विविध, प्रकारगत आधारमा अड्को, झ्याँगा, झिट्टा र घाउटा तथा क्षेत्रीय आधारमा अड्को, झ्याँगा, झिट्टा र घाउटा गरी वर्गीकरण गरिएको छ ।

धन गिरीको **बझाङी गाउँखाने कथाको अध्ययन** (२०६५) शीर्षकको शोध पत्र त्रि.वि. नेपाली केन्द्रीय विभागमा टङ्कित अवस्थामा प्रस्तुत छ । पाँच परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रमा गिरीले परिच्छेद तीनमा नेपाली गाउँखाने कथाको परिचय र वर्गीकरण शीर्षकमा नेपाली गाउँखाने कथाको व्याख्या र विश्लेषण गरेका छन् भने परिच्छेद चारमा बझाङी गाउँखाने कथाको परिचय, वर्गीकरण र विश्लेषण गरी परिशिष्टमा बझाङी गाउँखाने कथाको वर्णानुक्रमिक सङ्कलन गर्ने क्रममा १९२ जति बझाङी भाषिका प्रधान गाउँखाने कथाहरू र केहि नेपाली भाषाका प्रधान गाउँखाने कथाहरू सङ्कलन गरेका छन् ।

मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीको **नेपाली लोक साहित्यको रूपरेखा** (२०६८) नामक कृति साझा प्रकाशनबाट प्रकाशित गरिएको छ । यस पुस्तकमा लोक साहित्यका विविध विधाको चर्चा-परिचर्चा गर्ने क्रममा छैटौं अध्यायमा लोकोक्ति शीर्षकमा उपशीर्षकको रूपमा गाउँखाने कथाको परिचय, परिभाषा, विशेषताहरू, र वर्गीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । लेखकद्धयले गाउँखाने कथाको वर्गीकरण गर्ने क्रममा परम्परागत (अड्को, झ्याँगा, घाउटा, झिट्टा, गौडे कविता) र वैज्ञानिक ( संरचनात्मक र विषयगत ) विभाजन गरी अध्ययन गरिएको छ । विभिन्न नेपाली गाउँखाने कथालाई वर्गीकरणका विभिन्न उप-वर्गीकरणमा राखी अध्ययन गरिएको छ ।

कपिलदेव लामिछानेको **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८) नामक कृति विवेकशील प्रकाशन प्रा.लि. काठमाडौबाट प्रकाशित छ । उक्त पुस्तक त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको शोधप्रबन्धमा आधारित छ । यसमा क्षेत्रगत रुपमा गाउँखाने कथाहरु सङ्कलन गरी सङ्कलित गाउँखाने कथाको व्यवस्थित अध्ययन गरिएको छ । यस अनुसन्धान ग्रन्थमा गाउँखाने कथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्दै नेपाली गाउँखाने कथाको अध्ययन परम्परा, यसको लेख्य/कथ्य परम्परा, सिर्जनात्मक प्रयोग, प्रयोग सन्दर्भ, काव्यात्मक स्वरूप, भाषिक संरचना, बहुप्रचलन, विविधता, नवीनता र विश्वदृष्टि जस्ता विभिन्न कोणबाट गाउँखाने कथाको अध्ययन र विश्लेषण गरिएको छ । विशेष गरी लुम्बिनी, गण्डकी, धौलागिरी अञ्चलका विभिन्न स्थानबाट प्रत्यक्ष रूपमा जम्मा ४३८५ वटा गाउँखाने कथाहरूको सङ्कलन गरी वैज्ञानिक तरिकाले विस्तृतरुपमा व्याख्या र विश्लेषण गरिएको छ ।

यसरी नेपाली गाउँखाने कथाको अध्ययन परम्पराको तेस्रो चरण अनुसन्धान चरणका रूपमा रहेको छ । यो चरणको प्रारम्भ औपचारिक अनुसन्धान कार्यबाट भएको छ । त्रि.वि.नेपाली केन्द्रीय विभागबाट **बैतडेली गाउँखाने कथाको अध्ययन** शीर्षकको शोधपत्रबाट सुरु भएको यो चरणमा नेपालका विभिन्न जिल्लाबाट शोधपत्रका रूपमा विभिन्न विद्यार्थीहरूबाट गाउँखाने कथाको अध्ययन अनुसन्धान भएको पाइन्छ । यसको साथै लोकसाहित्यका अध्येताहरूले पनि विस्तृतरूपमा गाउँखाने कथाको सङ्कलन र गाउँखाने

कथाका बारेमा विवेचना र विश्लेषण गरेको पाइन्छ । यस चरणमा गाउँखाने कथाको अध्ययन अनुसन्धानमा त्रि.वि. नेपाली केन्द्रीय विभागका शोधपत्रका विद्यार्थीहरू, शम्भुप्रसाद कोइराला, शिवप्रसाद पौड्याल, मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेल, मोतीलाल पराजुली, जीवेन्द्र देव गिरी, कपिलदेव लामिछाने आदि विद्वानहरूको उल्लेखनीय भूमिका रहेको छ ।

## निष्कर्ष

गाउँखाने कथाको अध्ययन परम्परामा विभिन्न विद्वानहरू, अनुसन्धानकर्ताहरूले गरेका गाउँखाने कथासम्बन्धी अध्ययन अनुसन्धानहरूलाई आधार मानी नेपाली गाउँखाने कथालाई तीन चरणमा राखेर अध्ययन गर्न सकिन्छ । मोतीराम भट्टको **उखानको बखान** (१९५२) देखि कृष्णप्रसाद पराजुलीको नेपाली उखान र गाउँखाने कथाको प्रकाशन पूर्वको समयलाई गाउँखाने कथाको प्रथम चरणका रूपमा प्रस्तुत गर्न सकिन्छ । यस चरणमा नेपाली गाउँखाने कथाको फाट्ट फुट्ट सङ्कलन गरिएता पनि गाउँखाने कथाको बारेमा विस्तृतरूपमा व्याख्या विश्लेषण गरेको पाउन सकिँदैन । पराजुलीको **नेपाली उखान र गाउँखाने कथा** नामक कृतिको प्रकाशनदेखि त्रि.वि. नेपाली केन्द्रीय विभागमा देवदत्त भट्टको **बभ्काडी गाउँखाने कथाको अध्ययन** (२०५५) सम्म गाउँखाने कथाको क्षेत्रमा भएका गाउँखाने कथाका बारेमा अध्ययन र सङ्कलनमा प्रारम्भमा भन्दा बढी भएको पाइन्छ र गाउँखाने कथाका बारेमा व्याख्या र विवेचना गर्ने काम भएको पाइन्छ । २०५५ यताको समयलाई गाउँखाने कथाको तेस्रो चरण मानिन्छ । यस चरणमा नेपाली गाउँखाने कथाका बारेमा विस्तृत चर्चा परिचर्चा, व्याख्या, विश्लेषण गरिनुका साथै उल्लेख्य रूपमा गाउँखाने कथाको क्षेत्रीय भाषामा पनि सङ्कलन भएको पाइन्छ । कपिलदेव लामिछानेको नेपाली गाउँखाने कथाको अध्ययन नामक कृति यस चरणको उपलब्धिको रूपमा रहेको छ ।

उपर्युक्त शोधकर्ता र अध्येताहरूले गरेका उक्त सङ्कलनका साथसाथै नेपाल गाउँखाने कथाको सङ्कलन र अध्ययनमा रेडियो, टेलिभिजन आदि सञ्चार क्षेत्रको पनि भूमिका रहनुका साथै डाँफेचरी, रुपरेखा, हाम्रो संस्कृति, गोरखापत्र, यती, रैबारे, युवामञ्च, बालक, कोपिला, बालकोष, बालकोसेली, चिचिला, मुना, नेपाली संस्कृति आदि पत्रपत्रिकाको उल्लेखनीय भूमिका रहेको छ । यस्ता पत्रपत्रिकाले गाउँखाने कथा र तत्सम्बन्धी लेख छापेर पाठकलाई बौद्धिक खुराँक दिदैं आएका छन् ।

# परिच्छेद – तीन

# अछामी गाउँखाने कथाको परिचय, प्रचलन, वर्गीकरण र विश्लेषण

## ३.१ अध्ययन क्षेत्रको सामान्य परिचय

सुदूरपश्चिामाञ्चल विकास क्षेत्रका ९ जिल्लामध्ये अछाम मध्य पहाडी भागमा पर्ने एक दूर्गम जिल्ला हो । सडक यातायातको आदर्श सञ्जाल विकसित नभइसकेको अवस्थामा जिल्लाका अधिकांश गा.वि.स.हरूमा आवतजावतको प्रमुख माध्यम हिँड्डुल गर्नु नै हो । कूल १६९२ वर्ग कि.मि. क्षेत्रमा विस्तारित यो जिल्लाको भौगोलिक बनावट हेर्दा यहाँ नदी किनारका बेसी, फाँटहरूदेखि उच्च पहाडी लेकहरूसम्म रहेका छन् । यस जिल्लाको पूर्वमा कालीकोट र दैलेख, पश्चिममा डोटी, उत्तरमा बाजुरा र बझाङ र दक्षिणमा सुर्खेत जिल्ला रहेका छन् । समुन्द्री सतहदेखि न्यूनतम ५४० मिटरदेखिको उचाइदेखि अधिकतम ३८२० मिटरसम्मको उचाइमा यो जिल्लाको विस्तार भएको छ । यो जिल्लाको सदमुकाम मंगलसेन समुन्द्री सतहदेखि १३२६ मिटर उचाइमा रहेको छ ।[४०]

संस्कृति र धर्मका हिसावले अछाम जिल्लामा हिन्दु धर्मको बाहुल्यता रहेता पनि यहाँका मानिसहरू अन्य धर्म र संस्कृतिप्रति पनि त्यतिकै सम्मान र सद्भाव जाहेर गर्दछन् । यहाँको लोकसमाज हिन्दू धर्म संस्कृतिसँग सम्बन्धित गौरबमय गाथा बोकेका महत्वपूर्ण धार्मिक र सांस्कृतिक शक्ति पीठहरूमा आजा पूजाका साथै जात्रामा रमाइलो गर्ने गर्दछन् । विशेष गरी कृषि र पशुपालनमा आश्रित यहाँको लोकसमाजका बहुसङ्ख्यक मानिसहरू कृषिमा सम्लग्न रहेका छन् । राजनैतिक हिसावले दुई क्षेत्रमा विभाजित यस जिल्लामा १३ वटा इलाका र ७५ वटा गा.वि.स. हरू रहेका छन् । प्रजातन्त्रको पुनर्स्थापना पूर्व यस जिल्लाको क्षेत्र नं. २ लाई मुल्लो भैसल्ले र तल्लो भैसल्ले भन्ने गरिन्थ्यो । यो भैसल्ले शब्दले पनि पहिलेदेखि नै यो क्षेत्रमा भैसींपालन गरिने कुरालाई स्पष्ट पारेको छ । अछाम क्षेत्र नं. २ को मुल्लो भैसल्लेका पुलेतोल्ला, विनायक, कमलबजार, मूली, घोडासैन, धमाली, तोषी, रानीवन तुर्माखाँद, नाडाका विभिन्न ठाउँहरूबाट विभिन्न माध्यमबाट गाउँखाने कथाको सङ्कलन गरिएको छ । यहीं परिवेशमा जन्मिएर र आफ्नै सेरोफेरोमा प्रयोग भई हुर्केका

४० अछाम जिल्लाको पार्श्वचित्र, (अछाम : जि.वि.स.का. कार्यलय २०६७) ।

अछामी गाउँखाने कथामा लोकका रमाइला उद्‌गार रहेका छन्, जसले मानिसलाई मनोञ्जन प्रदान गर्दछ ।

अछाम पनि लोकसंस्कृतिको अरू जिल्ला जस्तै अग्र भागमा नै रहेको पाईन्छ तर यस क्षेत्रका लोकसाहित्यका विभिन्न विधामा फरकपना देखिनु स्वभाविकै हो । अछामी जनजीवनमा लोकसंस्कृतिका भाका र सुस्केराहरू औधि राम्रा र चाखलाग्दा हुने भएकाले यहाँमा मानिसहरू मेलापात, वनजंगलमा गाईभैंसी चराउँदा होस् या फुर्सदको समयमा बसीबियाँलो गर्दा होस् अत्यन्त रूचिका साथ सुसेल्दछन् । आफ्नै मनका सुख-दुःख, पीर-मर्का, व्यथा, वेदना-छट्पटीलाई बिर्साउन अनेक प्रकारमा लोकसाहित्यको सहारा लिन्छन् यस क्षेत्रका मानिसहरू । अछाममा प्रचलित लोकसाहित्यले त्यहाँको सांस्कृतिक मूल्य र मान्यता तथा जनजीवनको वस्तुस्थितिलाई चिनाउनमा महफ्वपूर्ण भूमिका खेलेको छ । गाउँखाने कथाले त्यहाँको उराठमय, निरस जनजीवनलाई रसमय बनाएको छ । यो लोकजीवनको महफ्वपुर्ण अङ्ग हुनुको साथै मनोरञ्जनको साधन हो जुन अछामी लोकसाहित्यको शोभा पनि हो । अमूल्य ढुकुटीको रूपमा रहेको गाउँखाने कथाको वक्ता र श्रोता नभएमा यसको प्रयोजन नहुने भएकाले कथा भन्ने र सुन्ने वा उत्तर थाहा पाउने मान्छेको आवश्यक्ता पर्दछ । गाउँखाने कथा खासगरी मनोरञ्जन प्राप्ति र बौद्धिक परीक्षणका लागि भन्ने र सुन्ने गरिन्छ ।

गाउँखाने कथाले लोकजीवनलाई आनन्द र मनोरञ्जन दिनुका साथै दुःख, पीर-मर्काहरू बिर्साउने पनि गर्दछ । यहाँ खासगरी बूढाबूढीले केटाकटीको बुद्धि परीक्षणका लागि सोध्ने गर्दछन् । समान उमेरका युवायुवतीहरूका बीच गाउँखाने कथा निकै लोकप्रिय र मनोरञ्जनको विषयवस्तुका रूपमा रहेको हुन्छ । यहाँ विभिन्न समुदायमा फुर्सदको बेलामा मनोरञ्जन गर्दै समय बिताउनको लागि प्रश्नोत्तरका माध्यमले बुद्धि परीक्षण गर्ने जस्तो परम्परादेखि हालसम्म चल्दै आएको छ ।

## ३.२ अछामी गाउँखाने कथाको परिचय र प्रचलन

अछामी लोकजीवनमा गाउँखाने कथालाई **राउन्या बात/कथा** भन्ने गरिन्छ भने लोककथालाई **बात** भन्ने गरिन्छ । विकास निर्माण र आधुनिक युगको रूपान्तरणमा बिस्तारै

बग्न थालेको अछाम अहिलेसम्म लोकसाहित्यका विभिन्न विधालाई बचाउन सफलै रहेको देखिन्छ । मुख्य पेशा नै कृषि नै हुनाले दिनभरि खेतिपातीको काम गर्दा, मेलापात गर्दा कामको थकावट भुलाउने मनोरञ्जनको साधनका रूपमा साँझपख बसिबियाँलोको रूपमा चौतारी होस् या घरको आँगनमा एउटाले गाउँखाने कथा भन्ने र अरूले सुन्ने र उत्तर दिने गरिन्छ । भदौंको महिनामा मकै खोस्याउँदा होस् वा घरभित्र नै बसेर रातिमा गरिने काममा या हिउँदको समयमा रात पनि लामा हुने, गरिब विपन्न परिवारमा ओढ्ने कपडाको अभावमा घरभित्र अँगेनाको वरिपरि बसेर आगो ताप्दै अछामी लोकजीवनमा गाउँखाने कथाको प्रसंग स्वतः उठ्ने गर्दछ । बिजुलीको अभावले राति अँध्यारो हुँदा केटाकेटीको पढाइ पनि नहुने र बूढाबूढीलाई पनि निन्द्रा नलाग्ने भएकाले तिनीहरूको प्रमुख सहभागिता रहने गर्दछ । यस्तो अवसरमा भेटघाटमा आएको पाहुनाहरूको सहभागिता रहँदा त्यहाँको वातावरण अझ सौहार्दपूर्ण र रमाईलो हुने गर्दछ ।

त्यहाँको लोकजीवनका अनुभवहरूमा खारिएका गाउँखाने कथाहरू भन्ने तरिका निकै रोचक किसिमको हुन्छ । सूचना र सञ्चारको अभाव भएको समाजमा आफ्नै परिवेश वरिपरिका विभिन्न विषयवस्तुसँग सम्बन्धित गाउँखाने कथा भनेर मनोरञ्जन प्राप्त गर्नुका साथै आ-आफ्नो बुद्धिको परीक्षण गर्ने गर्दछन् । प्रश्नकर्ताले श्रोताको मुखतिर हेरेर मुन्टो हल्लाउदै, हातको इशाराले प्रश्न गर्छ, जस्तोः **खेतका इल्चाउनी बेलको गेणो नात्तो** (खेतका छेउमा बेलको गेडो नाच्छ) क्या हो ? अनि श्रोताहरु प्रश्नकर्ताको वा राउन्य बात हाल्ने मान्छेको मुखमा हेर्दै उत्तरको खोजीमा दिमाग सक्रिय गरिरहेका हुन्छन् । गाउँखाने कथामा केटाकेटी देखि बूढाबूढीसम्म सबैको उपस्थित रहे पनि  सबभन्दा पहिले केटाकेटीलाई प्रश्नको उत्तर भन्न लगाइन्छ त्यसपछि क्रमशः उमेर छिपिदै गएका मान्छेसँग सोधिन्छ । जसले **म भन्छु, मलाई थाहा छ** भन्छ, प्रश्नकर्ताले उसलाई उत्तर भन्न नदिई अरूहरूलाई उत्तर खोज्न लगाउँछ । यदि त्यहाँ कसैले उत्तर भन्न सकेन भने सुरुको थाहा पाएको मान्छेलाई भन्ने अवसर दिइन्छ । कसैले उत्तर दिन नसकेमा श्रोताहररूले **उत्तर काँबाट आउँछ** ? (उत्तर कुन विषयसँग सम्बन्धित छ ?) भनी प्रश्नकर्तासँग सोध्छन् । विषयवस्तुको समेत इङ्गित गर्दा समेत उत्तर आउन सकेन भने प्रश्नकर्ताले बडो गर्वका साथ श्रोताबाट गाउँ माग गर्दछ । गाउँ दिनुपर्दा बडो सजगता अपनाउनु पर्दछ भन्ने चलन छ । किनभने उत्तर दिन नसक्ने मान्छेले दिएको गाँउमा हेर्न नपाइने, जान नपाइने सर्त भएकाले आफू

कहिल्यै नजाने, नदेखिने गाउँ, आफूलाई काम नलाग्ने गाउँ दिनु पर्दछ । श्रोताले सोचविचार गरेर गाउँ दिइसके पछि प्रश्कर्ताले **जो त्यो गाउँमा हेरला, उसका आँखा फुटून्, जो त्यो गाउँमा जाला, उसका खुट्टा भाँचिऊन्, जो त्यहाँ उब्जेका अन्न खाला, उसको भुँडिमा किरा परुन्** भन्दै त्यो गाउँ आफ्नो मात्र भएको कल्पना गर्दै आफूलाई गौरबशाली ठान्दै प्रश्नको उत्तर भन्ने गर्दछ, – घट्ट । उत्तरमा चित्त बुझेमा 'हत्तेरिका यत्ति पनि थाह नपाउने' भन्दै आफैंलाई धिक्कार गर्दछन् भने चित्त नबुझेमा प्रश्नकर्ताले ब्याख्या गर्नुपर्दछ । यसरी कथा भन्ने पालो सबैलाई दिइन्छ र थाहा पाउने अवसर पनि सबैलाई दिइन्छ । उत्तर थाहा पाउनेले आफूलाई गौरवशाली ठान्छन् । स-साना केटाकेटीहरूले प्रश्नको उत्तर 'पेटमा आउँछ, मुख आउदैन अहिले' जस्ता वाक्य भनि दिदां हाँसोको पर्रा छुट्दछ ।

यसरी अन्तमा श्रोताले सबै उत्तर दिएमा प्रश्न सोध्नेको हार मान्ने र उत्तर दिन सकेनन् भने उसको जीत मानिन्छ । आधुनिक युगमा फड्को मार्दै गरेको अछामी समाजमा मोबाइल, रेडियो, सोलार जस्ता प्रविधिको प्रयोगले गाउँखाने कथा भन्ने र सुन्ने चलनमा केही ह्रास आएको पाउन सकिन्छ । शिक्षाको क्षेत्रमा पनि विकास गर्दै गएको समाजमा यसको प्रयोगमा कमि हुनु स्वभाविकै हो तर अशिक्षित, बूढाबूढी र विकासको प्रवाहभन्दा टाढै रहेका समुदायहरूमा गाउँखाने कथाहरू मनोरञ्जन गर्ने साधनको रुपमा प्रयोग भइरहेको छ । परम्पराका जस्तै यसको प्रयोग नभए पनि प्रत्येक घर-घरमा, मेलापात, खेत-खलिहानमा दुःख बिर्साउन, मनोरञ्जन प्रदान गर्न र बौद्धिक परीक्षण गर्न धेरथोर मात्रामा प्रयोग भएको पाइन्छ ।

## ३.३ अछामी गाउँखाने कथाको वर्गीकरण

अछाम जिल्लामा प्रचलित गाउँखाने कथाहरू नेपाली गाउँखाने जस्तै विविध प्रकारका छन् । ती गाउँखाने कथामा प्रयुक्त विषयवस्तु र रूप वा संरचनामा भिन्नता रहेको छ । यिनै कुराहरूलाई आधार बनाएर अछाममा प्रचलित गाउँखाने कथालाई निम्नलिखित आधारमा वर्गीकरण गरिएका छ ।

### ३.३.१ संरचनात्मक आधारमा गाउँखाने कथाको वर्गीकरण

गाउँखाने कथामा संरचनाका दृष्टिले बाह्य तत्वलाई महत्व दिएको छ । यहाँ संरचना भनेको गाउँखाने कथाको बनावट हो । अछामी गाउँखाने कथाको बनावटलाई ध्यान दिएर तिनको वर्गीकरण गर्दा भाषिक संरचना र शैलीगत संरचनालाई मूलरूपमा निम्नलिखित पाँच तहमा वर्गीकरण गर्न सकिन्छ । जस्तैः

#### ३.३.१.१ आकारप्रकारगत

अछामी गाउँखाने कथाको बनावट या त्यसको आकारप्रकारका आधारमा निम्नलिखित आधारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

(अ) **वाक्याशं स्तरीय**

गाउँखाने कथाको बनावट पूरै वाक्य नआएर वाक्यका अंशको रूपमा आएको छ, क्रियापदको प्रयोग भएको छैन भने यस्ता गाउँखाने कथालाई वाक्याशं स्तरीय गाउँखाने कथा भनिन्छ अर्थात यी गाउँखाने कथालाई क्रिया नभएका गाउँखाने कथा पनि भनिन्छ । यस्ता गाउँखाने कथा ज्यादै छोटो, रसिला र सहज प्रस्तुतिमा सकिने तथा वाक्य नटुङ्गिएको अर्थ दिने गर्दछन् । जस्तैः

अत्ति न पत्ति, ढेलउनी बत्ति । -क्य हो ? – जुनकिणी ।

अल्काइ पघारउनो बाखा खुट्टो । – मालुको टाटो ।

आफू मालेइ, छायल (छाया) मालेइ । – डोको ।

एक कोसी राइतो, लंका पुराइतो । – पर्सो ।

दाँत भाइर, ओठ भित्त । –मुसल ।

(आ) **वाक्य स्तरीय**

वाक्यको संरचना भएका गाउँखाने कथाहरू यस वर्गभित्र पर्दछन् । यस्ता गाउँखाने कथाहरूमा एउटै वाक्यभित्र एक वा एक भन्दा बढी क्रियापद प्रयोग हुने हुन्छ भने कतिपय गाउँखाने कथामा एक भन्दा बढी वाक्यहरूको पनि संयोजन भएको हुन्छ जसले गर्दा वक्ताले भनेका कुराहरू बढी घुमाउरो हुने र अर्थ खोज्न श्रोतालाई बढी घोरिनु पर्ने हुन्छ । यी कथाहरू सरल र जटिल दुबै वाक्यमा संरचित हने गर्दछन् । जस्तैः

एक खुट्टे धामी, लग्लग कामी । – जुका ।

आमाका हणउनी छोरो नात्तो । – ओख्लो र लोणो ।

एक जा भन्नो, अर्को आइजा भन्नो । – केला र बाँसका पात ।

अगाडि खानो, पछाडि गेणा पोख्तो । - क्य हो ? –बाखो।

आफू बड्डी थुङ्थुङानी आफै बड्डी रड्डी,
अरुकन धेकेपछि अझ आँखा तड्डी । – सिउँतो ।

धान छन् धान छन्, कोठी भरि धान छन्,
न अर्काकी दिन्छन्, न आफू खान्छन् । – गाँड ।

### ३.३.१.२ लयात्मक गाउँखाने कथा

यस्ता गाँउखाने कथाहरू लय मिलाएर भन्न मिल्ने कवितात्मक वा गीति शैलीमा रचिएका हुन्छन् । अछामी लोकजीवनमा देउडा गीत अत्यन्त लोकप्रिय देखिन्छ । त्यसैले यहाँ विभिन्न जात्रा, मेलापातमा भिट्टामा गीत गाएर मनोरञ्जन लिने दिने गर्दछन् भने कतिपय गाउँखाने कथाहरू कविताको स्वरूपमा निर्मित अवस्थामा छन् । कवितात्मक गाउँखाने कथामा प्रश्न श्लोकको आधारमा सोधिने भए पनि उत्तर सामान्य गद्यमा प्रस्तुत गरेको पाइन्छ, जस्तैः

**भिट्टाः**

प्रश्नः घाटमा बालुवा मनि न्याओ चणी न्याओ
पोल्या माछो रूख जान्या तेइको अर्थ क्या हो ?

उत्तरः चार माना चौथाइल खायो हउनइ लाग्यो खोकी
पोल्या माछो रूख जाने आँसी ठाँणो हो कि ।

**कवितात्मकः**

आन्दो हालेइ, बा आन्दो हालेइ सुन्दरे तइ,
त्य भित्तउनाको साँचेसुचेको त्यो सबै मइ । – ताल्चा, साँचो र घर ।

एक कोल, बार (१२) पाटि,
हाँगा गन्यो तीनसय साटी । – बर्ष, मैना र दिन ।

चार गेणा इमिला पेली चारैमाना चुक,
चुक पेली ढुन्काउनो हाल्या गेणा रहे रुख । – भैसीका थुन ।

### ३.३.१.३ अनुप्रासयुक्त

यस्ता गाउँखाने कथाहरूका अन्त्यमा अनुप्रास मिल्नु साथै कर्णप्रिय पनि हुन्छन् । यस्ता अनुप्रास मिलेका गाउँखाने कथाले श्रोता र वक्ता दुबैको ध्यान आकर्षण गर्दछन् । यस्ता खालका गाउँखाने कथाहरू सुन्दा र पढ्दा पनि मनोरञ्जन हुन्छ, जस्तैः

अत्ति न पत्ति, ढेलउनी बत्ति । -क्य हो ?  –जुनकिणी ।

आफू बड्डी घोप्टे पड्डी,

अझ परउना आँखा तड्डी । – डोको ।

उँदो मुन्टो, उबा खुट्टो जेउणेकी तानातान,

हुन्छ कि हुनैन भनी मनउनो हानाहान । – मधानि ।

### ३.३.१.४ उपमामूलक गाउँखाने कथा

अछाममा प्रचलित गाउँखाने कथाहरूमा कुनै एउटा वस्तुहरूलाई अर्को वस्तुसँग उपमा दिएर अप्रस्तुत वस्तुलाई संकेत गरिएका छन् । त्यस्ता गाउँखाने कथालाई उपमामूलक वर्गमा राखेर हेर्न सकिन्छ । यस्ता गाउँखाने कथाहरूले प्रस्तुत वस्तुबाट अप्रस्तुत वस्तुको स्वरूपलाई ध्वनित गर्ने गर्दछन्, जस्तैः

आफू त हत्केला जसो, बार धान्नि बोसो । –सापन ।

आफू त थाङ्नेमाङ्ने सुनो टोपी लाउनो । – ऐँसेलु ।

भ्वाँ भ्वाँ हद्दो, भँवर होईन, कानउनो जनै बामन होईन । – चर्खा ।

### ३.३.१.५ प्रश्नात्मक गाउँखाने कथा

प्रश्नसूचक शब्द वा चिह्न भएका गाउँखाने कथाहरू यस अन्तर्गत पर्दछन् । यस्ता गाउँखाने कथाहरूमा के, को किन आदि जस्ता प्रश्न सोधिन्छ । हुन त गाउँखाने कथा प्रश्न सोधिएका हुन्छन् नै, जस्तैः

घर त देलाबाट गयो, म काँबाट जाउँ ? – जालउना पणेको माछो ।

लकपक डालीका झिरुवाले फूल, यो कथा नराउने, उसको बाबु भुल क्या हो ?

– अफिम ।

डल्ली भइसाका पेटभरि किणा - क्या हो ? कदु ।

यसरी अछामी गाउँखाने कथालाई संरचनाका आधारमा आकारप्रकार, लयात्मक, अनुप्रासयुक्त, उपमायुक्त र प्रश्नात्मक गरी पाँच प्रकारमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । आकारप्रकारगतका आधारमा अछामी गाउँखाने कथालाई वाक्याशं स्तरीय र वाक्य स्तरीय गरी दुई प्रकारमा विभाजन गरिएको छ भने लयात्मक आधारमा पनि झिट्टा र कवितात्मक गाउँखाने कथा भनी वर्गीकरण गरिएको छ । उपर्युक्त संरचनात्मक वर्गीकरण बाहेक अक्षर संरचनाका आधारमा पनि अछामी गाउँखाने कथाको वर्गीकरण गरेर पनि हर्न सकिन्छ । यो पद्धति त्यति वैज्ञानिक नभएकाले यहाँ प्रसंगमा ल्याइएको छैन ।

## ३.३.२ विषयगत आधारमा अछामी गाउँखाने कथाको वर्गीकरण

अछामी लोकसमुदायले भोग चलन गरि आएको भौगालिक क्षेत्र, प्रकृति, धरातल, वनस्पति, जीवजन्तु जस्ता विषयलाई आधार बनाएर गाउँखाने कथाको वर्गीकरण गर्न सकिन्छ । जुनसुकै शैलीमा प्रस्तुत गरिए पनि गाउँखाने कथाको उत्तर भन्नु पर्दा एउटा न एउटा विषयका पुगेर टुङ्गिने हुनाले विषयवस्तुकै आधारमा गाउँखाने कथाको वर्गीकरण गर्नु बढी वैज्ञानिक पनि हुन सक्छ । अछामी गाउँखाने कथामा स्थूल प्रकृत्ति वा विश्व ब्रह्माण्ड तथा लोकसमुदायका विधि व्यवहार, पशुपन्छी तथा जीवजन्तु, मानव र मानव शरीरका अङ्गप्रङ्त्यग, प्राकृतिक र कृषिजन्य वनस्पति, मानवद्धारा निर्मित परम्परागत र नवीन वस्तु, आजीविका वा व्यवसाय, भेष-भूषा र आभूषण, खाद्यपदार्थ, कार्यव्यापार तथा समाज र संस्कृतिका सम्बन्धमा लोकको हेराइ बुझाइ र सोचाइ प्रस्तुत भएको पाइन्छ । त्यसैले विषयवस्तुका आधारमा निम्नलिखित आधारमा गाउँखाने कथाको वर्गीकरण गरिएको छ ।

### ३.२.२.१ प्रकृत्ति वा विश्व ब्रह्माण्डसम्बन्धी गाउँखाने कथा

लोकजीवन जहाँ बसोवास गर्दछ त्यहीँको हावापानी, माटो, वातावरणमा हुर्किएको हुन्छ । आफूले देखेको वा आफ्नो क्षमताले विश्व ब्रह्माण्डसम्मको ज्ञान भए बमोजिम गाउँखाने कथा निर्माण गरिएका हुन्छन् । लोकजीवनमा मानिसले ब्रह्माण्डका प्राकृतिक वस्तुहरु जस्तैः आकाश, शीत, असिना, चन्द्र, सूर्य, छाँया, तारा, आगो, पानी, अँध्यारो, धुँवा, बादल आदिलाई गाउँखाने कथाका माध्यमले मनोरञ्जन, बुद्धि परीक्षण गर्न प्रयोगमा ल्याएको पाइन्छ, जस्तैः

उठ्या सर्कसम्म, बस्या गजधम्म । – कुइणो ।

काली काली बाखरीका पेट परे किउँ,

ती किउँ गनि सक्नेकन सय रुपिया दिउँ । – तारा ।

गैलइ पानीका खालउनो चानिको थाल । – जुन ।

घाम र जुन लागे पछि आउनो छु ,

अघि पछि तम्रा पछि आउनैन । – छायल ।

टोपील घाम हुनो, सुबैताल घाम हुनैन । – दिन र बादल ।

ठूला खलाउनी, बिस्कुन सुकायाको । – सर्कका तारा ।

तितौडा लेख आगो लाग्या नाइ, धुकाल मात्तइ उट्ठो । – कुइणो ।

### ३.३.२.२ **पशुपन्छी तथा जीवजन्तुसम्बन्धी**

पशुपन्छी तथा जीवजन्तु वा प्राणी प्रकृतिका जीवन्त वस्तुलाई अछामी लोकजीवनमा गाउँखाने कथाका रूपमा निर्माण गरिएका छन् । त्यस्ता गाउँखाने कथा अछामी जनजीवनमा पाइने स्थलचर, जलचर, चराचुरूङ्गी, सरीसृप, कीटपतङ्ग, उभयचर जस्ता जीवजन्तुहरूका सम्बन्धमा अछामी गाउँखाने कथा रूपमा प्रकट भएका छन् । जस्तै:

अत्ति न पत्ति, ढेलउनी बत्ति -क्य हो । – जुनकिणी ।

आगो न पानी, मुलामुली रोटा बनाउना । –मौरो ।

काली भाबर जर्म भयो, कानपुर छोपियो,

हात्तिपुर छलफल भयो, नङ्पुर काटियो । – जउणो ।

खोलाइ खोलाइ हट्टो, जाल टाँगा बोक्तो । – कालिज ।

खोलाइ खोलाइ हट्टो, सुइकेरा चुट्टो । – कालीखात्ते ।

चाकल टेक्तो, मुखल खानो । – जुका ।

नान्नानु मुल्याय उछिट्टि उछिट्टि धान कुट्टो । –उपाइसो ।

लामै रलाको मीठो फल । – माछो ।

हुना त उइ हो, उ भया त खाइ हाल्ने छियो । – सर्पको काँचुली ।

### ३.३.२.३ मानवसम्बन्धी

लोकसमुदायको आफ्नो सिर्जना गाउँखाने कथामा मानव, मानव शरीर, अङ्गप्रत्यङ्ग, शारीरिक विकार र शारीरिक अवस्थाका बारेमा विभिन्न प्रतीकात्मक नाम तथा रूप दिएर प्रस्तुत गरिएका हुन्छन् । यस्ता गाउँखाने कथालाई मानवसम्बन्धी गाउँखाने कथाभित्र समेटिएको पाइन्छ, जस्तैः

अल्काइ पघारउना दुई गेणा इमिला । -क्य हो ? –बैकिनीका चुचु ।

अल्काइ पघारउना दुई पानीका नाउला -क्य हो । – आँखा ।

चिचि मुथिउनि पापा । – नङ ।

तलउना गया पाँच भाइ, हप्रउना आया संग्राम साइ,

पाँच भाइल तिनुकन हर्र फाल्दिया । – सिंगान ।

तलि चक्चके, मुथि सक्सके, ह्वा मुथि झिप्झिपे, ह्वा मुथि कालो भावर,

तेइ भाबरउना काला भैसा चद्दा । – मुख, नाक, आँखा, कपाल, जउणा ।

पाँच भाइ दिन्या, दुई भाइ हेर्न्या, एक भाइ खान्या । – हात, आँखा र मुख ।

सुर्कने थैलाको डोरो न मोरो । – मलद्वार ।

### ३.३.२.४ प्राकृतिक वनसम्बन्धी

लोकसमुदायले आफ्नो वरिपरि रहेको प्राकृतिक वनस्पतिहरू ऐसेलु, ओखर, चुत्रा, टिमुर, भलाया, टाटा, रिठो, अमला, सिउतो, सल्लो, सिस्नो जस्तालाई विभिन्न प्रतीकका माध्यमले सरल र सहज तरिकाले गाउँखाने कथाको निर्माण गरेका हुन्छन् । यस्ता बोटबिरूवा भीरपाखा, वनजङ्गलमा आफैं उम्रिन्छन् जसको लोकसमुदायबाट विभिन्न प्रयोजनको लागि प्रयोग, उपयोग वा भोगचलन हुने गर्दछ, जस्तैः

अड्कन्या ताउलाउनो खड्कन्या भात,

तेइ भातकन खणाइखुणाई एक्कइ गाँस । – क्य हो? – ओखण ।

अणगिज्ज रुखका गणगज्जि पात,

को लाइदेउ दुना टपरी को खाइदेउ भात -क्य हो ? – सल्लाको पिरल ।

आफू त थाङ्नेमाङ्ने सुनो टोपी लाउनो । – ऐँसेलु ।

आफू बड्डी थुङ्थुङानी आफै बड्डी रड्डी,

अरुकन धेकेपछि अझ आँखा तड्डी । – सिउतो ।

खैरी गाईका पेटभित्त, कालु धामी नात्तो । – रिठाको गेणो ।

खोलाउनो बस्याको, पकडि कस्याको । – निउणो ।

जुइते जुइते, जुइतेका बा रुख चण्यो, जुँङा भरि सुइते । – गिठो ।

ठेक् नखान्या, टुप्पो नखान्या, भुणी मात्तै खान्या । – भलाया ।

### ३.३.२.५ कृषिजन्य वनस्पतिसम्बन्धी

नेपाल एक कृषिप्रधान देश हो । यहाँका बहुसङ्ख्यक मानिसहरू कृषिमा नै निर्भर रहने हुनाले आफूले लगाएका या खेतिपाती गरेर हुर्काएका बोटबिरूवालाई यहाँ कृषिजन्य वनस्पति भनिएको हो । यस्ता खेतिपाती, फलफूल, अन्न बालीसँग सम्बन्धित गाउँखाने कथाहरूलाई कृषिजन्य वनस्पतिसम्बन्धी गाउँखाने कथामा राखेर वर्गीकरण गरिएको छ । जस्तै:

आफू बाख्रो बइरनो, गलेउ चन्न जानो । – कदु ।

आफू रुख जानो, थणीथाङ्ना भँय फाल्लो । – केलो ।

उँदा बाट बकुल्लो आयो, एक मुठि घाँस ल्यायो । – चोतो ।

ए मुथिका मान्छेउ के गर्छउ गणगण,

हामी छन्ति राणकाउ तमिकि क्य डर । – पणेउ ।

काली गाईका पेटउनो तारो । – मासको गेणो ।

जान त जा माटा तलि जा, खाने हुन् कि राख्न्या हुन् तँ आफइ रा । - आलु ।

तलि थाल, मुथि झाल, ह्वा मुथि हिरालाल । - खुर्सानी ।

निङाली भावर भित्त बत्तिस भाइका तना,

ती तना खोलेर हेद्दा नौ सय नौ जना । - घोगा, सुल्ता, गेणा ।

भाइर कालि कोइली, भित्त तामा चोइली । - मुसुरो ।

### ३.३.२.६ परम्परागत वस्तुसम्बन्धी

लोकजीवनमा परम्परादेखि प्रयोग प्रचलन गर्दै आएका मानव निर्मित घरेलु उपयोगका वस्तुहरूलाई लोकसमुदायले आफ्नै पाराले गाउँखाने कथाको रूपमा निर्माण गरिएका हुन्छन् जुन वस्तुहरूले लोकसंस्कृतिको प्रतिबिम्बित गरेका हुन्छन्,

जस्तै:

आन्दो हालेइ, बा आन्दो हालेइ सुन्दरे तइ,
त्य भित्तउनाको साँचेसुचेको त्यो सबै मइ ।

— ताल्चा, साँचो र घर ।

आमाका हणउनी छोरो नात्तो । — ओख्लो र लोणो

इन्सिङ् मिनसिङ् काली गाइका तीन सिङ । — अधान

उठ् मुल्याय भात खान जाउ । — लोटा ।

उँदो मुन्टो, उबा खुट्टो जेउणेकी तानातान,
हुन्छ कि हुनैन भनी मनउनो हानाहान । — मधानि ।

खान्तक ढेल बुजो, बस्नतक मुख बुजो । — सुल्पा र सापी

घुमाइ घुमाइ बनाओ ताउली,
ताउली बनाइकन त्यउनी भात खाउली । —टपरी ।

झुत्री बड्डी छकालै देलाउनी लुणीबुणी अद्दी । — पोतो ।

बजगाउँ बजगाउँ, बजगाउँकी बड्डीकी लात्ताल घच्काउँ । — ढिकि ।

### ३.३.२.७ नवीन वस्तुसम्बन्धी

समाज र सभ्यताको विकाससँगै नयाँ वस्तुहरू उत्पादन भएका छन् । लोकसमुदायले तिनको प्रयोग र प्रचलन गर्दै आएको पाइन्छ । तिनका बारेका गाउँखाने कथा जुराई प्रयोगमा ल्याएको पाइन्छ । अछामी लोकसमाज यातायातको क्षेत्रमा बिस्तारै बामे सर्ने क्रममा भए पनि सूचना र सञ्चारको क्षेत्रमा भने फट्को मारेको देखिन्छ । विभिन्न उद्योगहरूबाट उत्पादन गरेका सामानहरू प्रयोग गर्न थालेको पाइन्छ, जस्तै:

अगाडि मणो (मुर्दा), पछाडि बाट्- क्य हो । — सुईयो (सियो) र धागो ।

आफू त हत्केला जसो (जस्तो), बार (१२) धान्नि बोसो । — सापन (साबुन)।

आफु वारि घर पारि, एक पल्ट (पटक) नगइ नहुन्या (नहुने) ।

— बच्छेउनीका (कमिजका) टाँक ।

एका थालउनी तीन भाइ नात्ता । — घणि ।

एक ढुन्का पानील सिउती सेरो रोप्तो । — मसि ।

खुट्टा छन् हट्टैन, आँखा छन् धेक्तैन, मुख छ बोल्लैन । — फोटो ।

नाखउनी बस्तो, कानउनो समात्तो । — चश्मा ।

नाख मेरा नथनी पिड्ना परि घा,

यो कथा नराउने कुकुर पोली खा । — तराजु ।

नान्नाना आटी घर भित्त, कालाइ काला टाउके धामी । —कर्के ।

पानी पणे पग्लिजा, माटो पणे कुइजा,

झैं पणे झकणा पणे कचहरी तइजा । — कागत ।

**३.३.२.८ आजीविकासम्बन्धी**

अछामी लोकसमाज परम्परादेखि नै जीवन निर्वाहका लागि खेतिपाती गर्ने, पशुपालन गर्ने, कुटनपिँधन गर्ने जस्ता कार्यका सम्लग्न रहदै आएको छ । आजीविकाका लागि आवश्यक पर्ने वस्तुहरूसँग सम्बन्धित गाउँखाने कथाहरू निर्माण गरेको पाइन्छ, जस्तैः

इन्सिङ् मिर्नसिङ् काली गाइका तीन सिङ । — अधान (ओदान) ।

एक सिङे गाई सिङउनो समाया ड्या ड्या पाड्डी । — जुतारो ।

एका बड्डाका सय आँखा । — डोको ।

कथा न कुथुनी, हान् तेरा थुतुनी । —बासो ।

कालो बल्ल दिनभरि चरिकन पन भाछई भोकै घर आउनो । — आँसी ।

खेतका इल्चाउनी बेलको गेणो नात्तो,

तेइसँग लाग्या पछि हातखुट्टा भात्तो । — घट्ट ।

डाणाउनि गइकन सुक्य सुक्य भनि डाक्थो । — बन्चरो ।

दाँत भाइर, ओठ भित्त । — मुसल ।

बजगाउँ बजगाउँ, बजगाउँकी बड्डीकी लात्ताल घच्काउँ ।— ढिकि ।

रतेनी बज्यैका ढेलउनो ( ढेलकमा) तारो । — मुसल ।

दिनभरि खरितुरि, रातभरि कान्ला कुरी । — हलो ।

### ३.३.२.९ भेषभूषा र आभूषणसम्बन्धी

अछामी लोकसमुदायले परम्परादेखि प्रयोग गर्दै आएका विभिन्न भेषभूषा र आभूषणलाई गाउँखाने कथामा उनेको पाइन्छ जुन लोकसंस्कृतिका उल्लेख्य अङ्गका रूपमा रहदै आएका छन् । यस्ता गाउँखाने कथाहरू प्रायः स्त्रीका गरगहना, परम्परागत पहिरनसँग सम्बन्धित हुने गर्दछन् । जस्तैः

आफू रूख चड्डो, गोडा भइअथी राख्थो । — चप्पल ।

छकालै उठी, गुन्देला हात । — बच्छेको बाउलो ।

छकालै उठी, मुन्टाउनो आणी घोप्ट्याउनो । — टोपी ।

ठूला पघारका इल्चाउनी, पियाली चल्लो चई खेल्लो । — फुलि ।

डाणाका डिकउनि एक फूल फुल्याको । — खन्टो ।

तँ से, म हाल्लो भया । — जुता ।

### ३.३.२.१० खाद्यपदार्थसम्बन्धी

लोकसमुदायले आफ्नो खानपान प्रयोग हुने खाद्यपदार्थलाई प्रतीकात्मकरूपमा गाउँखाने कथाको संरचनामा गाँसेर राखेको पाइन्छ । यस्ता गाउँखाने कथाहरूलाई खाद्यपदार्थसम्बन्धी गाउँखाने कथामा राखेर वर्गीकरण गरिएको छ । जस्तैः

तँ जानै र म पछिड्नो आउनै रउला । —महि र कोदोको रोटी खाँदाको प्रसंग ।

नाउँको मान्या, बाहिर रुङा हुन्या, मरे चाइन्या,

तरे चाइन्या त्यो नभइ नहुन्या । — जौ ।

भाइर सुन, भित्त चानि । — धान ।

यौटी बैनी सात खाइटा ओड्डी । —घोगो ।

सेती गाई पानी खान गइ र राति भएर आई । — लावन (सेल रोटी) ।

### ३.३.२.११ कार्यव्यापारसम्बन्धी

कार्यव्यापार भनेको शारीरिक र मानसिक क्रियाकलाप हो । प्रायः गाउँखाने कथामा कुनै प्रकारको वस्तुका बारेमा या कुनै प्रकारको कार्यव्यापार आएको हुन्छ नै । जस्तो हलो भनेको वस्तु हो भने हलो जोत्नु भनेको कार्यव्यापार हो । अतः मानवीय र मानवेत्तर कार्यव्यापार प्रकट हुने गाउँखाने कथालाई यस वर्गीकरणमा राख्न सकिन्छ, जस्तैः

आफू त बामन, ढेलउनो चानन् । — घराएको ताउलो।

औलको खेत लेखको कुलो

पाँचभाइ रोपाँइ अद्दा ठूलो । — कलमले कापिमा लेखेको ।

खुट्टा छन् दशवटा, छ वटा छन् कान्

दुई खुट्टाले धकेल्लो, आठ खुट्टाले तान् । — बल्ल जोत्ने काम ।

गोरु खोइ परउना लाउना, गोब्री ठेउका दुना । — मह गाड्ने बेला ।

तल्ला घरइ बड्डीको पाथि जत्तो चाख,

मुल्ला घरा बड्डाल उफ्णी उफ्णी जाख । — ढिकि कुटेको ।

थोकाइ हाल्या ऐअ ऐअ, पुराइ हाल्या हाइ सन्चो । — चुणा हाल्ने बेला ।

पानीउनो खेल्लो छु, जलेव होईन, चारो टिप्तो छु परेव होईन,

बास्ता त बास्तो छु कोकले होईन । — रोप्नेरील धान राप्दै गाएको ।

भया भा दिन्या छियान, छैन खाइजा । — लिडे लछिमिल डाससँग भनेको

हो हैथि, हो हैथि । — लट्ठी टेकेको ।

### ३.३.२.१२ समाज र संस्कृतिसम्बन्धी

सामाजिक-सांस्कृतिक मूल्य, मान्यता तथा सन्दर्भ र परिस्थितिलाई आत्मसात गरिएका गाउँखाने कथालाई यस अर्न्तगत राखी अध्ययन गरिएको छ । समाजमा विभिन्न सन्दर्भमा विभिन्न चाडपर्व, जात्रा जस्ता अवसरमा प्रयोग गर्दै आएका विभिन्न विषयसँग र वस्तुसँग सम्बन्धित गाउँखाने कथाहरु लोकसमाजले आफ्नै तरिकाले निर्माण गरेको हुन्छ । विभिन्न अवसरहरूमा लगाइने पहिरन, बजाइने बाजा, प्रयोग हुने सामाग्रीहरू, हातहतियार, साथै परम्परादेखि समाजमा प्रचलित धर्म-कर्म, विद्या र ज्ञान आदि विभिन्न लोक भनाइसँग सम्बन्धित गाउँखाने कथाहरू  हुन्छन् । जस्तैः

अल्काइ पघारउना भेडा गल्थिएका ।  — चड्निका दइचावल ।

एका घरको एक्कै कोठो ।     — मादल ।

ओड्न्याल धेक्तैन, धेक्नेल ओड्डैन । — कात्रो ।

काली खोला बस्तो लालपानी पिउनो,<br>
परउनो आउनेकन ठाडै जवाफ दिनो । — खुकुरी ।

गनगने बड्डीका पिड्नाउनी नसा । — दमाया ।

छ जोगि, बा र बामन्,<br>
तीन लावन एकन् अरि (एक एक गरि) खावन् । — जोगि, बाबु र बामन ।

तेरी मा मेरी मा परि वन जाउला,<br>
तीन गेणा इमिला एकन्अरी खाउला । —आमा, छोरी, नातिनी ।

पेट मेरा गाणि गुणि रोगी नभनेइ, हात मेरा लट्ठी बड्डो नभनेइ, चन्डी मेरा छारो जोगी नभनेइ ।                                    — हुक्का

यसरी अछामी गाउँखाने कथालाई त्यहाँको लोकसमाजले यो संसारलाई हेर्ने र बुझ्ने कुराका आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।  अछामी गाउँखाने कथालाई प्रकृति वा विश्व ब्रह्माण्ड, पशुपन्छी तथा जीवजन्तु, मानव, प्राकृतिक वन, कृषिजन्य वनस्पति, परम्परागत वस्तु, नवीन वस्तु, आजीविका, भेषभूषा, खाद्यपदार्थ, कार्यव्यापार,

समाज र संस्कृतिसम्बन्धी  जस्ता विषयवस्तुका आधारमा वर्गीकरण गर्न सकिन्छ । त्यसैले गाउँखाने कथाको उत्तर भन्नु पर्दा एउटा न एउटा विषयका पुगेर टुङ्गिने हुनाले विषयवस्तुकै आधारमा गाउँखाने कथाको वर्गीकरण गर्नु बढी वैज्ञानिक पनि हुन सक्छ ।

## ३.४ अछामी गाउँखाने कथाको विश्लेषण

लोकजीवनमा मनोरञ्जन प्राप्त गर्ने तथा बौद्धिक तीव्रता प्रकट गर्ने माध्यम गाउँखाने कथाले लोकसाहित्यका अन्य विधाहरूमा जस्तै स्थानीय विम्वहरूको चित्रण गरेको पाइन्छ । अछामी जनजीवनका सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक पक्षहरू यहाँका गाउँखाने कथाहरूमा पाइन्छन् । यहाँ प्रचलित गाउँखाने कथाहरूमा यहाँका मानिसहरूले आफूले प्राप्त गरेका ज्ञान अरूलाई अर्पित गरी जीवनका विभिन्न गूढ रहस्यलाई बुझ्ने तथा खोतल्ने क्रममा अछामी समाज र संस्कृतिका विभिन्न चित्रहरू भेट्न सकिन्छ । अछामी लोकजीवनमा दैनिक प्रयोग हुने सामानहरू, भोग्नु परेका दुःख-सुख, फल-फूल, भीर-पाखा, खेतबारी, ब्रह्माण्ड आदिलाई गाउँखाने कथामा शब्दका माध्यमबाट प्रतिबिम्बित गरेको पाइन्छ ।

यहाँको बहुसंख्यक जनसंख्या कृषि पेशामा नै सम्लग्न रहेको पाउन सकिन्छ । पढे - लेखेका मान्छेहरू शहर केन्द्रित हुने र बेरोजगार युवाहरू विशेष गरेर भारतका विभिन्न ठाउँमा कामका लागि बाहिरिने भएकाले गाउँघरमा रहने बूढाबूढी, आइमाई र केटाकेटीहरूको मनोरञ्जनको साधनको रूपमा परम्परादेखि रहदैं आएका लोकसाहित्का अन्य विधा झैं गाउँखाने कथा पनि एक  हो । खेतीपाती, मेलापात, घाँसदाउरा, उकालीओराली, ढिकी-जाँतो, चुलो-चौको जस्ता लगातार वा सधैं उही काम गर्दा दिक्क लाग्नु स्वभाविकै हो । यहाँका मान्छेहरू दुःख, उकुसमुकुस र छटपटिलाई भुलाउन एकैछिन भएपनि मनोरञ्जनको लागि गाउँखाने कथा हाल्दै रमाउँछन् । अछामी गाउँखाने कथामा लोकजीवनले भोगेका  सुख-दुःख, व्यवहारिक कुरा, सामाजिक वातावरण, रहनसहन जस्ता समाजका विभिन्न पक्षहरूको चित्रण गरिएको पाइन्छ । अछामी गाउँखाने कथाका यिनै विषयवस्तुलाई आधार बनाएर सामाजिक, आर्थिक, सांस्कृतिक र प्राकृतिक पृष्टभूमिमा विश्लेषण गरेर अध्ययन गर्न उपयुक्त देखिन्छ ।

### ३.४.१ अछामी गाउँखाने कथामा प्रतिबिम्बित सामाजिक अवस्थाको चित्रण

कुनै पनि समाजले आफ्नै खालको जीवनपद्धति अङ्गालेको हुन्छ । सामाजिक अवस्थाले समाजको रहनसहन, बोलीचाली, व्यवहार, जीवन जीउने तरिका, दैनिक जीवनमा प्रयोग हुने सामाग्रीहरू निर्धारण गरेको हुन्छ । त्यसै अनुसारको विश्वलाई बुझ्ने विश्व दृष्टिकोणको विकास भएको हुन्छ र त्यसरी नै लोकसाहित्यको विकास भएको हुन्छ । अछामी गाउँखाने कथामा पनि त्यहाँको जीवनका व्यवहार तथा आवश्यक्तासित सम्बन्धित वस्तुचित्रहरू फेला पर्दछन् । दैनिक व्यवहारमा प्रयोग हुने वस्तुदेखि विश्व ब्रह्माण्डलाई हेर्ने र बुझ्ने दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ । अछामी गाउँखाने कथाहरूको अध्ययनले यहाँको सामाजिक परम्परा के-कस्तो थियो वा छ भन्ने कुरा बुझ्न सकिन्छ  किनभने गाउँखाने कथाहरू परम्परादेखि नै मुखै-मुख भइ विकसित भएर आएको विधा हो । अछामी लोकजीवनमा विद्यमान रहदै आएका सुख-दुःख, जीवनयापन गर्ने माध्यमलाई निम्न गाउँखाने कथाको अध्ययन गर्दा अझ बुझ्न सजिलो हुन सक्दछ जसले त्यहाँको सामाजिक अवस्थाको बारेका चित्रण गरेको पाउन सकिन्छ । जस्तैः

(क) अणगज्जी रूखका गणगज्जी पात

को लाइदेऊ दुनाटपरी को खाइदेऊ भात क्या हो । — सल्लाको पिरल

(ख) आमा गईन् घाँस बाबु गया गाउँ

ढोकाउना बस्या लटेबाहाजी म कता जाउँ । — ताल्चा

(ग) उँदो मुन्टो, उबा खुट्टा जेउणीकी तानातान

हुन्छ कि हुनैन भनी मनउनो हानाहान । — मइ पाणेको

यहाँ (क) को गाउँखाने कथामा एउटा सल्लाको ठूलो रूख र त्यसका सियो जस्ता पातलाई पनि गणगज्जी अर्थात त्यस्तै रूखजस्तै भएको कुरालाई अभिधार्थमा प्रस्तुत गरिएको छ । सियो जस्ता पातको दुना टपरी बनाएर को भात खान सक्छ भनी प्रश्न सोधिएको छ । यहाँ यस्तो काम गर्न असम्भव भएको कुरालाई अर्थ्याउन खोजे पनि अछामी जनजीवनमा गोठाला जादाँ खर्कमा बस्दा होस या विभिन्न चाडवाडमा थालीको अभावमा दुना टपरीमा खाना खुवाउने त्यहाँको सामाजिक परम्पराको चित्रण गरेको पाइन्छ । त्यस्तै (ख) को गाउँखाने कथाले पनि अछामी लोकसमाजको यथार्थरूपमा चित्रण गरेको पाइन्छ ।

अछामी समाजमा प्रायः आइमाईहरू घाँसदाउरा गर्न मेलापात जाने, पुरुषहरू विभिन्न कामका लागि गाउँघरतिर जाने र केटाकेटीहरू गाईभैसी चराउन वन पाखा चहार्ने गर्दछन् । यो गाउँखाने कथामा लटेबाहाजी भनेर ढोकामा लगाइएको ताल्चालाई चित्रण गरिएका छ । केटाकेटीहरू बेलुका भोकाएर घरमा आउँदा घरमा कोही नभइ ताला लगाएको देख्दा अब के गर्ने अर्थात कहाँ जाने भनी प्रश्न गरिएको छ । जसले अछामी सामाजिक जनजीवनलाई यथार्थरुपमा प्रस्तुत गरेको छ । (ग) को गाउँखाने कथामा पनि गाई, भैसीको दुध दहीबाट मही पार्न लागेको कामसँग सम्बन्धित छ । यहाँका मानिसहरू एकातिर रोटी निल्न तिहुनको रूपमा महीको प्रयोग गर्दछन् भने अर्कोतिर दुःख गरेर निकालिएको घिउबाट नुन, तेल, लत्ता कपडा किन्ने गर्दछन् । यस गाउँखाने कथामा मदानिलाई मानिसको प्रतीकको रूपमा उपस्थित गराइ तलतिर टाउको र माथितिर खुट्टा गरेर मदानिलाई तानातान गरिए पनि छिट्टै महि गरेर घिउ बनाउन सकिन्छ कि सकिदैन भनी महि पार्ने मान्छेको मनमा हानाहान भएको प्रसंगलाई गाउँखाने कथामा उनिएको छ । जसमा पशुपालन गरेर जीविकोपार्जन गर्ने अछामी लोकजीवनको सामाजिक अवस्थाको प्रतिबिम्बि झल्किएको छ ।

(क) एक कोसी राइतो, लङ्का पुराइतो - क्या हो ? —पर्सो ।

(ख) खुट्टा छन् दशवटा, छ वटा छन् कान
दुई खुट्टाल धकेल्ने, आठखुट्टाल तान् । — बल्ल जोतेको

(ग) दिनभरी खुरी तुरी, रातभरी कान्ला कुरी । — हलो

(घ) पानीउनो खेल्लो छु जलेव होइन, चारो त टिप्तो छु परेव होइन
बास्ता त बास्तो छु कोकले होइन क्या हो । — रोप्नेरी ।

माथि (क) को गाउँखाने कथामा अछामी जनजीवनको कार्यव्यापारको बारेमा उल्लेख गरिएको छ । बहुसंख्यक मानिसहरू कृषि पेशामा आबद्ध हुने अछाम जिल्लामा खेतीपातीका लागि बनाइने मलको थुप्रोलाई एक कोसी राइतोका रूपमा चित्रण गरी त्यो राइतोलाई धेरै टाढाको खेतमा पुर्‍याउनु पर्ने भएकाले लङ्कालाई टाढाको ठाउँको रूपमा चित्रण गरिएको छ । जसले घरबाट धेरै टाढा-टाढा खेतमा मल पुर्‍याउने दुःखपूर्ण अछामी सामाजिक पक्षको चित्रण गरेको छ । त्यसै गरी (ख) मा उल्लेखित गाउँखाने कथा एकातिर बौद्धिक खालको छ भने अर्कोतिर कृषि कार्यसँग सम्बन्धित छ । अछामको भू-बनोट समथल नभएकाले

खेतबारी जोतखन गर्न गोरुको प्रयोग गरिन्छ । यहाँ दुइटा गोरुका चार-चार खुट्टा गरी आठवटा र गोरु जोत्ने मानिसका लगाएर दश खुट्टा र त्यसै गरी छ कान हुन्छन् र हलीले खुट्टाले माटोलाई धकेल्ने र गोरुले हलो तान्ने गरेको कार्यव्यापारको बारेमा उल्लेख छ । (ग) को गाउँखाने कथा पनि कृषि व्यवसायसँग प्रयोग गरिने हलोसँग नै सम्बन्धित छ । जुन हलो दिनभरी खेतबारी जोतखन गरी कान्लामै राखिने भएकाले हलोलाई मानवीकरणी गरी कान्ला कुर्न परेको कुरालाई बुझाइएको छ । (घ) को गाउँखाने कथा अषाढको महिनामा खेतमा धान रोप्दाको प्रसंगलाई उल्लेख गर्न खोजिएको छ । यहाँ धान रोपाईं गर्दा महिलाको सहभागिता रहने गर्दछ र अछामी जनजिब्रोमा रोपाहारलाई रोप्नेरी भनिन्छ । दिनभरी पानीमा नै धान रोप्नु पर्ने भएकाले पानीमा नै रहने चरा पनि होईन, धान रोप्दा हात तलमाथि गरिने भएकाले चारो टिपेजस्तो देखिन्छ र धान रोप्दा समय बिताउन वा अल्छीलाई हटाउनको लागि कोकिल स्वरमा रोपाहारहरू गीत गाउने भएकाले यहाँ रोपाहारलाई जलेवा, परेवा र कोकले चराको प्रतीकका रूपमा उभ्याएर पनि ती नभई यस्तो क्रियाकलाप कसले गर्दछ भनी प्रश्न सोधिएको छ । यसरी अछामी जनजीवनका गरिने कृषि कार्यसँग सम्बन्धित विभिन्न पक्षहरूलाई अछामी गाउँखाने कथामा उनेको पाइन्छ ।

(क) अगाणि खानो पछाणि पोख्तो । — बाख्रो

(ख) चार गेणा इमिला पेली चारैमाना चुक

चुक पेली ढुन्काउनो हाल्या गेणा रहे रूख । — भैसींका थुन ।

(ग) मासु खानाइलाई दुनु लाया, मासुल दुनु खायो । — खसी ।

अछाममा खेतीपातीका साथै पशुपालन गरिने भएकाले अछामी गाउँखाने कथामा पशुका बारेमा गाउँखाने कथाको रचना गरिएको पाइन्छ । (क) को गाउँखाने कथामा बाख्रोलाई अगाडि खाने र पछाडि गेडा पोख्दै जाने भनेर चित्रण गरिएको छ । त्यस्तै (ख)को गाउँखाने कथालाई कवितात्मक लयमा भैसीका चार थुनलाई चार दाना अमिलाको प्रतीकका रूपमा चित्रण गरिएको छ । भैसी दुहुदा चारैमाना चुकलाई दुधको प्रतीकका रूपमा र दुध दुहेर ठेकीमा हाल्दा पनि थुन भने भैसीसँग रहने प्रसंगलाई प्रस्तुत गाउँखाने कथामा उल्लेख गरिएको छ । त्यस्तै गरी (ग) को गाउँखाने कथामा खसी काटेर मासु खानको लागि दुना लगाउदा खसीले नै दुनालाई खाइदिएको कुरालाई उल्लेख गरिएको छ । यहाँ खसीलाई

मासुको प्रतीकको रूपमा उभ्याएको छ । यसरी अछामी गाउँखाने कथामा पशुसम्बन्धि गाउँखाने कथाहरू प्रचलित छन् ।

(क) असली बाम्नका घर दरी ओछ्याएको

न ओड्ने न ओछ्याउने पर धरेको क्या हो । – किताब

(ख) आफू त बामन ढेलउनो चानन् । – घराएको ताउलो ।

(ग) कामीको छोरो, बाम्नको नाति, बस्तो देला मुथि । – ताल्चा ।

(घ) पुट्के भण्डारी, नसाको भारी । –दमाया

(ङ) लकपक डाङलीका झिरूवाले फूल, यो कथा नराउने उइको बाबु भुल ?

–अफिम ।

माथि उल्लेखित अछामी गाउँखाने कथामा अछामी समाजमा विभिन्न जातजातिलाई उनेर गाउँखाने कथा निर्माण गरिएको छ जसले यहाँको सामाजिक जीवनको चित्रण गरेको छ । (क) को गाउँखाने कथामा असली बामन भनेर उपाध्याय बाहुनलाई जनाएको छ जसको घरमा किताब फिजाएर राखिएको छ । किताबलाई दरीको प्रतीकको रूपमा प्रस्तुत गरिएको छ । त्यो किताब ओढ्ने र ओछ्याउने वस्तु नभइ फूलबुट्टाले भरिएको छ भनि अर्थ्याइएको छ । अछामी लोकसमाजमा बाहुनले मात्र पढ्ने परम्परा रहेको कुरालाई प्रस्तुत गरिएको छ । (ख) को गाउँखाने कथामा पनि बाहुनसँग सम्बन्धित देखिन्छ । परम्परादेखि नै बाहुनलाई शुद्धताको प्रतीक मानी भोजभतेरमा बाहुनलाई भात पकाउन लगाइने संस्कार अनुसार भात पकाउने ताउलीलाई बाहुन जस्तो चोखो भए पति त्यो भाँडाको पिधमा बाहुनले निधारमा लगाउने चन्दन जस्तै खरानी पोतेको कुरा उल्लेख गरिएको छ । त्यस्तै (घ) को गाउँखाने कथामा लोकसंस्कृतिको पहिचान दमाहालाई पुट्के भण्डारीको रूपमा चित्रण गरी दमाहालाई कस्नको लागि प्रयोग गरिएका डोरीहरूलाई नसाको प्रतीकका रूपमा चित्रण गरिएको छ । त्यसैगरी (ङ) को गाउँखाने कथामा अफिमको फुलको गाउँखाने कथा भए पनि त्यो कथा थाह नपाउनेलाई कथित तल्लो जात भनिने भुल (सार्की) हो भनी सम्बोधन गरिएको छ । यसरी अछामी समाजका विभिन्न जातजातिसँग सम्बन्धित गाउँखाने कथाहरूले अछामी सामाजिक जीवनको चित्रण गरेको पाइन्छ ।

अछामी सामाजिक जीवनयापनको लागि लगाइने विभिन्न फलफूल, सागपात, अन्न लगायत स्वाथ्यसम्बन्धी जनचेतना र शरीरका अङ्गप्रत्यङ्ग र केटाकेटी, बूढाबूढी, आइमाईसँग सम्बन्धित गाउँखाने कथाहरू प्रशस्त भेटिन्छन् जस्तैः

(क) अल्काइ पघारउना दुई गेणा इमिला -क्य हो । –बैकिनीका चुचु ।

(ख) अल्काइ पघारउनो दमाय घोप्टे हालेको । – नाइटो ।

(ग) आफू रुख जानो, थणीथाङ्ना भँय फाल्लो ? केलो ।

(घ) आमा घर, छोरी रनबन । – साँचो ।

(ङ) ए मुथिका मान्छेउ के गर्छउ गणगण,

हामी छन्ति राणकाउ तमिकि क्य डर । – पणेउ ।

(च) तामा गाबुको काठको बिण्को । – खुर्सानी ।

(छ) धसक्क धसारी खुट्टो पसारी,

रातो हाली सुकिलो गाणी । – जुतारोमा गहुँ पिनेको ।

(ज) नाउँको मान्या, बाहिर रुङा हुन्या, मरे चाइन्या,

तरे चाइन्या त्यो नभइ नहुन्या । – जौ ।

(झ) हो हैथि, हो हैथि । – लट्ठी टेकेको ।

(ट) आफू बड्डी घोप्टे पड्डी,

अझ परउना आँखा तड्डी । – डोको ।

(ठ) थोकाइ हाल्या ऐअ ऐअ, पुराइ हाल्या हाइ सन्चो । – चुणा हाल्ने बेला ।

उर्पयुक्त (क) देखि (ठ) सम्मका गाउँखाने कथाले अछामी जनजीवनमा पाइने विभिन्न अन्न, फलफूल, घरायसी कामकाजमा प्रयोग हुने विभिन्न सरसामानहरू, आइमाई र बूढाबूढीसँग सम्बन्धित र शरीरका अङ्गप्रत्यङ्गलाई विभिन्न प्रतीकका माध्यमबाट अछामी सामाजिक अवस्थाको चित्रण गरेका छन् ।

### ३.४.२ अछामी गाउँखाने कथाभित्र प्रतिबिम्बित सांस्कृतिक अवस्थाको  विश्लेषण

अछामी लोकजीवन आफ्नै चोखो लोकसंस्कृतिमा हुर्कदै आएको पाइन्छ । परम्परादेखि चल्दै आएका विभिन्न सामाजिक सांस्कृतिक मूल्य, मान्यता तथा सन्दर्भ र परिस्थितिलाई अछामी गाउँखाने कथाले आत्मसाथ गर्दै आएका छन् । सुख-दुःख, हर्ष-विस्मातका अनेक क्षेत्रमा एकैछिन भएपनि मनोरञ्जनका लागि विभिन्न सांस्कृतिक परम्परालाई गाउँखाने कथामा उनेर बसीबियाँलो गर्दछन् । वर्षैभरी आउने विभिन्न चाडपर्व, हर्ष उल्लासका दिनहरूमा आफूले संगालेर राखेका सुख-दुःखका अनुभूतिहरूलाई गाउँखाने कथाको माध्यमबाट प्रस्तुत गर्ने गर्दछन् । अछामी रहनसहन, चालचलन, भेषभूषा, दैनिक जीवनमा प्रयोग गर्ने भाँडा-कुँडा माथिको दृष्टिकोणले त्यहाँको सांस्कृतिक पक्षलाई झल्काएको पाइन्छ । यस्ता विभिन्न पक्षहरूलाई यस जिल्लाका गाउँखाने कथाले नेतृत्व गरेका छन् । जस्तैः

(क) अल्काइ पघारउनो भेडा गल्थिएका । — दइचावल ।

(ख) आइ बड्डी मच्चिनइ, गइ बड्डी थच्चिनइ । — चइ ।

(ग) घरभित्तइ बुने, घरभित्तइ उम्रने । — जवारा ।

(घ) अल्काइ पघारउना गुराउँसी फूल फुल्याका । — रातो टिका

यहाँ माथि उल्लेखित अछामी गाउँखाने कथाहरूले विभिन्न चाडबाड, अवसरको प्रतिनिधित्व गरेका छन् । (क) को गाउँखाने कथामा अछामका भिरपाखा र त्यहाँ चराउन लगिएका भेडा बाखा जम्मा भएको कुरालाई अभिधार्थमा बुझाए पनि प्रतीकात्मक अर्थमा भेटघाट, दशैं तिहार जस्ता चाडबाडमा दहिमा चामल मुछेर निधारमा लगाउने चलनलाई प्रस्तुत गरिएको छ । (ख) को गाउँखाने कथामा दशैं तिहारमा युवायुवती, केटाकेटीहरूले रमाइलोको लागि पिङ खेल्ने कुरालाई बुझाउन खोजिएको छ । पिङलाई बूढी आइमाईको प्रतीकको रूपमा प्रस्तुत गरी पिङ खेल्दा मच्चिने कुरालाई लयात्मक पाराले प्रस्तुत गरिएको छ । (ग) र (घ) को गाउँखाने कथामा पनि जमारा र निधारमा लगाइने रातो टिकालाई चित्रण गरिएको छ । यस्ता यहाँको विभिन्न चाँडपर्व, अवसरमा गरिने विभिन्न क्रियाकलापहरूलाई बुझाउन विभिन्न प्रतीकको प्रयोग गरी अछामी गाउँखाने कथाहरू उनेर निर्माण गरिएका पाइन्छन् ।

अछामी लोकसमाजले लगाउने पोशाक, लत्ताकपडा, गरगहनाका बारेमा पनि गाउँखाने कथाहरू निर्माण गरिएको पाइन्छन् जसले अछामी सांस्कृतिक अवस्थाको प्रतिबिम्बलाई प्रतिनिधित्व गर्ने गर्दछन् । जस्तैः

(क) अल्काइ पघारनो पयालो चल्लो चइहो चइहो भन्नो । — फुली ।

(ख) पघार डिकउनी सुर्ज फूल फुलेको । — खन्टो ।

(ग) आफू रूख चड्डो गोडा भइअथी राख्तो । —चप्पल ।

(घ) छकालै उठी गुन्देला हात । — बच्छेका बाउलाउनो हात हाल्नु ।

यहाँ (क) को गाउँखाने कथामा आइमाईका शरीरलाई अग्लो भिरको रूपमा प्रस्तुत गरी नाकमा लगाइएको बुलाकी हल्लिने भएकाले पिङ खेलीरहेको पहेंलो चरोको प्रतीकको रूपमा प्रस्तुत गरिएको छ भने (ख) को गाउँखाने कथाको उत्तरको रूपमा आएको खन्टोले अछामी महिलाहरूले लगाउने गरगहनाको प्रतिनिधित्व गरी यहाँको संस्कृतिलाई उजागर गरेको छ । त्यस्तै (ग) को गाउँखाने कथाले अछामी लोकजीवनमा पशुपालन गरिने भएकाले गाइबस्तुलाई घाँस काट्न रूख चढ्दा चप्पललाई भुँइमा राख्नुपर्ने कुरालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । यो गाउँखाने कथा अभिधार्थमा असम्भव जस्तो देखिए पनि गोडालाई चप्पलको रूपमा प्रस्तुत गरिएको छ । तर कोही कोही बूढाबूढीहरू अहिलेसम्म पनि चप्पल लगाएर हिड्न नजान्ने पनि छन् भने (घ) को गाउँखाने कथामा राति सुत्दा कमिज खोलेर सुत्ने र बिहानै उठ्दा कमिजको बाउलामा हात छिराउने कुरालाई चित्रण गर्न खोजिएको छ । अछामी लोकसमाजले लगाउने कमिज बर्का आदिका पनि गाउँखाने कथाहरू प्रशस्त पाइन्छन् जसले त्यहाँको लोकसंस्कृतिलाई बुझ्न सजिलो हुने गर्दछ ।

अछामी गाउँखाने कथाहरूले लोकजीवनमा प्रयोग हुने विभिन्न भाँडा-कुँडा, सरसामान, खुकुरी, बन्दुक, हुक्का, सुल्पा आदिलाई प्रतिबिम्बित गरेको पाउन सकिन्छ । जसले यहाँको जनजीवनको सांस्कृतिक अवस्थाको चित्रण गरेका छन् । जस्तैः

(क) कान ताने मुख बाउनो । — थैली ।

(ख) काली खोला बस्तो लालपानी पिउनो,

परउनो आउनेकन ठाडै जवाफ दिनो । — खुकुरी ।

(ग) गनगने बड्डीका थाप्लाउनी आगो । — हुक्का ।

(घ) पारि मेला कुकुर भुक्तो, मेरो भुँणी फुट्टो । — बन्दुक ।

(ङ) हाम्रा गाउँका मोखियाका ढेलउना कान — थैलो ।

यहाँ (क) गाउँखाने कथामा आगो पाड्नको लागि ठिन्का र झुलो राख्नलाई बनाइएको थैलीका डोरी तान्यो भने मुख खोलिने कुरालाई चित्रण गरिएको छ । मेलापात, घाँसदाउरा गर्न जादाँ विशेष गरेर आइमाईहरू थैलीको प्रयोग गर्ने गर्दछन् । (ख) को गाउँखाने कथामा नेपालीहरूलाई बहादुर भनेर चिनाउने खुकुरी कालो दापमा राखिने भएकाले कालीखोला बस्ने र पशुपन्छीलाई काट्न प्रयोग गर्दा रगत लाग्ने भएकाले लालपानी पिउने र परी आएको बेला सुरक्षाको लागि पनि प्रयोग गर्न सकिने कुरालाई प्रस्तुत गरिएको छ । त्यस्तै (ग) को गाउँखाने कथामा परम्परादेखि शौखको रूपमा प्रयोग गरिने हुक्कामा तम्बाकु खाने प्रसंगलाई चित्रण गरिएको छ । हुक्कालाई गनगने बुढीको प्रतीकको रूपमा उभ्याएर टाउकोमा आगो लगाउने जस्ता कुरा अभिधार्थमा असम्भव देखिने यो गाउँखाने कथाले अछामी समाजको परम्परागत सांस्कृतिक अवस्थालाई चित्रण गरेको छ आजभोली पनि धामी-झाँक्रीहरूले देउता तान्नेबेला हुक्का प्रयोग गर्दै आएका छन् । (घ) को गाउँखाने कथाले बन्दुकका बारेमा रहेको छ भने (ङ) को गाउँखाने कथामा धान, मकै हाल्न प्रयोग गरिने हातले बनाइएको थैलो(बोरा)लाई गाउँको मुखियाको रूपमा चित्रण गरिएको छ जुन थैलाको पुछारमा समात्न सजिलोको लागि फुर्का राखिएको हुन्छ । यसरी अछामी गाउँखाने कथाहरूले यहाँको लोकसमाजमा प्रयोग गरिदै आएका विभिन्न हातहतियार, सरसामानहरूलाई विभिन्न प्रतीकका माध्यमले सांस्कृतिक अवस्थाको चित्रण गरेको पाइन्छ ।

अछामी लोकसमाजमा विभिन्न चाडपर्व, सुख-दुःखका अवसरहरूमा विभिन्न बाजागाजाहरू बजाइने गरिन्छ । यस्ता बाजागाजासँग सम्बन्धित गाउँखाने कथाहरू पनि प्रशस्त मात्रामा पाइन्छ । जस्तैः

(क) पारि गाउँ जन्त छियो, कन्ल भन्या छियो,

जइका पेट आन्द्रा पोट्या नाइ उइल भन्यो छियो । — दमाया ।

(ख) गालाभरी मुसैमुसो, जीउभरी नसैनसा । — मादल ।

(ग) छोराल गालाउनी हान्या, आमा ठाणै डाँणो थर्काउनी । —घाँट ।

(घ) बास्तो निन्नेरुका जन निन्नेरु पन होईन, खानो पराली मुठो बल्ल पन होईन ।  – सनाइ बाजो ।

अछामी जनजीवनमा विवाह गर्दा होस् या मान्छे मर्दा होस् दमाहा, सनाइ, नरसिम्हा जस्ता बाजा बजाइने गरिन्छ । यी बाजाहरूले अछामी लोकसमाजको संस्कृतिलाई जीवन्त राखेका छन् । यहाँ (क) को गाउँखाने कथा जन्तमा बजाइने दमाहासँग सम्बन्धीत छ । दमाहा बजाउँदा एक गाउँबाट अर्को गाउँमा सुनिने भएकाले कहाँ के भइरहेको छ भन्ने कुरा थाह पाउन सकिन्छ । यस गाउँखाने कथामा दमाहालाई पेटमा आन्द्रा भुँडी नभएको मान्छेको रूपमा मानवीकरण गरेर अर्को गाउँमा जन्तका दमाहा बज्दा थाह भएको कुरालाई चित्रण गरिएको छ । यहाँ दमाहाले सञ्चारको काम गरेको छ । दमाहा अछामी लोकजीवनको सांस्कृतिक अवस्थालाई चित्रण गर्ने लोकबाजा हो । (ख) को गाउँखाने कथा मादलसँग सम्बन्धित छ । यहाँ विभिन्न लोक सांस्कृतिक कार्यक्रममा मादल बजाएर नाच्दै मनोरञ्जन गरिन्छ । मादलको कालो खरीलाई मोसोरूपमा र मादललाई कस्नको लागि प्रयोग गरिएका डोरीलाई शरीरका नसा रूपमा चित्रण गरिएको छ । मादलले यहाँका लोकसंस्कृतिलाई जीवन्त राखेको पाइन्छ । (ग) को गाउँखाने कथाले पनि यहाँको सांस्कृतिक अवस्थाको बारेमा चित्रण गरेको छ । यहाँको लोकसमाजले आस्थाका लागि डाँडामा मठ मन्दिर स्थापना गरी घण्टहरू झुण्ड्याएको पाइन्छ । आजापूजा गर्दा ती घण्टहरू बजाउँदा रनवन थर्किने भएकाले यहाँ घण्टलाई आमा र छोराको रूपमा मानवीकरण गरिएको छ । त्यसै गरी (घ) को गाउँखाने कथामा विभिन्न सुख र दुःखका अवसरमा बजाइने लोकबाजा सनाइलाई सुरिलो, मीठो स्वरमा बास्ने निन्नेरू पनि होइन र त्यसमा परालको डाँठ राखेर बजाइने भएकाले पराल खाने गोरु पनि होइन  के हो ? भनी प्रश्न सोधिएको छ ।

माथि उल्लेखित अछामी गाउँखाने कथामा अछामी लोकजीवनमा दैनिक प्रयोग गरिने विभिन्न सरसामान, लवाइखवाइ, भेषभुषा, लोकबाजा आदिले यहाँको लोकसांस्कृतिक अवस्थाको प्रतिबिम्बित गरेका छन् ।

### ३.४.३ अछामी गाउँखाने कथाभित्र प्रतिबिम्बित आर्थिक अवस्थाको विश्लेषण

अछामी जनजीवनमा परम्परादेखि अलिखित अवस्थामा रहेका गाउँखाने कथाले यहाँको आर्थिक अवस्थाको बारेमा चित्रण गरेको पनि पाइन्छ । हुन त कुनै पनि

अभिव्यक्तिका आधारको प्रष्टभूमिमा आर्थिक अवस्था गाँसिएको हुन्छ नै । विकासको मेरूदण्डको रूपमा रहेको अर्थतन्त्रले कुनै पनि समाजको भौतिक तथा मानसिक अवस्थाको निर्धारण गर्ने गर्दछ । समाजको आर्थिक अवस्था जस्तो छ त्यही अनुसारको सामाजिक मूल्य, मान्यता, रहनसहन, सोच, विचार र ज्ञानको विकास भएको हुन्छ । सुदुरपश्चिमाञ्चलको पनि पिछडिएको जिल्ला अछामको लोकजीवन प्रायः कष्टकर र दुःखपूर्ण रहेको छ । त्यस्तै दुःख र कष्टका कुरा अछामी गाउँखाने कथामा ओकलिएका पाइन्छन् । विकासका पूर्वाधारमा भर्खर पाइला टेक्न थालेको अछामी समाजको अर्थतन्त्रको मूल आधार भनेको कृषि र पशुपालन नै हो । कृषिमा पनि उन्नत बीउबिजनको अभावले परम्परागत तरिकाले खेती गर्ने गरिन्छ । यहाँ परिवारका सबै मानिस बिहानदेखि बेलुका अबेरसम्म खेतवारीमा जोतिएर काम गर्दा पनि बिहान बेलुकी हातमुख जोर्न धौ धौ हुने गर्दछ । दिनप्रतिदिन जनसंख्या बढ्दै जानु र खेतीयोग्य जमिनको उर्बराशक्ति ह्रास हुदैं जादाँ वर्षभरी काम गरेर पनि तीन महिनासम्म पेटभरी खान नपाइने हुनाले प्रायजसो लोग्नेमान्छेहरू घरपरिवारको लागि एकसरो लुगा ल्याउन र पेट पाल्नकै लागि भारतका विभिन्न ठाउँमा चौकिदार र कुल्लीको काम गरिरहेका छन् । आङ ढाक्ने लुगा नपाउने र विहान बेलुका हातमुख जोर्न मुस्किल पर्ने विपन्न अछामी लोकजीवनमा शिक्षा, स्वास्थ, सुख सयल भन्ने त धेरै टाढाको कुरा हो ।

युवाहरू तथा लोग्ने मानिसहरू रोजगारका लागि विदेशिएका हुन्छन् भने अलि पढेलेखेका मानिसहरू नेपालका विभिन्न सहर बजारमा बसाइ सरेर त्यतै व्यापार र रोजगार गर्ने गर्दछन् । गाउँघरमा प्रायः बूढाबूढी, आइमाई र केटाकेटीमात्र रहने गर्दछन् । दिनभरी काम गरेर थकावट मार्न, बसिबियालो गर्न होस् या आर्थिक विपन्नताका कारण हिउँदको जाडोमा ओढ्ने ओछ्याउने कपडा नहुदाँ राति अँगेनाको वरिपरि बसेर आगो ताप्दै लोककथा र गाउँखाने कथा भन्ने र सुन्ने एक मात्र विकल्प रहने गर्दछ लोकजीवनका लागि । यस्तो दुःख, कष्टमा बाँच्न विवस अछामी लोकसमाजले भोगेका, देखेका, सुनेका दुःख-सुखका अनुभूति, आपत-विपत र आफूले प्रयोग गर्दै आएका विभिन्न सरसामानलाई गाउँखाने कथाहरूमा प्रतीकात्मक रूपमा चित्रण गरेको पाइन्छ । अछामी समाजमा हुने खाने छैनन् भन्न नखोजी प्रायः गरी खाने मान्छे नै बढी रहेकाले धेरै गाउँखाने कथाहरूले यहाँको आर्थिक विपन्नताको बारेमा संकेत गरेको पाउन सकिन्छ ।

जस्तैः

(क) घरभरी थाङ्ना नरवीरे नाङ्गै । – कदु

(ख) चागाँ त चागाँ, दुई बर्का ओढेका, ढेल मेरा नाँगा । – माखा

(ग) तामाका गाग्री भित्तउना छ्यान छ्याने पैसा । – खुसार्नी ।

(घ) दिनभरी भरिनो, रातभरी रितो हुनो । – झुङेणो ।

(ङ) हात्तिका पेटभित्त चल्ला गुगाना । – घरभित्त मान्छे ।

यहाँ (क) को गाउँखाने कथाले फर्सीलाई प्रतीकात्मक रूपमा बुझाए पनि अभिधार्थमा अछामी लोकजीवनको प्रतिनिधित्व गरेको छ । अछाम प्राकृतिक दृष्टिले भरिपूर्ण भए पनि तिनीहरूको प्रयोग गर्न नसक्नुले भाकै, नाङ्गै बस्नु परेको यथार्थतालाई चित्रण गरेको छ । (ख) को गाउँखाने कथामा माखालाई मानवीकरण गरी माखाका प्वाँखले पूरै शरीर ढाक्न नसके जस्तै यहाँको लोकसमाजले पूरै शरीर ढाक्ने लुगा नपाएको कटु यथार्थलाई प्रस्तुत गर्न खोजिएको छ भने (ग) को गाउँखाने कथामा प्रतीकात्मक रूपमा पाकेको खुर्सानीलाई चित्रण गर्न खोजिए पनि सम्पन्न आर्थिक अवस्था भएको मान्छेले पैशालाई तामाका गाग्रीमा राख्ने यहाँको परम्परागत चलनलाई बुझाएको  छ । त्यस्तै (घ) को गाउँखाने कथामा त अछामी लोकजीवनको आर्थिक अवस्थाको सहजरूपमा चित्रण गरेको छ । आर्थिक अवस्था दयनिय भएको यहाँको समाजमा घर पनि व्यवस्थित नहुने परिवारको संख्या पनि धेरै हुने हुनाले सुत्ने कोठा र खाना खाने कोठा अलग अलग नभइ एउटै हुने गर्दछ ।  दिनमा ओढ्ने, ओछ्याउने कपडा झुङेणामा राख्नुपर्ने र राति प्रयोग गर्नु पर्ने बाध्यतालाई यस गाउँखाने कथामा प्रस्तुत गरिएका छ । (ङ) को गाउँखाने कथामा पनि घरलाई हात्तीको रूपमा प्रस्तुत गरी घरको एउटै कोठामा वसेर कुरा गर्दा चराहरू कराए जस्तै सुनिने कुरालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएका छ । जसले अछामी समाजमा झ्याल साना र थोरै भएका घरहरूको चित्रण गरेको  छ । ओढ्ने ओछ्याउने कपडाको अभाव हुने हुनाले घरमा प्रायः झ्याल राखिएका हुदैनन् ।

अछामी लोकसमाजको जीविकोपार्जनको प्रमुख साधनको रूपमा कृषि नै हो । यहाँका बासिन्दाहरू रातोदिन परिश्रम गरी खेतीपाती साथै पशुपालन पनि गर्ने गर्दछन् जसलाई आर्थिक अवस्थामा नै राखेर विश्लेषण गर्न सकिन्छ । अछामी लोकसमाजले अन्नबाली, फलफूलहरू र गाईबस्तुहरूलाई गाउँखाने कथामा यसरी व्यक्त गरेका छ । जस्तैः

(क) आफू बाखो बइरनो, गलेउ चन्न जानो । – कदु

(ख) जान त जा, माटा तलि जा, खाने हुन् कि राख्ने हुन् तँ आफइ रा ।

– आलु ।

(ग) धर्ती तलि जाउला, छाता ओणउला । – पणेउ ।

(घ) नान्नानो रूख, रूख जाना दुःख । – सइनु

(ङ) भाइर अन्न भित्त कोठो । – घोगा

(च) भाइर सुन भित्र चाँनि । – धान ।

(छ) राता नलउनो कालो फल । – फापर ।

यहाँ (क) को गाउँखाने कथा अभिधार्थमा बाखो बसिरहने र दाम्लो चर्न जाने असम्भव कार्य जस्तो देखिए पनि अछामी लोकजीवनमा तरकारीको रूपमा प्रयोग हुने फर्सीलाई प्रतीकात्मक रूपमा बुझाएको छ । हिउँदमा रात पनि लामा र चिसो पनि हुने भएकाले रात कटाउन फर्सि पकाएर खाँदै गाउँखाने कथा भन्दै रमाइलो गर्ने गर्दछन् । (ख) को गाउँखाने कथामा आलुको लगाउँदा किराले नष्ट गर्ने भएकाले बाँच्ने मर्ने कुरा आलुले नै थाहा पाउनुपर्ने कुरालाई मानवीकरण गरिएको छ । आलु अछामी लेकाली भू भागमा प्रशस्त उत्पादन हुन्छ र जसलाई खानाको रूपमा प्रयोग गरिन्छ । (ग) को गाउँखाने कथा पिडालुसँग सम्बन्धित छ भने (घ) को गाउँखाने कथा भने सुख्खा रोटी निल्नको लागि अछामी खोलानालामा र खेतबारीका कान्लामा उम्रिने सिस्नुलाई टिपेर तिहुनको रूपमा प्रयोग गरिन्छ जसलाई टिप्न लाग्दा पोल्ने भएकाले सिस्नुको बोटलाई रूखको रूपमा चित्रण गरी दुःख गरी टिप्नु पर्दाको यथार्थलाई यो गाउँखाने कथामा प्रस्तुत गरिएको छ । (ङ), (च) र (छ) का गाउँखाने कथाहरू अछामी भौगोलिक परिवेशमा बाँच्नको लागि लगाइने मकै,

धान, र फापर कोदोसँग सम्बन्धित रहेका छन् । यसरी अछामी गाउँखाने कथामा विभिन्न कृषिजन्य वस्तुहरू प्रतीकात्मक रूपमा आएका छन् ।

अछामी गाउँखाने कथा अछामी लोकजीवनमा प्रयोग गर्दै आएका विभिन्न सरसामान, खानपान, लवाइखवाइ, कुनै पनि वस्तुलाई हेर्ने, बुझ्ने दृष्टिकोणले पनि यहाँको आर्थिक अवस्थाको चित्रण गरेको पाउन सकिन्छ । जस्तैः

(क) अन्यारा कुन्टाउनो काली बड्डी बसेकी । – हाँडी ।

(ख) हट्टै रनो लिखा पाड्डै रनो । – सुइयो र धागो ।

(ग) कालो बल्ल दिनभरी चरिकन भाँभेरी भोकै घर आउनो । – आँसी ।

(घ) खान्तक ढेल बुजो, बस्नतक मुख बुजो । – सुल्पा, सापी ।

(ङ) पेट मेरा गाणिगुणी रोगी नभनेइ, हात मेरा लट्ठी बड्डो नभनेइ
चण्डी मेरा छारो जोगी नभनेइ । – हुक्का ।

(च) गरीब फाल्ने, धनी गोजाउनो हाल्ने । – सिंगान ।

माथि (क) को गाउँखाने कथामा घरका झ्याल भए पनि थोरै र साना हुने भएकाले घरभित्र खाना पकाउने ठाउँमा धुवाँले कालो हुने र विजुली बत्ति नभएकाले उज्यालो पनि नहुने हुनाले अँध्यारो ठाउँमा राखिएको हाँडिलाई काली बूढीको रूपमा चित्रण गरिएको छ । (ख) को गाउँखाने कथामा लोकजीवनका मानिसहरूले लगाउने लुगाले पनि तिनीहरूको आर्थिक अवस्थाको बारेमा चित्रण गर्दछ । तिनीहरूले लगाउने कपडाहरू प्राय सस्ता र खस्रा हुने र धेरै काम गर्नु पर्ने भएकाले ठाउँ ठाउँमा च्यातिने हुदाँ सियो र सेतो धागोले सिउँदा लिखा जस्तै देखिने भएकाले यो कथा आर्थिक अवस्थानुसार सान्दर्भिक देखिन्छ । (ग) को गाउँखाने कथामा अभिधार्थमा असम्भव जस्तो देखिए पनि अछामी लोकजीवनमा दैनिक रूपमा घाँस दाउरा काट्न प्रयोग गरिने आँसीलाई बुझाउन प्रयोग गरिएको छ जुन कथामा दिनभरी काम गरेर पनि बेलुका भोकै रहनु पर्ने कुरालाई पनि अर्थ्याएको छ । (घ) र (ङ) को गाउँखाने कथाहरूले एकातिर आर्थिक विपन्नताका कारण शिक्षा, स्वास्थ्यमा ध्यान नपुगेर तम्बाकु, सुर्ती, चुरोट खाने गर्दछन् अर्कोतिर त्यहाँका मानिसहरू सुख दुःखमा काम गरेर

थकाई मार्न, अल्छीपना हटाउन यस्ता पदार्थको पनि प्रयोग गरेको पाइन्छ । अशिक्षित र बिपन्न मानिसहरू सुल्यामा तम्बाकु खान्छन् भने अलि शिक्षित भनाउँदा र युवाहरू चुरोट र सुर्ती खाने गर्दछन् भने समाजका सम्पन्नशाली हुनेखाने मान्छेहरू हुक्कामा तम्बाकु खाने गर्दथे तर अचेल धामीहरू प्रयोग गर्दछन् । यहाँ (च) को गाउँखाने कथाले प्रत्यक्षरूपमा आर्थिक अवस्थाको प्रतिनिधित्व गर्दछ । काम गरी खाने मान्छे जसलाई काम गर्दा-गर्दै सिंगान पनि राम्रोसँग पुछ्ने फुर्सद पनि नहुने हुनाले र धनीहरूले सिंगान पुछ्नको लागि रूमाल खल्तीमा राख्ने प्रसङ्ग यहाँ उल्लेख गरिएको छ । यहाँको लोकसमाजको लागि सामान्य रूमाल पनि उनीहरूका लागि दुर्लभ भएको हुँदा गरीबले फाल्ने र धनीले गोजाउनो हाल्ने के हो ? भनेर गाउँखाने कथामा उनेका छन् ।

उपर्युक्त गाउँखाने कथाहरूमा अछामी लोकजीवनको आर्थिक अवस्थालाई प्रतिबिम्बित गरिएको छ । गाउँघरमा प्रायः अर्ध शिक्षित र गरीबहरूको बाहुल्यता रहने र अवैज्ञानिक कृषिजन्य, पशुपालन र घरेलु काममा व्यस्त रहने अछामी लोकजीवनको आर्थिक अवस्थाको वास्तविकता तथा मूर्त चित्र पाइन्छ यी गाउँखाने कथामा । अछामी लोकसमाजको लवाइखुवाइ, रहनसहन, प्रयोग गरिने भाँडाकुँडा, कुनै वस्तुलाई बुझ्ने दृष्टिकोण आदिले पनि त्यहाँको आर्थिक बिपन्नता र दुःखपूर्ण जीवनको यथार्थतालाई गाउँखाने कथामा चित्रण गरेको पाइन्छ ।

### ३.४.४ अछामी गाउँखाने कथामा प्रतिबिम्बित प्राकृतिक अवस्थाको चित्रण

प्रकृतिको चित्रण गर्नु गाउँखाने कथाको ठूलो विशेषता हो । यस अर्थमा गाउँखाने कथाले लोकजीवन बसेको स्थान, भू-बनोट, त्यहाँको प्राकृतिक स्थिति, हावापानी, वातावरण आदिलाई छोएको पाइन्छ । यसै सन्दर्भमा अछाम जिल्लामा प्रचलित गाउँखाने कथामा प्रकृतिसम्बन्धी अनेक कुराहरू पाइन्छन् । तिनले लोकजीवन बसेको सेरोफेरोमा आउने धर्ती र आकाश, हिमाल र पहाड, खोला र वन, घाम र जुन आदि सबैलाई चिनाएका छन् । अछामी गाउँखाने कथामा प्रकृति र लोकजीवनको अभिन्न सम्बन्ध छ । यस संसारमा भएका चिजबिजहरू प्रकृतिकै उपज हुन् । प्रकृतिबिनाको कल्पना असम्भव प्राय नै छ । यिनै प्रकृतिको छायाँ चित्रलाई चित्रण गर्नु अछामी गाउँखाने कथाको विशेषता हो । अछामी लोकजीवनले भोगेका, देखेका, अनुभव गरेका र भू बनावट, हावापानी, सूर्यचन्द्र, आकाश,

खोलानालालगायत साना ठूला सबै वस्तुलाई गाउँखाने कथाले प्रतिनिधित्व गरेको पाइन्छ साथै प्राकृतिक जनजीवनमा पाइने विभिन्न जीवजन्तु पशुपन्छी, बोटबिरूवालाई गाउँखाने कथामा चित्रण गरिएको पाउन सकिन्छ । जस्तैः

(क) काली काली बाखरीका पेट परे किउँ,

ती किउँ गनि सक्नेकन सय रुपिया दिउँ । – तारा ।

(ख) घाम र जुन लागे पछि आउनो छु ,

अघि पछि तम्रा पछि आउनैन । – छायल ।

(ग) जता गया पन, धणो ओछ्याएको । – बाटो ।

(घ) ठूला खलाउनी, बिस्कुन सुकायाको । –सर्कका तारा ।

(ङ) ठूला गणाउनी, काँसा थाल घोप्टे हाल्या । – जुन ।

(च) यौटाल भन्यो मै लामो, अर्काल भन्यो मै लामो । – बाटो र घाट ।

माथि (क) को गाउँखाने कथामा  कालो बाखोलाई आकाश र किउँ (किरा) लाई ताराको प्रतीकका रूपमा चित्रण गरेर ती तारा जसले गिन्ति गर्न सक्छ त्यसलाई सय रूपैया दिने प्रसंग उल्लेख गरिएको छ जुन काम असम्भव भएको कुरालाई पनि अर्थ्याएको पनि छ । त्यस्तै (ख) को गाउँखाने कथामा पनि घाम र जुन लागे पछि मात्र देखिने छायाँको कुरा आएको छ भने (ग) को गाउँखाने कथामा अछामी गाउँघरका साना साना बाटो घाटोलाई पटुकाको रूपमा चित्रण गरिएको छ । त्यसै गरी (घ) को गाउँखाने कथामा घरको आगँन (खलो)मा  बिस्कुन सुकाएको जस्तै देखिने ताराको र (ङ) र (च) को गाउँखाने कथामा क्रमशः चन्द्रमा र बाटो, नदीलाई गाउँखाने कथाका रूपमा उनिएको छ ।

(क) उठ्या सर्कसम्म, बस्या गजधम्म । – कुइणो ।

(ख) छ, छैन, ह्या छैन, त्या पन छैन,

बानिया बजार छैन, खोजे पाइन्या छैन, पाइया चाइन्या छैन । – भइचालो ।

(ग) टाले चुइनो नटाले चुइनैन । – सर्कको पानी ।

यहाँ (क) को गाउँखाने कथामा बर्षायाममा लेखतिर र हिउँदमा नदीलाई ढपक्क छोप्ने कुहिरोलाई मानवीकरण गरी प्रस्तुत गरिएको छ भने (ख) को गाउँखाने कथामा कतै पनि खोजेर नपाइने, र चाहिन पनि नचाहिने भनेर भुँइचालोलाई र (ग) को गाउँखाने कथामा आकाशमा बादल हुदाँ आकाश टालेजस्तै देखिने भएकाले आकाशबाट झर्ने पानीलाई टाले पछि चुहिने र नटाले पछि नचुहिने भनी प्रतीकात्मकरूपमा प्राकृतिक कुराहरू अछामी गाउँखाने कथामा आएका हुन्छन् ।

अछामी गाउँखाने कथामा प्रकृतिमा पाइने विभिन्न जीवजन्तु, चराचुरुङ्गी, बाघ, भालू, रतुवा, मृग आदिसँग सम्बन्धित पनि हुने गर्दछन् ।

(क)अत्ति न पत्ति, ढेलउनी (पुछारमा) बत्ति । -क्य हो? – जुनकिणी ।

(ख) अल्काइ पघारउनो तामाको गाग्री झुण्याएको । –अरिँगालको गोलो

(ग) एक गेणो (गेडो) सुपारी, दुई जना ब्यापारी । – गोब्रेकिणो ।

(घ) खोलाइ खोलाइ हट्टा, सुइकेरा चुट्टो । – कालीखात्ते ।

(ङ) सर्र सुइयो हुन त उइहो, न ढेल बाफ न मुख बाफ । – सर्पको काँचुली ।

(च) गैरेगणो जोति सकिनैन, बेतको लउणी सकाइ सकिनैन, गधे बल्ल दाइसकिनैन, आधा रोटो खाइसकिनैन । – सरग, साप, बाघ र जुन ।

माथि उल्लेखित गाउँखाने कथामा पुछारमा बत्ति बालेर राति उड्ने किरा, अग्लो भीरमा तामाको गाग्री जस्तै देखिने अरिंगालको गोलो, गोब्रकिरा, खोलामा बास्तै उड्ने चरा कालीखात्ते, सर्पको काँचुली, साप, बाघ आदिलाई उनेर प्रकृतिमा पाइने विभिन्न सजीव बस्तुलाई चित्रण गरिएको छ ।

अछामको भौगालिक परिवेशमा पाइने विभिन्न रूख वनस्पति, बोटबिरूवा फलफूलका बारेमा पनि अछामी गाउँखाने कथाहरू पनि प्रशस्त पाइन्छन् । जस्तैः

(क) अल्काइ पघारउनो बाखा खुट्टो । – मालुको टाटो ।

(ख) आफू त थाङ्नेमाङ्ने सुनो (सुनको) टोपी लाउनो (लाउँछ) । – ऐँसेलु ।

(ग) आफू बड्डी थुङ्थुङ्गानी आफै बड्डी रड्डी,

अरुकन धेकेपछि अझ आँखा तड्डी । – सिउतो ।

(घ) खोलाइ खोलाइ हट्टो, पकडि छाट्टो । – निउणो ।

(ङ) जुइते जुइत, जुइतेका बा रुख चण्यो (चढ्यो), जुँङा भरि सुइते । – गिठो ।

(च) भाइर डुम चेला, भित्त काजि, ह्वा भित्तउना रउतेला । – कटुजको गेणो

माथि उल्लेखित (क) को अछामी गाउँखाने कथामा यहाँका अग्लो भीर पाखामा पाइने मालुका कोसाहरू बाखाको खुट्टाको प्रतीकको रूपमा चित्रण गरिएको छ भने (ख) को गाउँखाने कथामा वनजङ्लमा पाइने ऐंसेलुको बोटलाई थाङ्नामाङ्ना पहिरेर सुनको टोपी लगाएको मान्छेको रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै अछामी भौगालिक परिवेशमा पाइने विभिन्न रूख, वनस्पतिहरूका फलफूलहरू जस्तैः क्रमश सिउतो, निउरो, गिठा, कटुजका दानालाई मानवीकरण गरी विभिन्न प्रतिकका माध्यममा प्रस्तुत गरिएको छ ।

## ३.५ निष्कर्ष

यसरी अछामी गाउँखाने कथालाई त्यहाँको लोकसमाजले अँगालेको जीवनपद्धति, रहनसहन, बोलीचाली, जातभात जस्ता विभिन्न संरचनाका आधारमा अछामी गाउँखाने कथामा प्रतिबिम्बित सामाजिक अवस्थाको चित्रण शीर्षक राखेर विश्लेषण गर्न सकिन्छ । त्यसै गरी गाउँखाने कथामा प्रतिबिम्बित अछामी लोकसंस्कृति, चालचलन, भेषभूषा, विभिन्न संस्कारहरू, दैनिक जीवनमा प्रयोग हुने विभिन्न सरसमानले त्यहाँको सांस्कृतिक अवस्थाको बारेमा चित्रण गरेका हुन्छन् । अछामी लोकसमाज परम्परागत कृषि पेशामा आधारित रहेको छ । त्यहाँको आर्थिक अवस्थाको मूल आधार भनेकैं कृषि र पशुपालन भएकाले लोकसमाजले आफूले भोग्नुपरेका विभिन्न समस्या, दुःख, पीडालाई गाउँखाने कथामा उनेर प्रस्तुत गरेको पाइन्छ । बिहान सबेरैदेखि बेलुका अबेरसम्म पनि खेतबारीमा काम गर्दा पनि पेटभरी खान र एक सरो लुगा लगाउन पनि मुस्किल पर्ने यस क्षेत्रका मानिसहरू रोजीरोटीको लागि भारतका विभिन्न ठाउँहरूमा निम्नस्तरको काम गर्न बाध्य छन् । यस्तो

आर्थिक विपन्नता झेल्न विवश यहाँको लोकसमाजले आर्थिक अवस्थासँग सम्बन्धित विभिन्न कुरालाई गाउँखाने कथामा प्रस्तुत गरेको पाइन्छ । अछामी गाउँखाने कथाहरूमा त्यहाँको आर्थिक अवस्थाको चित्रण गरेको पाइन्छ । त्यसै गरी अछामी लोकसमाजले आफ्नो वरिपरिको भू-बनोट, विश्व ब्रह्माण्ड, प्रकति, वनस्पति आदिलाई पनि आफूले जाने बुझे अनुसार गाउँखाने कथामा प्रस्तुत गरेको पाइन्छ । जसलाई अछामी गाउँखाने कथामा प्रतिबिम्बित प्राकृतिक अवस्थाको चित्रण शीर्षक राखी विश्लेषण गरिएको छ । यसरी अछामी गाउँखाने कथालाई सामाजिक, सांस्कृतिक, आर्थिक र प्राकृतिक अवस्थाको आधारमा विश्लेषण गर्न सकिन्छ ।

# परिच्छेद – चार

# उपसंहार

## ४.१ सारांश

अछाम नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सेती अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । यो जिल्ला नेपालको इतिहासमा संस्कृति तथा लोकसाहित्यमा आफ्नै विशिष्ट पहिचान भएको जिल्ला पनि हो । विकास निर्माणमा पछाडि परेको यो जिल्लाका बहुसङ्ख्यक मानिसहरू खेतीपातीमा नै निर्भर छन् । राजनैतिक हिसाबले २ वटा निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लामा ब्राह्मण, ठकुरी, क्षेत्री, दलितहरू र मगरहरू आदिवासीका रूपमा बसोबास गर्दै आएका छन् ।  यी गाउँले अनुहारहरूको विवशता र वास्तविकतालाई खोतलेर अभिव्यक्त हुने गाउँखाने कथाले यस भेकको आर्थिक, सामाजिक, सांस्कृतिक र प्राकृतिक चित्रहरूलाई राम्ररी प्रतिबिम्बित गरेका हुन्छन् । यस क्षेत्रबाट विभिन्न कारणले विदेशिएका, अध्ययन, व्यापार र जागिरको उद्देश्य लिएर सहर पसेका व्यक्तिहरूको विछोड, वेदना र कृषिकर्मको थकावटलाई केही समय भने पनि बिर्सने आधार पनि गाउँखाने कथा हो । गाउँखाने कथालाई विभिन्न ठाउँ र भाषा अनुसार छुट्टाछुट्टै नामले चिन्ने गरिन्छ । नेपालका विभिन्न विद्वानहरूले गरेको नामाकरणमा समेत विभिन्नता भेटिन्छ । पहेली, कूट, कथा हाल्ने, अड्को थाप्ने जस्ता विभिन्न नामले चिन्ने गरिएतापनि यसको बहुचर्चित नाम गाउँखाने कथा नै हो ।

अछाममा गाउँखाने कथालाई **राउन्या कथा वा बात** भन्ने गन्छि ।  गाउँखाने कथा लोकोक्ति नै हो जसमा खारिएका अनुभवहरू, तिखारिएका भावनाहरू र माझिएका अनुभूतिहरू समेटिएका हुन्छन् । लोकका अनुभव गरेका अनुभूतिहरूलाई मीठो र रसिलो भाषामा प्रतीकात्मक शैलीले आफ्नो बौद्धिकतालाई प्रष्फुटन गर्ने कार्य गाउँखाने कथाहरूमा हुन्छ । कृषि कर्मबाट थाकेर सुस्केरा मार्दै आफ्नो दैनिक गुजाराको समस्यालाई पनि बिर्सेर केही समय भने पनि ओठमा मुस्कान ल्याउँदै मनोरञ्जन प्रदान गर्ने छोटा प्रतीकात्मक भनाइसगैं गाउँखाने कथामा विशेषता झल्केका हुन्छन् ।

प्रस्तुत शोधपत्र चार परिच्छेद र परिशिष्ट खण्डमा विभाजित गरिएको छ । शोध विधिको नियमानुसार सङ्गठित प्रस्तुत शोधले अछाम जिल्लामा प्रचलित गाउँखाने कथालाई

समेटेको छ । यस शोधपत्रको पहिलो परिच्छेद शोध परिचयका रूपमा प्रस्तुत गरिएको छ, जसमा अछामी गाउँखाने कथाको बारेमा अध्ययन गर्नुको समस्या र उद्देश्यलाई प्रस्तुत गर्नुका साथै नेपाली गाउँखाने कथामा गरिएका अध्ययन अनुसन्धानलाई पूर्वकार्य विवरणमा प्रस्तुत गरिएको छ । अछामी गाउँखाने कथाको सङ्कलन विधि र यसको सीमा प्रस्तुत गर्ने क्रममा अछाम जिल्लाको क्षेत्र नं. २ अन्तर्गत केही गा.वि.स.हरू पुलेतला, विनायक, कमलबजार, मूली, घोडासैन, धमाली, तोषी, रानीवन, तुर्माखाँद र नाडाका विभिन्न ठाउँहरूबाट गाउँखाने कथा सङ्कलन गरिएको हो । दोस्रो परिच्छेदमा नेपाली गाउँखाने कथाको परिचय, परिभाषा साथै यसका तफ्व र विशेषताहरूलाई प्रस्तुत गरिएको छ । त्यसैगरी गाउँखाने कथालाई विभिन्न विद्वानहरूले गरेको वर्गीकरणका आधारमा संरचनागत ( आकारप्रकारगत,लयात्मक, अनुप्रासयुक्त, उपमामूलक र प्रश्नात्मक) र विषयात्मक ( प्रकृति वा विश्व ब्रह्माण्ड, पशुपन्छी तथा जीवजन्तु, मानव, प्राकृतिक वन, कृषि वनस्पति, परम्परागत वस्तु, नवीन वस्तु, आजीविका, भेषभूषा र आभूषण, खाद्यपदार्थ, कार्यव्यपार र समाज र संस्कृतिसम्बन्धी) गाउँखाने कथामा वर्गीकरण गरी नेपाली गाउँखाने कथाको अध्ययन परम्पराका बारेमा चरणगत विवेचना गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा अध्ययन क्षेत्रको सामान्य परिचय दिनुका साथै अछामी गाउँखाने कथाको प्रचलनका बारेमा छोटो टिप्पणी प्रस्तुत गरिएको छ । अछामी जनजिब्रोमा प्रचलित गाउँखाने कथालाई जस्ताको तस्तै सङ्कलन गरेर संरचनागत र विषयगत आधारमा अछामी गाउँखाने कथालाई वर्गीकरण गरिएको छ । संरचनात्मक आधारमा आकारप्रकारगत, लयात्मक, अनुप्रासयुक्त, उपमामूलक र प्रश्नात्मक गरी ५ वर्गमा र विषयात्मक आधारमा प्रकृति वा विश्व ब्रह्माण्ड, पशुपन्छी तथा जीवजन्तु, मानव, प्राकृतिक वन, कृषि वनस्पति, परम्परागत वस्तु, नवीन वस्तु, आजीविका, भेषभूषा र आभूषण, खाद्यपदार्थ, कार्यव्यपार र समाज र संस्कृतिसम्बन्धी गरी १२ वर्गमा अछामी गाउँखाने कथालाई वर्गीकरण गरिएको छ । अछामी गाउँखाने कथामा प्रतिबिम्बित सामाजिक, सांस्कृतिक, आर्थिक र प्राकृतिक अवस्थाको चित्रणका आधारमा विश्लेषण गरी व्याख्या गरिएको छ । अछाममा प्रचलित गाउँखाने कथाले त्यहाँको सामाजिक चालचलन, मूल्य, मान्यता, संस्कार, रहनसहन, भौगालिक परिवेश, प्राकृतिक अवस्था लगायत दैनिक जीवन प्रयोग हुने सामग्रीहरूको यथार्थ प्रस्तुत गरेको पाइन्छ । परिशिष्टमा ३४७ वटा

अछामी गाउँखाने कथाको वर्णानुक्रमिक सङ्कलन गर्नुका साथै यिनको मानक नेपाली भाषामा समेत अर्थ प्रस्तुत गरिएको छ ।

## ४.२ निष्कर्ष

लोक जनजीवनमा बढी प्रचलित, बालक, बूढाबूढी, आईमाईहरुबाट बढी मन पराइने मनोरञ्जन, बसिबियाँलो तथा बौद्धिक परीक्षणका रूपमा चोटिलो र सरल भाषामा घुमाउरो र प्रतीकात्मक रूपमा प्रस्तुत आधुनिक हाजिरी जवाफको परम्परागत स्वरूपलाई गाउँखाने कथा भनिन्छ जुन अछामी जनजीवनमा राउन्य बात वा कथाको रूपमा परम्परादेखि प्रचलित रहेको छ । लोकसमाजको साझा सम्पत्तिको रूपमा रहेका गाउँखाने कथाले यस जिल्लाको सामाजिक, सांस्कृतिक, आर्थिक र प्राकृतिक प्रतिबिम्बि प्रस्तुत गरेका छन् । यस जिल्लाबाट विभिन्न कारणले विदेशिएका, अध्ययन र अध्यपनको लागि घर छोडेका मानिसका पत्नीहरू, छोराछोरीहरू र बूढाबूढी आमा बाबुले बिछोड, वेदना र कृषिकार्यको थकावटलाई मेट्न आफ्नो सेरोफेरोका विभिन्न गाउँखाने कथाहरू भनेर समय विताउँछन् । विभिन्न कृषिकर्म गर्दा फुर्सदको समयमा होस् या मकै सोर्याउँदा वा हिउँदको समयमा रात पनि लामा हुने र चिसो पनि हुने भएकाले रात कटाउनको लागि अँगेनाको डिलमा बसेर बूढापाकाले जोसिलो र हँसिलो पाराले प्रतीकात्मक रूपमा केटाकेटीको बुद्धिपरीक्षण वा बुद्धिविलासका लागि गाउँखाने कथा हाल्ने वा भन्ने चलन रहेको छ । यसरी गाउँखाने कथाले एकातिर मनोरञ्जन दिनुका साथै कष्टपूर्ण जीवनको थकावट, दुःख, वेदनालाई केही समयको लागि बिर्सने आधार पनि प्रदान गर्ने गर्दछ ।

गाउँखाने कथाहरु नेपाली लोकजीवनमा दिनभरिको परिश्रम भुलाउन र क्षणिक मनोरञ्जन दिन साथै बुद्धि परीक्षणको चमत्कार देखाउन प्रयोग गरिदै आएको देखिन्छ । यस्ता गाउँखाने कथाहरू बूढाबूढी, युवायुवती र केटाकेटी सबैमा लोकप्रिय बनेको देखिन्छ । युवायुवतीको मिल्दो जोडीमा अश्लिल भाव वा प्रेम प्रदर्शनका, बूढाबूढीमा अनुभव, धर्मकर्म र जीवनदर्शनका र केटाकेटीमा नयाँ-नयाँ साधारण किसिमका गाउँखाने कथाहरू बढी प्रचलित भएका भेटिन्छन् । यसरी लोकका खारिएका अनुभव, तिखारिएका भावनाहरू र माझिएका अनुभूतिहरूलाई गाउँखाने कथामा उनेर लोकको व्यवहार र लोकप्रचलित विषयहरूको चित्रण गरेको पाइन्छ । यस शोध पत्रमा अछाममा प्रचलित गाउँखाने

कथाहरूलाई अछामी जनजिब्रोमा बोलिने भाषिकामा जस्ताको तस्तै सङ्कलन गरी संरचनात्मक र विषयवस्तुका आधारमा वर्गीकरण गरी अछामी गाउँखाने कथामा प्रतिबिम्बित सामाजिक, सांस्कृतिक, आर्थिक र प्राकृतिक अवस्थाको चित्रण र विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यहाँको स्थानीय विशेषता, लवाइखुवाइ, रहनसहन र प्रकृत्तिसँग सम्बन्धित गाउँखाने कथाको सङ्कलनबाट लोकमा छरिएर रहेका गाउँखाने कथाको एकत्रीकरण र संरक्षण भएको छ जसले नेपाली लोकसाहित्यको क्षेत्रमा थप उर्जा प्रदान गर्न सक्छ । यसरी अछामी गाउँखाने कथाहरूमा प्रस्तुत यस जिल्लाको सामाजिक, सांस्कृतिक, आर्थिक र प्राकृतिक अवस्थाका अतिरिक्त लोकजीवनको समसामयिक पक्षको विश्लेषण गर्दै निष्कर्षमा पुग्ने कार्य भएको छ ।

## ५.३ सुझाव

अछाम जिल्लालाई क्षेत्र बनाएर निम्नानुसारका शीर्षकहरूमा थप अध्ययन अनुसन्धान गर्न सकिन्छ :

**संभावित शोध शीर्षकहरू**

(क) अछामी देउडा गीतमा पाइने गाउँखाने कथाको अध्ययन

(ख) अछामी भुवोगीतको अध्ययन

(ग) अछाम जिल्लामा प्रचलित पुतलामा गाइने गीतको अध्ययन

(घ) अछामी पार्से बोलीको अध्ययन

(ङ) अछाम जिल्लामा प्रचलित लोकगाथाको अध्ययन

# परिशिष्ट

## अछामी गाउँखाने कथाको वर्णानुक्रमिक सङ्कलन

यस शोधपत्रमा अछामी गाउँखाने कथाको अध्ययन गरिएको छ । उक्त अध्ययनसँग सम्बन्धित गाउँखाने कथाहरू यहाँ वर्णानुक्रमानुसार प्रस्तुत गरिएका छन् । यी तलका गाउँखाने कथाहरूको सङ्कलन गर्दा मैले अछामको विशेष गरेर क्षेत्र नं. २ अन्तर्गतका केही गा.वि.स.हरू पुलेतोल्ला, विनायक, मुली, घोडासैन, धमाली, तोषी, रानीवन, तुर्माखाँद र नाडाका विभिन्न ठाउँको भ्रमण गर्ने क्रममा विभिन्न क्षेत्र र पेशासँग सम्बद्ध बूढापाकादेखि केटाकेटीसम्म र कृषकदेखि शिक्षकहरूबाट सहयोग लिएको हुँ ।

१ अगाणि खानो, पछाणि गेणा पोख्तो । – क्या हो ? – बाखो ।

(अगाडि खान्छ, पछाडि गेडा पोख्छ)

२ अगाणि मणो, पछाणि बाट् । - क्या हो ? – सुईयो र धागो ।

(अगाडि मुर्दा, पछाडि बाटो । सियो र धागो)

३ अगाणि हट्टो, पछाडि बाटो थुन्नो । - क्या हो ? – सुईयो (सियो) र धागो ।

(अगाडि हिड्ने, पछाडि बाटो रोक्ने)

४ अगाणि साल निकाल्लो, पछाणि बाच्छो जर्माउनो । - क्या हो ? –केला ।

(अगाडि साल निकाल्ने, पछाडि बाच्छो जन्माउने । –केरा)

५ अघि अघि म, पछि पछि तँ । -क्या हो ? – लट्ठी ।

६ अड्कन्या ताउलाउनो खड्कन्या भात,
तेइ भातकन खणाइखुणाई एक्कइ गाँस । -क्या हो ? – ओखण ।

(अड्किने भाँडामा खड्किने भात,
त्यो भातलाई जम्मा पारेर एउटै गाँस । -क्या हो ? – ओखर)

७ अणगिज्ज रुखका गणगज्जि पात,
को लाइदेउ दुना टपरी को खाइदेउ भात । -क्या हो ? – सल्लाको पिरल ।

८ अत्ति न पत्ति, ढेलउनी (पुछारमा) बत्ति । -क्या हो ? – जुनकिणी ।

९ अथाराधइ फट्टाक हाली,
गोठ आइ र प्याने भइ । -क्या हो ? –रोटो ।

(माथिल्लो तलाबाट उफ्रेर गोठमा आई अनि ब्याउँने भई)

१० अन्न म खानो छु, पानीको किरिया, गुन्देला (प्वाल) छिरिया । -क्या हो ? –घुन ।

११ अन्यारा कुन्टाउनी काली बड्डी बसेई । -क्या हो ? –कोल्य ।

(अँध्यारा कुनामा काली बुढी बसेकी । -हाँडि)

१२ अल्काइ पघारउना दुई गेणा इमिला । -क्या हो ? –बैकिनीका चुचु ।

(अग्लो पहारामा दुई दाना अमिलाका । -क्या हो ? –स्तन)

१३ अल्काइ पघारउना दुई पानीका नाउला । -क्या हो ? –आँखा ।

(अग्लो पहारामा दुई पानीका कुवा)

१४ अल्काइ पघारउनो तामाको गाग्री झुण्याएको । – अरिँगालको गोलो ।

(अग्लो पहारामा तामाको गाग्री झुन्ड्याएका)

१५ अल्काइ पघारउनो दमाय झुण्याएको । – अरिँगालको गोलो ।

(अग्लो पहारामा दमाहा झुन्ड्याएको)

१६ अल्काइ पघारउनो दमाय घोप्टे हालेको । – नाइटो ।

(अग्लो पहारामा दमाहा घोप्टे हालेको । – नावि)

१७ अल्काइ पघारउनो बाखा खुट्टो । – मालुको टाटो ।

(अग्लो पहारामा बाखाको खुट्टो ? मालुको कोसा ।)

१८ अल्काइ पघारउनो पियाली चल्लो चइहो चइहो भन्नो । – फुली ।

(अग्लो पहारामा पहेलो चरो पिङ खेल्छ । – बुलाकि ।)

१९ अल्काइ पघारउना भेडा गल्थिएका । – चड्निका दइचावल ।

(अग्लो पहारामा भेडा जम्मा भएका । –दहिमा चामल मुछेर निधारमा लगाइएको टिका ।)

२० अरु सबैका उदा (तल) तिर कान, सिउरामेका उबा (माथि) तिर कान । – तिल ।

२१ असली बाम्नका (बाहुनका) घर दरी ओच्छ्याएको
न ओड्ने ओच्छ्याउने पर धरेको । – किताब ।

२३ आगाशको फल पाताल झण्यो, हेद्दा हेद्दै बिलाइ मर्‍यो । –असिना ।

(आकाशको फल पाताल झर्‍यो, हेर्दा हेर्दै बिलाइ मर्‍यो ।)

२४ आगो न पानी, मुलामुली रोटा बनाउना । – मौरो ।

(आगो न पानी, केटाकेटी रोटी पकाउछन् । – माहुरी ।)

२५ आटी घरका कनेटाउनो लइनु । –घट्ट ।

(सानो घरको पछाडि लिस्नु । – घट्ट ।)

२६ आन्दो हालेइ, बा आन्दो हालेइ सुन्दरे तइ,

त्य भित्तउनाको (भित्रको) साँचेसुचेको त्यो सबै मइ (मलाई) । – ताल्चा, साँचो र घर ।

२७ आफू त बामन, ढेलउनो (पुछारमा) चानन् । – घराएको ताउलो ।

२८ आफू त थाङ्नेमाङ्ने सुनो (सुनको) टोपी लाउनो (लाउँछ) । – ऐँसेलु ।

२९ आफू त हत्केला जसो (जस्तो), बार (१२) धान्नि बोसो ? – सापन (साबुन) ।

३० आफू बड्डी घोप्टे पड्डी, अझ परउना आँखा तड्डी । – डोको ।

(आफू बूढी घोप्टे पर्छे,, अझ फेरि आँखा तर्छे । – डोको)

३१ आफु बाखो बइरनो, गलेउ चन्न जानो । – कदु ।

(बाखो बसिरहन्छ, दाम्लो चर्न जान्छ । – फर्सि ।)

३२ आफू बड्डी थुङ्थुङानी आफै बड्डी रड्डी,

अरुकन धेकेपछि अझ आँखा तड्डी । – सिउँतो ।

(आफै बूढी थुङ्थुङान्छे, आफै बूढी चिप्लिन्छे,

अरुलाई देखेपछि अझ आँखा तर्छे । – सिउँतो ।)

३३ आफू मालेइ, छायल (छाया) मालेइ । – डोको ।

३४ आफू रुख चड्डो, गोडा भइअथी राख्थो । – चप्पल ।

(आफू रुख चढ्छ खुट्टा भुँइमा राख्छ । –चप्पल ।)

३५ आफू रुख जानो, थणीथाङ्ना भँय फाल्लो । – केलो ।

(आफू रुख जान्छ, थडिथाङ्ना भुँइमा फाल्छ । – केरा ।)

३६ आफु वारि घर पारि, एक पल्ट (पटक) नगइ नहुन्या (नहुने) ।

–बच्छेउनीका (कमिजका) टाँक ।

३७ आमा ओखाल्ली, छोरी खानी । – लोटा र गाग्री ।

(आमा बान्ता गर्छे , छोरी खान्छे । –लोहटा र गाग्री ।)

३८ आमा गइन् घाँस बाबु गया गए गाउँ,

ढोकाउना बस्या लटे जोगि म कता जाउँ । – ताल्चा ।

३९ आमा घर, छोरी रनबन । – साँचो

४० आमा छोरीकी ढोक दिनी (दिन्छे) । – गाग्री र लोटा ।

४१ आमा भन्ना छोरी कुण्णी ।　　　　– निउणो ।

(आमा भन्दा छोरी कुप्री । निउरो ।)

४२ आमा भन्ना (भन्दा) छोरी बोक्सी ।　　　　– खुर्सानी ।

४३ आमाका हणउनी छोरो नात्तो ।　　　　– ओख्लो र लोणो ।

(आमाका शरीर माथि छोरो नाच्छ । – ओखल र लोहोडो ।)

४४ आयो फुस्सै, गयो नाक थुनाइ थुनाइ ।　　　　– पाँध ।

४५ इन्सिङ् मिर्नसिङ् राजाकी गाईका तीन सिङ　　　　– तिर्खुलाको काँणो (काँडो) ।

४६ इन्सिङ् मिर्नसिङ् काली गाइका तीन सिङ ।　　　　– अधान (ओदान) ।

४७ इरिया बिरिया, पानीको किरिया ।　　　　– घुन ।

४८ उठ् मुल्याय भात खान जाउँ ।　　　　– लोटा ।

४९ उठ्या सर्कसम्म, बस्या गजधम्म ।　　　　– कुइणो ।

(उठे आकाशसम्म, बसे गजधम्म । – कुइरो ।)

५० उँदो मुन्टो, उबा खुट्टो जेउणेकी तानातान,

हुन्छ कि हुनैन भनी मनउनो हानाहान ।　　　　– मधानि ।

(तल टाउको माथि खुट्टो जेउणेकी तानातान,

हुन्छ कि हुनैन भनी मनमा हानाहान । – मदानि ।)

५१ उँदा (तल) बाट बकुल्लो आयो, एक मुठि घाँस ल्यायो ।　　　　– चोतो (मुला) ।

५२ उल्टाउनी पल्टाउनी पैसा तिराउनी,

चोण्काउनी चाण्काउनी ख्वाप्प छिराउनी ।　　　　– केला ।

५३ एक अल्काइ रुखउनो एक्कइ पात ।　　　　– पुन्यू ।

(एक अग्लो रुखमा एउटै पात । – पुन्यू ।)

५४ एक कोसी राइतो, लंका पुराइतो । –　　　　– पर्सो (मल) ।

५५ एक कोल, बार (१२) पाटि, हाँगा गर्‍यो तीनसय साटी ।　　　　– बर्ष, मैना र दिन ।

५६ एक खुट्टे गाई, देली न अटाई ? छाता ।

५७ एक खुट्टे धामी, लग्लग कामी ? जुका ।

५८ एक गेणो (गेडो) भट्टको, अराइटो पट्टको ।　　　　– गाँड ।

५९. एक गेणो(गेडो) सुपारी, दुई जना ब्यापारी ।　　　　– गोब्रेकिणो ।

६० एक चल्लो लेइठेको (चराको नाम) बार (१२) धान्नि बोसो । – रिठो ।

६१ एक जा भन्नो, अर्को आइजा भन्नो । – केला र बाँसका पात ।

(एक जा भन्छ, अर्को आइज भन्छ । – केरा र बाँसका पात)

६२ एक ढुन्का पानील सिउती सेरो रोप्तो । – मसि ।

(एक ढुन्का पानीले ठूलै खेत रोप्छ । –मसि ।)

६३ एक पाखे चणी, कइ धार पणी । –सिउताको बिजउलो ।

(एक पाखे चरी, कुन छेउका परी । – सिउँताको बियाँ ।)

६४ एक पोको फुटि, चार धारा छुटि । – कचौडो ।

६५ एक बेतको भराइनु, दश भाइ लागी हल्लाउना । – लोणो ।

(एक बेतको काठ, दश भाइ मिलेर हल्लाउछन् – लोहोडो ।)

६६ एक भाइ डाँणावरि, एक भाइ डाँणा परि, अर्काकी धेक्ता पन नाइ, भेट पन हुनैन । –आँखा ।

६७ एक भाइ नात्तो, चाइ भाइ हेद्‌दा, चार भाइ लुक्ता, एक भाइ ठालु । –सुर्ती मलेको ।

(एक भाइ नाच्ने, चार भाइ हेर्ने, चार भाइ लुक्ने, एक भाइ ठालु)

६८ एक सिङे गाई देली न अटाई । –छाता ।

६९ एक सिङे गाई सिङउनो समाया ड्या ड्या पाड्‌डी । – जुतारो ।

(एक सिङे गाई सिङमा समाते ड्या ड्या पार्छे । – जाँतो ।)

७० एक हण जलथल एक हण तुसारा
वनै काटी वनै ताछी वनै सिंगारा । नाव (डुङ्गा) ।

(एक शरीर जलथल, एक शरीर तुसारा, वनै काटेर वनै ताछेर वनै सिगारा)

७१ एका घरको एक्कै कोठो । – मादल ।

७२ एकाथिर असिना, अर्काथिर हिउँ,
यो बड्‌डी मरी कई डाँणा लिउँ ? –कपास र रुवा उछिटिटएको ।

(एकतिर असिना, एकतिर हिउँ, यो बूढी मरी कुन डाँडा लिउँ)

७३ एका थालउनी तीन भाइ नात्ता । – घणि ।

(एका थालमा तीन भाइ नाच्छन् । – घडि ।)

७४ एका बड्‌डाका सय आँखा । – डोको ।

(एक बूढाका सय आँखा)

७५ ए मुथिका मान्छेउ के गर्छउ गणगण, हामी छन्ति मुलामुलीअउ तमिकि क्य डर ।
– पणेउ ।

(ए माथिका मान्छेहरू के गर्छौ गणगण, हामी छउन्जेल केटाकेटीहरू तिमीहरूलाई के डर)

७६ ओड्न्याल धेक्तैन, धेक्नेल ओड्डैन । – कात्रो ।

(ओढ्नेले देख्तैन, देख्नेले ओढ्दैन । – कात्रो ।)

७७ औल गाणिगुणि लेख धुकामुणि । – हुक्का ।

(औल गाडगुड, लेकमा धुवाँ)

७८ औलको खेत लेखको कुलो, पाँचभाइ रोपाँइ अद्दा ठूलो । – कलमले कापिमा लेखेको ।

(औंलको खेत लेकको कुलो, पाँचभाइ रोपाँइ गर्छन ठूलो)

७९ कल न कारखाना चलेका चलेइ । – नाडि ।

८० कथा न कुथुनी, हान् तेरा थुतुनी । – बासो (बासुली) ।

८१ काट्या काटिनैन, मार्‍या मद्दैन । – छायल ।

(काटे काटिदैन, मारे मर्दैन । – छायाँ)

८२ कान ताने मुख बाउनो (खोल्छ) । – थैलो ।

(कान तान्यो भने मुख खोल्ने । -थैली) ।

८३ कान समाति मुथि (माथि) उठायो आगो लायो
कान समाति तलि (तल) ल्यायो रातकन दिन बनायो । – लालटिन ।

८४ कामिको छोरो, बाम्नको नाति, बस्तो देला मुथि । – ताल्चा ।

(कामिको छोरो, बाहुनको नाति, बस्छ दैला माथि । – ताल्चा ।)

८५ काली काली बाखरीका पेट परे किउँ,
ती किउँ गनि सक्नेकन सय रुपिया दिउँ । – तारा ।

८६ काली खोला बस्तो लालपानी पिउनो,
परउनो आउनेकन ठाडै जवाफ दिनो । – खुकुरी ।

(काली खोला बस्ने,लालपानी पिउने, परबाट आउनेलाई ठाडै जवाफ दिने ।)

८७ काली गाईका पेटउनो (पेटमा) तारो । – मासको गेणो (दाना) ।

८८ काली बड्डी, ठाड्ठाणै मुत्ती । – कोल ।

(काली बूढी, ठाड्ठाडै मुत्छे । – कोल ।)

८९ काली भाबर जर्म भयो। कानपुर छोपियो,

हात्तिपुर छलफल भयो, नङ्पुर काटियो । – जउणो (जुम्रो) ।

९० काली भाबरनो कालो भइसो चद्दो । – जउणो ।

(काली भाबरमा कालो भैसी चर्छ । – जुम्रो ।)

९१ कालो कालीखात्ते सुकिलो पुछ, उठ् कालीखात्ते थणिथाङ्ना तुन् । – सुइयो ।

९२ कालो बल्ल दिनभरि चरिकन पन भाछई भोकै घर आउनो । – आँसी ।

(कालो गोरु दिनभरि चरिकन पनि बेलुका भोकै घर आउछ । – हँसिया ।)

९३ किउँ त किउँ, त्यो किउँ टिप्नेकन असी रूपियाँ दिउँ । –चन्द्रमा ।

९४ किन्नेल लाउनैन लाउनेल किन्नैन । – कात्रो ।

(किन्नेले लाउदैन, लाउनेले किन्दैन)

९५ कोच्चिएको भाणाउनो मीठो भात । – ओखण ।

(कुच्चिएको भाँडामा मीठो भात । ओखर ।)

९६ कोर्की त कोर्की बिना मुखकी कोर्की । – अण्डा ।

९७ खान्तक ढेल बुजो, बस्नतक मुख बुजो । – सुल्पा र सापी ।

(खानेबेला मलद्धरमा बुझो, बस्नेबेला मुखमा बुझो । – सुल्पा र सापी ।)

९८ खाना खानै हट्टो, नखाए बेला सुत्तो । – कोल ।

(खाना खादै हिड्छ, नखाए बेला सुत्छ । – कोल ।)

९९ खाना खान्तक लाधो फुट्यो । – फुकान्या ।

(खाना खानेबेला पेट फुट्यो । – बेलुन ।)

१०० खानो मुणो, हग्दो धुलो । – आगो ।

१०१ खानै रनो, हग्दै रनो । – जुतारो ।

(खानै रहन्छ, हग्दै रहन्छ । – जाँतो ।)

१०२ खाया अमृत, थुके कपास । –उखु ।

१०३ खोपा भरी रतीकुल्ला । –क्या हो ? – आगो ।

१०४ खुट्टा छन् दशवटा, छ वटा छन् कान्

दुई खुट्टाले धकेल्लो, आठ खुट्टाले तान् । – बल्ल जोत्ने काम ।

१०५ खुट्टा छन् हट्टैन, आँखा छन् धेक्तैन, मुख छ बोल्लैन । – फुटा ।

(खुट्टा छन् हिड्दैन, आँखा छन् देक्तैन, मुख छ बोल्दैन । – फोटो ।)

१०६ खुट्टो न सुट्टो, जण जण उठ्ठो । – जुको ।

१०७ खेतका इल्चाउनी बेलको गेणो नात्तो,

तेइसँग लाग्या पछि हातखुट्टा भात्तो । – घट्ट ।

(खेतका छेउमा बेलको गेडो नाच्छ, त्यससँग लागे पछि हातखुट्टा भाच्छ ? घट्ट)

१०८ खैरी गाईका पेटभित्त, कालु धामी नात्तो । – रिठाको गेणो ।

(खैरो गाईका पेटभित्र कालु धामी नाच्ने)

१०९ खोलाउनो बस्याको, पकडि कस्याको । – निउणो ।

(खोलामा बसेको, पकडि कसेको । – निउरो ।)

११० खोलाइ खोलाइ हट्टो, जाल टाँगा बोक्तो । – कालिज ।

(खोला खोला हिड्छ, जाल टाँगा बोक्छ । – कालिज ।)

१११ खोलाइ खोलाइ हट्टो, पकणि छाट्टो । – निउणो ।

(खोला खोलामै हिड्ने, पकडि छाट्ने । –निउरो)

११२ खोलाइ खोलाइ हट्टो, सुइकेरा चुट्टो । – कालीखात्ते ।

(खोला खोला हिड्छ, सुइकेरा चुट्छ । – कालीखात्ते ।)

११३ गन्गने बड्डीका पिड्नाउनी नसा । –दमाया ।

(गन्गने बूढीका पिठ्यूमा नसा । – दमाहा ।)

११४ गन्गने बड्डीका थाप्लाउनी आगो । – हुक्का ।

(गन्गने बूढीका टाउकोमा आगो)

११५ गन्गने बड्डीको भात तिहुन गुलियो । –मह ।

(गन्गने बूढीको भात गुलियो)

११६ गरीब सोरेर फाल्ला, धनी जति गोजाउनो हाल्ला । – सिंगान ।

(गरीब सोहोरेर फाल्छन्, धनी खल्तीमा हाल्छन्)

११७ गालाभरी मुसै मुसा, जीउभरी नसैनसा । – मादल ।

११८ गोठ गाइ, अथारा नौनी । – घट्ट ।

(गोठ गाइ, घर नौनी । – घट्ट ।)

११९ गोरु खोइ परउना लाउना, गोब्री ठेउका दुना ।  – मह गाड्ने बेला ।

(गोरु फुकाएर परतिर लाउछन्, गोब्री ठेउका दुहुन्छन्)

१२० गैलइ पानीका खालउनो चानिको थाल ।  – जुन ।

(गहिरो पानीका तलाउमा चाँदिको थाल । – चन्द्रमा ।)

१२१ घर जान्तक वनथिर मुख, वन जान्तक घरथिर मुख ।  – बन्चरो ।

(घर जाँदा वनतिर मुख, वन जाँदा घरतिर मुख)

१२२ घरबाट जाने तक मरेर जान्या, वनबाट बाँची आँखा तणी आउन्या ।

–स्याउला बोक्ने जाल ।

(घरबाट जानेबेला मरेर जाने, वनबाँचेर आँखा तरेर आउने)

१२३ घर त दुलाबाट गयो, म कताबाट जाउँ ?  – जालमा परेको माछा ।

१२४ घरभरि थाङना, नरवीरे नागै ।  – कदु (फर्सि) ।

१२५ घरभरि मकै, बीरे छोरो भोकइ ।  – थाम ।

१२६ घाम र जुन लागे पछि आउनो छु ,अघि पछि तम्रा पछि आउनैन ।  – छायल ।

(घाम र जुन लागे पछि आउँछु ,अघि पछि तिम्रा पछि आउदैन । – छायाँ ।)

१२७ घुमाइ घुमाइ बनाओ ताउली,

ताउली बनाइकन त्यउनी(त्यसैमा) भात खाउली ।  – टपरी ।

१२८ घरैभित्त बस्तो जाहान होइन, अन्न चोरी खानो चोर पन होइन । के हो ?  –मुसो ।

(घरैभित्र बस्छ, जहान होइन, अन्न चारी खान्छ चोर पनि होइन)

१२९ चल्लो होइन उड्डो, बत्ति र्होन जल्लो ।  – जुनकिणी ।

(चरो होइन उड्छ, बत्ति होइन जल्छ ? जुनकिरी ।)

१३० चाकल टेक्तो, मुखल खानो ।  – जुका ।

(चाकले टेक्ने, मुखले खाने)

१३१ चाँगा त चाँगा, दुई बर्का आणेका (ओढेका), ढेल मेरा नाँगा ।  – माखो ।

१३२ चार भाइको धेकाधेक् हुन्या, भेट कैलै नहुन्या ।  – घरका चार कोणा ।

(चार भाइको देखादेख हुने तर भेट कहिल्यै नहुने)

१३४ चार भाइ गुहुमुत, चारभाइ रजपुत, दुई भाइ सुन लंका, एक भाइ दुःख बौलिने ?

–भैसी ।

१३५ चार गेणा इमिला पेली चारैमाना चुक,

चुक पेली ढुन्काउनो हाल्या गेणा रहे रुख । – भैसीका थुन ।

(चार गेडा अमिला पेलेर चारै माना चुक, चुक पेली ढुन्कामा हाले गेडा रहे रूख)

१३६ चानिका गाबुउनो घाँसको बिण्को । – चोतो ।

(चाँदिका गाबुमा घाँसको बिर्को । – मुला ।)

१३७ चानिका डल्ला भित्तउनो सुनको डल्लो । – गेणी ।

(चाँदिका डल्ला भित्र सुनको डल्लो । – अण्डा ।)

१३८ चुकिलिअ चहणिअ पटक् किन लाइछी,

झाननिअ भुटनिअ हेइथी (यहाँ) किन आइछी । – रतुवा र औंलाको गेणो ।

१३९ चिचि मुथिउनि पापा । – नङ ।

(चिचि माथि पापा । – नङ ।)

१४० चिल्चिलाउनो मिल्मिलाउनो वरिपरि पैरो,

लहरी पाटन जसो हात हाल्नेउनो गैरो । –जुतारो ।

(चिल्चिलाउने, मिल्मिलाउने वरि परि पहिरो, लहरी पाटन जस्तो हात हाल्नेमा गहिरो)

१४१ छकाल जान्तक गुल्टिमुल्टि जानो, भाँछै लाधो पल्टाइ आउनो । –स्याउलाको जाल ।

(बिहान जानेबेला गुल्टेर जान्छ, बेलुका भुँडी पल्टाइ आउँछ)

१४२ छकालै उठी, आमा छोरीकी ढोक दिनी । – लोटा र गाग्री ।

(बिहानै उठी, आमा छोरीलाई ढोग दिन्छे । – लोटा र गाग्री)

१४३ छकालै उठी, गुन्देला हात । – बच्छेको बाउलो ।

(बिहानै उठेर गुन्देला हात । –कमिजको बाउला)

१४४ छकालै उठी, मुन्टाउनो आणी घोप्ट्याउनो । – टोपी ।

(बिहानै उठी, टाउकामा कोसी घोप्ट्याउनु)

१४५ छ, छैन, ह्या छैन, त्या पन छैन,

बानिया बजार छैन, खोजे पाइन्या छैन, पाइया चाइन्या छैन । – भइचालो ।

१४६ छ जोगि, बा र बामन्,

तीन लावन एकन् अरि खावन् । – जोगि, बाबु र बामन तीनजना ।

(छ जोगि, बा र बामन, तीनवटा पुरी एक एक गरी खाऊन्)

१४८ छालाको बन्दुक हावाको गोली,

भँयथिर हान्या नाकथिर पोली। – पाधेको।

(छालाको बन्दुक हावाको गोली, भुँईका हाने नाकमा पोली ? पाधेको।)

१४९ छोराल गालाउनी हान्या आमा ठाणै डाणो थर्काउनी। – घाँट।

(छोराले गालामा हाने आमा डाँडै थर्काउछे। – घण्ट।)

१५० छोरो हारियो (दुब्लायो) भनि घिउ खुवायो बाउले,

जति घिउ खायापन खाए पनि मोटाउनैन काउले। – मदानि।

१५१ जता गया पन, धणो ओछ्याएको। – बाटो।

(जता गए पनि, पटुका ओछ्याएको। – बाटो)

१५२ जता गयो, उताइ जानो। – छायल।

(जता गयो, उतै जाने। – छायाँ।)

१५२ जता पण्यो ओरालो, उतै मन सुरालो। –पानी।

(जता पर्‍या ओरालो, उतै मन सुराल्यो)

१५३ जति काट्या पन काट्न नसकिन्या। – पानी।

(जति काटे पनि काट्ट नसकिने)

१५४ जति खायो, उति ओखाल्लो। – जुतारो।

(जति खायो, उति बान्ता गर्ने। – जाँतो।)

१५६ जति खायो, उति छोटो। – चुरोट।

१५७ जन्मने बेला ठुलो छियो, अइल मन्या बेला नानु भयो। – कुच्चो।

(जन्मने बेला ठूलो थियो, अहिले मर्ने बेला सानु भयो। – कुच्चो।)

१५८ जमिन उक्कनो, किलो बसिरनो। – ऐंसेलु।

(जमिन उखेलिने, किलो बसिरहने। – ऐंसेलु)

१५९ जान त जा माटा तलि जा, खान्या हुन् कि राख्न्या हुन् तँ आफइ र। –आलु।

(जान त जा माटा मुनि जा, खाने हुन् कि राख्ने हुन् तँ आफैं थाह पा)

१६० जानो जानो, पानी धेके डराउनो। – जुता।

(जान्छ जान्छ, पानी देखे डराउछ। – जुता)

१६१ जुइते जुइते, जुइतेका बा रुख चण्यो, जुँङा भरि सुइते। – गिठो।

(जुइते जुइते, जुइतेका बाबा रूख चढ्यो जुँगाभरी सुइते)

१६२ जुँङा तान्या, खिस्स हाँस्तो ।	– थैलो ।

(जुँगा ताने, खिस्स हाँस्छ । –थैली) ।

१६३ जुम्लाबाट नारि आयो, नाना साना ठूलाकी मारी आयो ।	– निन् ।

१६४ जुवा त जुवा बाँजका जुवा, ती जुवाभित्र रङ्गिला सुवा ।	–मौरो ।

१६५ जुम्ला कालि भाबरको भइसो कन्पुण्णाउनो चद्दो ।	– जउणो ।

(जुम्ला कालि भाबरको भैसाी पुर्पुरोमा चर्छ । – जुम्रो)

१६६ जे धेक्यो, उइ हुनो	– ऐना ।

(जे देख्यो उहि हुने ।)

१६७ जैकन चाइने छियो ऊ ल्याउनैन, जो ल्याउनो छ उइकी चाइनैन ।	– कात्रो ।

(जसलाई चाहिने थियो ऊ ल्याउदैन, जो ल्याउछ ऊसलाई चाहिदैन । –कात्रो ।)

१६८ जै बाट आइछी,उइ बाटै जा ।	– बाउलो ।

(जुन बाटोबाट आएको होस् ,उसै बाटोबाट जा । – बाहुलो ।)

१६९ झक्कले बोक्याका नक्कल्या सिङ ।	–टिमुर ।

(झक्कले बोकाका नक्कले सिङ)

१७० झन् पर जानो, झन आँखा तड्डो ।	– डोको ।

(झन् पर जान्छ, झन आँखा तर्छ । – डोको ।)

१७१ झ्याल ढोका एकइ नाइ एक कोठे घरको, त्यइ घरा कलाहुरील रनबन थर्क्यो ।

–मादल ।

(झ्याल ढोक एक पनि छैन एक कोठे घरको, त्यो घरको हो-हल्लाले रनवन थर्क्यो ।)

१७२ झुत्री बड्डी छकालै देलाउनी लुणीबुणी अद्दी ।	– पोतो ।

(झुत्री बुढी बिहानै देलामा लुडीबुडी गर्छे । – पोतो)

१७३ झोल मुथिउनी दुनु, दुना मुथिउनि केच्छा ।	– नाव ।

(झोल माथि दुना, दुना माथि चौटा । –नाव)

१७४ टाउकाउनी आगो, पुछिउनी खानु ,	– टुकि ।

(टाउकामा आगो पुछारमा खाना ?)

१७५ टाउको तान्या आन्द्रा पोट्या आउना ।	– टुकि ।

(टाउको ताने आन्द्रा भुँडि आउने । –टुकि ।)

१७६ टाले चुइनो नटाले चुइनैन । – सर्कको पानी ।

(टाले चुहिने नटाले चुहिदैन । – आकाशको पानी ।)

१७७ टोपील घाम हुनो, सुबैताल घाम हुनैन । – दिन र बादल ।

(टोपीले घाम हुने, सिरकले घाम हुदैन । – सूर्य र बादल ।)

१७८ ठूला गणाउनी, मकै छण्याका । – सर्कका तारा ।

(ठूला गह्रामा, मकै छरेका । – आकाशका तारा ।)

१७९ ठूला खलाउनी, बिस्कुन सुकायाको । – सर्कका तारा ।

(ठूला आँगनमा, बिस्कुन सुकाएको । – आकाशका तारा ।)

१८० ठूला गणाउनी, काँसा थाल घोप्टे हाल्या । – जुन ।

(ठूला गह्रामा, काँसाको थाल घोप्टे हालेको । – चन्द्रंमा ।)

१८१ ठूला पघारका इल्चाउनी, पियाली चल्लो चई खेल्लो । – फुलि ।

(ठूला पहाराका छेउमा, पहेलो चरो पिङ खेल्छ । – बुलाकि ।)

१८२ ठेकउनि थाल, थाल मुथिउनि झाल, झाल मुथि जलथल ।

(सबभन्दा तल थाल, थाल माथि झाल, झाल माति जलथल ?)

१८३ ठेक् नखान्या, टुप्पो नखान्या, भुणी मात्तै खान्या । – भलाया ।

(ठेक् नखाने, टुप्पो नखाने, भुडि मात्रै खाने । – भलाया ।)

१८४ डल्ली भइसाका पेटभरि किणा । – कदु ।

(डल्ली भैसीका पेटभरि किरा । – फर्सि)

१८५ डाँणाउनि गइकन सुक्य सुक्य भनि डाक्थो । – बन्चरो ।

(डाँडामा गएर सुक्य सुक्य भनि बोलाउने । – बचरो ।)

१८६ डाँणाका डिकउनि एक फूल फुल्याको । – खन्टो ।

(डाँडाका डिकमा एक फूल फुलेको । – फुलि ।)

१८७ डाँणा वरि डाँणा परि दुई भाइ बस्ता,

न तिनुको भेट हुनो, न अर्काकि धेक्ता । – आँखा ।

(डाँडा वरि डाँडा परि दुई भाइ बस्छन्, न तिनीहरूको भेट हुन्छ न एक अर्कालाई देख्छन्)

१८८ डोब आउनो, किलो बसिरनो । – ऐंसेलु ।

(डोब आउँछ, किलो बसिरहन्छ)

१८९ ढुङ्गा न माटो, सर्क जाने बाटो । – लइनु ।

(ढुङ्गा न माटो, आकाशमा जाने बाटो । – लिस्नु ।)

१९० तँ जानै र म पछिड्नो आउनै रउला । –महि र कोदोको रोटाको प्रसंग ।

(तँ जा, म पछाडि आउदै रहुँला । – महि र कोदोको रोटीको प्रसंग ।)

१९१ तँ से, म हाल्लो भया । – जुता ।

(तँ सुत्, म हाल्छु । – जुत्ता ।)

१९२ तनक्क तनक्क तनक्क तान्, तीन मुजि छ वटा कान् । – बल्ल(गोरु) जोतेको ।

१९३ तलउना गया पाँच भाइ, हप्रउना आया संग्राम साइ,

पाँच भाइल तिनुकन हर्र फाल्दिया । – सिंगान ।

(तलबाट गए पाँच भाइ माथिबाट आए संग्राम साइ, पाँच भाइले तिनीलाई पर फाल्दिए ।)

१९४ तल्ला घरइ बड्डीको पाथि जत्तो चाख,

मुल्ला घरा बड्डाल उफ्णी उफ्णी जाख । – ढिकि कुटेको ।

(तल्ला घरकी बुढीको पाथि जत्रो चाक,

माथिल्ला घरका बूढाले उफ्री उफ्री जाक । –ढिकि कुटेको ।)

१९५ तलि थाल, मुथि झाल, ह्वा मुथि हिरालाल । – खुर्सानी ।

(तल थाल, माथि झाल, त्यहाँ भन्ला माथि हिरालाल । – खुर्सानी ।)

१९६ तलि चक्चके, मुथि सक्सके, ह्वा मुथि झिप्झिपे, ह्वा मुथि कालो भावर,

तेइ भाबरउना काला भैसा चद्दा । – मुख, नाक, आँखा, कपाल, जउणा ।

(तल चक्चके, माथि सक्सके, त्यहाँ भन्दा माथि झिप्झिपे, त्यहाँ भन्दा माथि कालो भावर त्यहि भाबरमा काला भैसी चर्छन् ?– मुख, नाक, आँखा, कपाल, जुम्रा ।)

१९७ ताउलो पाकि गयो, भात पाक्तैन । – अम्बा ।

भाँडो पाक्ने, भात पाक्तैन)

१९८ तामाका गाग्रीभित्र छ्यान् छ्याने पैसा । – खुर्सानी ।

१९९ तामा गाबुको काठको बिण्को (बिर्को) । – खुर्सानी ।

२०० तेरी मा मेरी मा परि वन जाउला,

तीन गेणा इमिला एकन्अरी(एक एक गरि) खाउला । – आमा, छोरी, नातिनी ।

०१ तितौडा लेख आगो लाग्या नाइ, धुकाल मात्तइ उट्ठो ।  – कुइणो ।

(तितौडा लेख आगो लागको छैन, धुँवा मात्र उठेको । – कुहिरो ।)

२०१ थोक्काइ हात लाउँदा, मीतज्यू,  मीतज्यू! –सिस्नु ।

(थोरै हात लाउँदा, मीतज्यू,  मीतज्यू!)

२०२ थोकाइ हाल्या ऐअ ऐअ, पुराइ हाल्या हाइ सन्चो । – चुणा हाल्ने बेला ।

(थोरै हाले ऐया ऐया, पुरै हाले हाइ सन्चो । – चुरा हाल्दा)

२०३ थाल भरि फुलौणा । – तारा ।

(थालीभरि फुलौरा)

२०४ दाँत भाइर, ओठ भित्त । –  मुसल ।

(दाँत बाहिर, ओठ भित्र । – मुसल ।)

२०५ दिनभरि घाट बाल्लैन, रातभरि बोल्लो । – घाणो ।

(दिनभरि आवाज निकाल्दैन, रातभरि बोलेको बोलै । – घाँडो ।)

२०६ दिनभरि भरिनो, रातभरि रितो हुनो । – झ्ुडेणो ।

(दिनभरि भरिने, रातभरि रितो हुने । – झ्ुडेणो ।)

२०७ दिनभरि खरितुरि, रातभरि कान्ला कुरी । – हलो ।

२०८ दिनभरि सिनो, रातभरि उट्ठो । – गलेउ ।

(दिनभरि सुत्ने, रातभरि उठ्ने । – दाम्लो ।)।

२०९ दिनभरि रुने, रातभरि चुपुक्कै । –घाणो ।

२१० दिनभरि हटि (हिडेर), बेतको बाटो । – कोल ।

२११ दुई गोठको पर्सो, एक हातल सोद्दो । – सिगान ।

(दुई गोठको पर्सो, एक हातले सोर्ने । –  सिगान ।)

२१२ दुई बैनीको एक्कै खुट्टो । –मालुको पात ।

२१३ दुई बैनीको एक्कै फुलि (बुलाकि) । – चिम्टा ।

२१४ दुई बैनीको डिट् पड्डो, भेट कैलइ हुनैन । – जुन र बेल ।

(दुई बैनीको डिट् पर्छ, भेट कहिलै हुदैंन । – जुन र सूर्य ।

२१५ दुई भाइ कालाइ काला, पाध्दा पालाइ पाला ?

२१६ धन्न सिरी नाइअ, धन्न श्री हात,

बीस जनु (जना) कबिला खानो अझ उत्ति भात । – खुर्सानी ।

२१७ धर्ती तलि जाउँला, छाता ओढउला । – पणेउ (पिँडालु) ।

२१८ धर्तीको लैनु, सर्कको बाण । – रयन ।

(धर्तीको लिस्नु, आकाशको बाँड । – इन्देंणी )

२१९ धसक्क धसारी खुट्टो पसारी,

रातो हाली सुकिलो गाणी । – जुतारोमा गहुँ पिनेको ।

२२० धान कुटि चावल फालिआउना, कन लैयाउना । – भकेमिलो ।

(धान कुटि चावल फालेर, कन ल्याउने । – भकेमिलो ।)

२२१ धान छन धान छन्, कोठी भरि धान छन्,

न अर्काकी दिन्छन्, न आफू खान्छन् । –गाँड ।

२२२ धान्नी न सेर, दुई हातले उठाउनु पड्डो (पर्ने) । – टोपी ।

२२३ धेक्नेल लाउनैन, लाउनेल धेक्तैन । – कात्रो ।

(देख्नेले लाउदैन, लाउनेले देख्तैन । – कात्रो)

२२४ नाउँको मान्या, बाहिर रुङा हुन्या, मरे चाइन्या,

तरे चाइन्या त्यो नभइ नहुन्या । – जौ ।

(नाउँको माने, बाहिर रौं हुने, मरे चाइने, तरे चाइने त्यो नभइ नहुने ? जौ ।)

२२५ नाखउनी बस्तो, कानउनो समात्तो । – चश्मा ।

(नाकमा बस्ने, कानमा समात्ने)

२२६ नाख मेरा नथनी पिड्ना परि घा,

यो कथा नराउने कुकुर पोली खा । – तराजु ।

(नाक मेरा नथनी पिठ्यू परि घाउ,यो कथा नथाह पाउने कुकुर पोली खाउ ? तराजु ।)

२२७ नाङ्ला भरि सुपारी । –सर्कका (आकाशका) तारा ।

२२८ निङाली भावर भित्त बत्तिस भाइका तना,

ती तना खोलेर हेद्दा नौ सय नौ जना । – घोगा, सुल्ता, गेणा ।

(निङाली भावर भित्र बत्तिस भाइका तुना, ती तुना खोलेर हेर्दा नौ सय नौ जना)

२२९ नान्नाना आटी घर भित्त, कालाइ काला टाउके धामी । –कर्के ।

(साना-साना आटी घर भित्र, काला काला टाउके धामी । – सलाई ।)

२३० नान्नाना गान्टे मुल्यायका ढाणउनी नसाइनसा । – दमाया ।

(साना गान्टे मुल्यायका ढाडमा नसै नसा । – दमाहा ।)

२३१ नान्नानी मुल्यायका पेट चिरिएको ।  –  गहुँ ।

(सान्सानी केटाकेटीका पेट च्यातिएका)

२३२ नान्नानी मुल्यायका मुन्टाउनी घाँसको घोचो ।  – चोतो ।

(स-सानी केटीका मुन्टामा घाँसको घोचो । – मुला ।)

२३३ नान्नानी मुल्यायका हातभरि चुणा ।  – कुच्चो ।

(स-सानी केटीका  हातभरि चुरा । – कुच्चो)

२३४ नान्नानी मुल्यायका पेटभरि लावन ।  – खुर्सानी ।

(स-सानी केटीका पेटभरि पुरी । – खुर्सानी ।)

२३५ नान्नानु मुल्याय उछिटि्ट उछिटि्ट धान कुट्टो ।  – उपाइसो ।

(स-सान् केटो उछिटि्ट उछिटि्ट धान कुट्छ । – उपियाँ ।)

२३६ नान्नाना (स-सानु)  रुखका छिरेबिरे पात,

को लाइदेऊ दुना टपरि को खाइदेऊ भात ।  – औलाको पात ।

२३७ नान्नानो (स-सानु) रुख, रुख जानाको दःख ।  – सइनु (सिस्नु) ।

२३८ नौ तले घरको झ्याल न ढोका ।  – बाँस ।

२३९ पकाय पाक्तैन, बाल्या बल्लो ।  – रुङा ।

(पकाए पाक्तैन, बाले बल्छ । – रौं ।)

२४० पख् पख् बड्डी, मैंकन अगाडि जान्दे ।  – लौणी ।

(पख् पख् बूढी, मलाई अगाडि जान्दे । – लट्ठी ।)

२४१ पर गय, पर गय, हेइथी नइ ?  –आँखा ।

(पर गयो, पर गयो। यहीँ नै)

२४२ पाँच भाइको एक्कइ थाल ।  – हत्केलो ।

(पाँच भाइको एउटै थाली)

२४३ पाँच भाइ दिन्या, दुई भाइ हेर्न्या, एक भाइ खान्या ।  – हात, आँखा र मुख ।

(पाँच भाइ दिने, दुई भाइ हेर्ने, एक भाइ खाने)

२४४ पात एकइ नाइ, हागाँको लेखैनाइ ।  – सिउड ।

(पात एउटै पनि नाइ, हाँगा भनै धेरै)

२४५ पानीउनो खेल्लो छु, जलेव होइन, चारो टिप्तो छु परेव होइन,

बास्ता त बास्तो छु कोकले होईन । – रोप्नेरीले धान राप्दै गाएको ।

(पानीमा खेल्छु, जलेवा होइन, चारो टिप्छु परेवा होइन, बास्न त बास्छु कोकले होइन)

२४६ पानी पणे पग्लिजा, माटो पणे कुइजा,

झैं पणे झकणा पणे कचहरी तइजा । – कागत ।

(पानी परे पग्लिजा, माटो परे कुहिजा,झैं परे झकडा परे कचहरी तैजा ? कागज ।)

२४७ पारी गाउँ जन्त छियो, कोइल भन्यो छियो,

जइका  आन्द्रा पोट्या नाइ उइल भन्यो छियो । – दमाया ।

(पारी गाउँ जन्त थियो, कसले भन्यो थियो, सका  आन्द्रा, भुडि नाइ उसले भन्यो थियो)

२४८ पारि मेला कुकुर भुक्तो, पुछि (पुच्छर) मेरा हात । – बन्दुक ।

२४९ पारि मेला कुकुर भुक्तो, मेरो भुणि (भुडि) फुट्टो । – बन्दुक ।

२५० पुट्के भण्डारी, नसाको भारि । – दमाया ।

२५१ पेट मेरा गाणि गुणि रोगी नभनेइ, हात मेरा लट्ठी बड्डो नभनेइ,

चन्डी(निधारमा) मेरा छारो जोगि नभनेइ । – हुक्का ।

(पेट मेरा गाडिगुडि रोगी नभन, हात मेरा लौंरी बूढो नभन,

निधारमा मेरा खरानी जागी नभन)

२५२ पोर मरिन् सासु, अइल आया आँसु । –आकाशको पानी ।

(पोहोर मरिन सासू, अहिले आए आँसु)

२५३ पैलि म हरियो छिया पछ्या भया राति,

यै बैरिका फेला पण्या अइल भया काली । – जारिमको चुक ।

(पहिले म हरियो थिया पछि भए रातियस बैरिका फेला परे अहिले भँए काली । )

२५४ पैली म राती छिया, अइल भया काली । –आगाको अङ्गार ।

(पहिले म राती थिए, अहिले भए काली)

२५५ फल लाग्न्याको फूल लाग्दैन, फूल लाग्न्याको फल लाग्दैन । –भाङको बोट ।

२५६ फलामको झिटिपिटि काठको जोर,

अगि लाग्या राम लछुमन पछि लाग्यो चोर । – हलो जोतेको ।

२५७ फाल्ले भया फालिहाल, नतर झुण्या पड्डो भया । –सिगान ।

(फाल्ने भए फाल, नभए झुण्डिएर मर्छु)

२५८ फुल्दा चाँनि, पाक्या सुन । – सुन्तला ।

(फुल्दा चाँदि, पाके सुन)

२५९ बा आमा बस्याका, चेलाचेली उठ्याका । – लइनु ।

(बा, आमा बसेका, छोरा-छारी उठेका । -लिस्नु)

२६० बाँचे काट्नु, मरे पाल्नु । के हो ? –सुत्केरीका लागि ल्याएको खसी ।

२६१ बजगाउँ बजगाउँ, बजगाउँकी बड्डीकी लात्ताल घच्काउँ । – ढिकि ।

(बजगाउँ बजगाउँ, बजगाउँकी बूढीलाई लातीले घच्काउँ)

२६२ बत्तीस भाइ कुट्ने, लाल बैनी लाउने । –दाँत र जिब्रो ।

२६३ बल्लैलाई गोठ बनाया, अझ पुछि भाइरै । – दउरा र चुलो ।

(गोरुका लागि गोठ बनाएँ, अझ पुच्छर बाहिरै । – दाउरा र चुल्हो)

२६४ बास्तो छ निन्नेरुका जन निन्नेरु पन होइन, खानो छ पराली मुठो बल्ल पन होइन ।

–सनाइ बाजो ।

(बास्न त निन्नेरूका जसरी बास्छ निन्नेरू पनि होइन, खान त खान्छ पराली मुठो गोरु पनि होइन)

२६५ बामन बली जानो, जनै रइ जानो । – बाटो ।

(ब्राह्मण बल्ने, जनै रही रहने)

२६६ बारै हाँगे, बारै जाँगे बारै सुवा सुगाकी घोल

बारै सुवा मारीकन बारै आडी(कोसी) झोल । के हो ? –कागतीको दाना ।

२६८ बोयो मुसुरो, उम्र्यो धतुरो, फूल फुल्यो कला, फल लाग्यो केला ।

रामझिणा ।

(लगायो मुसुरो, उब्जियो धतुरो, फूल फुल्यो केराउ, फल लाग्यो केरा । –गोलभँडा)

२६९ बोल्नेल धेक्तैन, धेक्नेल बोल्लैन । – मुख र आँखा ।

(बोल्नेले देख्दैन, देख्नेले बोल्दैन)

२७० बोल् भन्या बोल्लैन, लाधाउनि हान्या बोल्लो । – दमाया ।

(बोल् भने बोल्दैन, भुँडिमा हाने बोल्छ । – दमाहा ।)

२७१ बिन्द्रावन आगो छैन, धुकाल छ । –कुइणो ।

(बिन्द्रावनमा आगो छैन, धुँवा छ । –कुहिरो)

२७२ भया भा दिन्या छियान, छैन खाइजा । – लिडे लछिमिल डाससँग भनेको ।

(भएको भए दिने थिएन, छैन खाएर जा । – लिडे गाईवस्तुले डाससँग भनेको ।)

२७३ भाइर अन्न, भित्त कोठो । – घोगो ।

(बाहिर अन्न, भित्र कोठो । – मकै ।)

२७४ भाइर कालि कोइली, भित्त तामा चोइली । – मुसुरो ।

(बाहिर काली कोइली, भित्र तामा चोइली । – मुसुरो ।)

२७५ भाइर डुम चेला, भित्त काजि, ह्वा भित्तउना रउतेला । – कटुजको गेणो ।

(बाहिर डुम चेला, भित्र काजि, त्यँहा भित्र रउतेला । – कटुजको गेडो )

२७६ भाइर तामु, भित्त फलामको डल्लो । – रिठो ।

(बाहिर तामु, भित्र फलामको डल्लो । – रिठो ।)

२७८ भाइर सुन, भित्त चानि । – धान ।

(बाहिर सुन, भित्र चाँदि)

२७९ भित्तउनो कुवो, भाइरउनो धारो । – करुवा ।

(भित्र कुवो बाहिर धारो । – करुवा ।)

२८० भ्वाँ भ्वाँ हद्दो, भँवर होईन, कानउनो जनै बामन होईन । – चर्खा ।

(भ्वाँ भ्वाँ गर्छै, भँवर होईन, काँधमा जनै बामन होईन । – चर्खा)

२८१ भुणे बल्लका भुँणीउनी जति हान्यो त्यति हुक्कानो । –दमाया ।

(भुँडे गोरुका भुँडिमा जति हान्यो त्यति हुक्का गर्छ । –दमाहा)

२८२ म बास्तो छु चुल्लुका जन चुल्लु पन होईन,

म खानो पराली गाँजो बल्ल पन होईन । –कोल ।

(म बास्छु चुल्लुका जस्तै चुल्लु पनि होइन, म खान्छु परालको मुठो गोरु पनि होइन)

२८३ मकै फुले कासैकास, दुई बैनी हट्टिन् (हिड्छन्) बारै मास । – दिन (सूर्य) र जुन ।

२८४ मरेको बल्ल, रुख चड्डो । – हलुणो ।

(मरेको गोरु, रुख चढ्छ । – हलुडो ।)

२८५ मस्तइ ब्याउलीका एक्कइ डोला । – बोणीको कोसा ।

(धेरै ब्याउलीका एउटै डोली । – बोडीको कोसा ।)

२८६ माघि त्यार रितो हुनो, अघिपछि टन्न हुनो । – चउठो ।

(माघि तिहार रितो हुने, अघिपछि टन्न हुने । – चउठो ।)

२८७ माटा तलि चाँनीको फाली । –अदुवा ।

२८८ माटा तलि डल्ले हुक्का, चिलिम छत्रछाया । – पणेउ (पिडालु) ।

२८९ माटा तलि दइको ( दहिको) गाबु । – तवण (तरुल) ।

२९० माटा तलि पुट्के चन्दन । –तवण (तरुल) ।

२९१ माटा तलि पुट्के बल्ल । – मुसो ।

(माटा मुनि पुट्के गोरु)

२९२ माटा तलि महको गाग्री । – खनया ।

२९३ माटा तलि रङको डब्बा । – हदेलो ।

२९४ मा भन्ना छोरी कप्टिनी । – खुर्सानी ।

(आमा भन्दा छोरी कपटी)

२९५ मा सर्क, बा गर्भ, छोरी पातल धाउनी ।

(आमा आकाशमा, बाबु गर्भमा छोरी पातल धाउँछे)

२९६ मासु खानाइलाइ दुनु लाया, मासुल दुनु खाइदियो । – खसी ।

(मासु खानको लागि दुनु लगाएँ, मासुले दुनु खायो । – खसी)

२९७ मेरी मा हग्दी, तेरी मा खानी । – कोल ।

(मेरी आमा हग्छे, तेरी आमा खान्छे)

२९८ मुखल टिप्नु, हातल छड्नु । – अक्षर ।

(हातले टिप्नु, हातले छर्नु)

२९९ यता पन वन, उता पन वन, माझउनै बाटो । – कपालको सिउँन ।

(यता पनि वन, उता पनि वन, बीचमा बाटो ।– कपालको सिउँद)

३०० यौटा घरा दुलाइ दुला । – डोको ।

(एउटा घरमा दुलै दुला)

३०१ यौटाल भन्यो मै लामो, अर्काल भन्यो मै लामो । – बाटो र घाट ।

(एउटाले भन्यौः म लामो, अर्कोले भन्योः म लामो । –बाटो र नदी)

३०२ यौटी बैनीका सात खाइटा ओड्डी । – घोगो ।

( यौटी बैनीका सात रुमाल ओढ्छे । – घोगो )

३०३ रतेनी बज्यैका ढेलउनो ( पुछारमा) तारो । – मुसल ।

३०४ रते वणो, गोरे पुणो ।                                                    – लावन हालेको ।

(रते यता, गोरे उता । – पुरि पकाएको ।

३०५ रलो ताने झाल गुगानो ।                                    – भइसो दोएको

(लहरो तान्यो भने झाल आवाज निकाल्ने । –भैसी दुहेको) ।

३०६ राजाकी गाई, एक बेत प्यानी अथा मरी जानी ।                          – केला ।

(राजाकी गाई, एकपल्ट ब्याउनी अनि मरेर गई।–केरा)

३०७ रातभरि खपाखप, दिनभरि हेराहेर ।                                  – दुवार (ढोका)।

३०८ राता घाँगरकी राँणल मुलामुली रुवाइ गई ।                            – खुर्सानी ।

(रातो घाँगर लगाएकी राँडले केटाकेटी रूवाएर गई)

३०९ राता नलउनो (नलमा) कालो फल ।                                   – फापर ।

३१० रुख भरि चल्ला, जा बैरी हल्ला ।            – चुन्ने (रुखमा गोलो लगाउने किरा) ।

३११ रूप काली, नाउँ राती ।                                              – रात ।

३१२ लकपक डालीका झिरुवाले फूल,

यो कथा नराउने (थाह नपाउने) उसको बाबु भुल ।                        – अफिम ।

३१३ लामो डाणाउना दुईटा करा ।                                       – नाक ।

(लामो डाँडामा दुई वटा ओडार । –नाक ।)

३१४ लामो बाटो छोटो गाउँ, उसैका थाप्लाउनी (टाउकामा) आगो लाउ ।  –हुक्का ।

३१५ लामै रलाको मीठो फल । –                                          माछो ।

(लामो लहराको मीठो फल)

३१६ लिकिपिकि निङालीका तिखेतिखे पात,

मेरा हण (शरिरमा) लाग्या पछि देखौला बात ।                           – भाङ ।

३१७ वनै काटी, वनै तुछी, वनै दिया ताजा

भन्थान घुँगुरा बद्‌दा उठ्यान कया राजा ?                               –मुर्दा लगेको ।

(वनै काटेर, वनै ताछेर, वनमैं दिए ताजा, मन्दिरमा घण्ट बज्दा उठेनन् के राजा)

३१८ सुकिला मेलाउना काला बाखा चद्‌दा ।                                –किताब ।

(सेता पाले वनमा काला बाखा चर्दैछन्)

३१९ सबैकी लक्ष्मी, बल्लकी जोई ।                                      –गाई ।

(सबैकी लक्ष्मी, गोरुकी स्वास्नी)

३२० सर्क(आकाश) तारा झिलिमिलि, माकुनेको लिल्ली बिल्ली ।   – चाल्लो ।

३२१ सर्क(आकाश) दुलो, धर्ती पानी, पाँचजना बाउसे एक जनी रोप्नेरी ।   –हुक्का ।

३२२ सर्कको लइनु, धर्तीको बाण, आगाको कलेजो पानीको हाण ।   – रयन ।

(आकाशको लिस्नु, धर्तीको बाड, आगाको कलेजो पानीको हाड । – इन्द्रेणी ।)

३२३ सर्र सुइयो हुन त उइहो, न ढेल बाफ न मुख बाफ ।   – सर्पको काँचुली ।

(सर्र सियो, हुन त उही हो, न मलद्धारमा सास न मुखमा सास)

३२४ सर्र सुई हुन् त उइ, न जीय सास, न आङ मास ।   – सर्पको काँचुली ।

सरर सुई हुन् त उही, न जीउमा सास, न शरीरमा मासु)

३२५ साउँनइ छोरी मर्तालइ जोई

उखड्या कान रिसल पोइल गई ।   –बन्दुक ।

(साउँदकी छोरी, मर्तालकी जोई, उखड्या काँधमा रिसले पाइल गई)

३२६ सुखमा सुक्ता, दुःखमा भल बग्दा ।   –आँसु ।

(सुखमा सुक्ने, दुःखमा भल बग्ने)

३२७ सुर्कने थैलीको डोरो न मोरो ।   – ढेल(मलद्दार) ।

३२८ सुनको नली भतक्क गली, यो कथा नराउने (नथाह पाउने) उ मेरो हलि ।

–कर्कलाको डाँठ ।

३२९ सुनका बाकस भित्तउनो जेउणे जैसी नात्तो ।   – जिब्रो ।

(सुनका बाकस भित्र जेउणे जैसी नाच्छ । –जिब्रो)

३३० सुनका बेलगेणा भित्त रेउणे धामी नात्तो

जसो मेरो चलन छियो बसी बसी बात्तो ।   – आँखा ।

(सुनका बेलगेडाभित्र रेउडे धामी नाच्छ, जस्तो मेरो चलन थियो बसी बसी बाँच्छ)

३३१ सेती गाई पानी खान गई र राति भएर आई ।   – लावन ।

(सेतो गाई पानी खान गयो र रातो भएर आयो । – पुरी)

३३२ सेतो बाध्ये (भेडा) कालो लुकाल (झोला) आयो मचहरी

आधा जिब्रो मुखभित्त आधा कचहरी ।   –कलम ।

३३३ हग्ने भया हग मुल्याय, नतर लाउनो भया चणेइ चणेइ ।   – चाल्लो ।

(हग्ने भए हग मुल्याय, नत्र लाउँछु चटेइ चटेइ । – चाल्नु )

३३४ हप्र माउ धुल खेल्ली, तल माउ फूल पाड्डी । – चर्खा ।

(माथि माउ धुल खेल्छे, तल माउ फूल पार्छे । – चर्खा ।)

३३५ हरियो चल्लाका दुईथिर पुछि । –दुनु ।

(हरियो चराका दुईतिर पुच्छर । – दुनु ।)

३३६ हरियो झाल, पियालो माल, खाइको जन्जाल । – खुर्सानी ।

(हरिया झाल, पहँलो माल, खाएर जन्जाल)

३३७ हात्तिका पेटभित्त चल्ला गुगाना । – घरभित्तका मान्छे ।

(हात्तिका पेटभित्र चल्ला कराउदैं । – घरभित्रका मान्छे ।)

३३८ हाँगा खब्बर, फेद जब्बर, पात आउनाइ खुस्ताइ रना । – बर्ष, मैना र दिन ।

(हाँगा खब्बर, फेद जब्बर, पात आउदै, झर्दैइ रहने)

३३९ हात्तिका पेटभित्त दोधारे बान्नु । – पेठो ।

(हात्तिका पेटभित्र दोहारे देवाल । –कुपिण्डो) ।

३४० हाम्रा गाउँका मोखियाका ढेलउना कान । – थैला ।

(हाम्रा गाउँका मुखियाका पुछारमा कान । –बोरा)

३४१ हाली पोली आफू भन्या रित्तै । – तओ

(हालेर, पोलेर आफू भने रितो । –तावा) ।

३४२ हुक्का मेरो गुड्गुणिया चिलिम मेरो छायाँ,

नली मेरो पिपल सरी जतन अरी(गरी) खाया । – कर्कलो ।

३४३ हुना त उइ हो, उ भया त खाइ हाल्ने छियो । – सर्पको काँचुली ।

(हुन त उही हो, ऊ भए त खाइ हाल्ने थियो)

३४४ हेमेसी बड्डाका ढेलउनो तारो । – मुसल ।

(हेमेसी बूढाका पुछारमा तारो । – मुसल ।)

३४५ हो हैथि, हो हैथि । – लट्ठी टेकेको ।

(हो यहाँनेरै, हो यहाँनेरै ? लट्ठी टेकेको ।)

३४७ हो त्यइथी, हो त्यइथी । –कन्याउन लगाउनु ।

(हो त्यसैमा, हो त्यसैमा)

# सन्दर्भग्रन्थ


**अछाम जिल्लाको पार्श्वचित्र**,(२०६७), प्रकाशक, जि.वि.स.को कार्यलय अछाम, सूचना तथा अभिलेख केन्द्र ।

कोइराला, शम्भुप्रसाद, (२०५५), **लोकसाहित्य सिद्धान्त र विश्लेषण** बिराटनगर : धरणीधर पुरस्कारप्रतिष्ठान ।

गिरी, धन, (२०६५), “बझाङी गाउँखाने कथाको अध्ययन” नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर (अप्र.)

जोशी, सत्यमोहन, (२०१४), **हाम्रो लोकसंस्कृति** काठमाडौं : रत्न पुस्तक भण्डार ।

तिवारी, श्यामप्रसाद, (२०६३), “पर्वत जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन” नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर(अप्र.) ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, (२०४१), **नेपाली लोकसाहित्यको विवेचना** काठमाडौं : पाठ्क्रम विकास केन्द्र ।

नेपाल यात्री, पूर्णप्रकाश, (२०४१), **भेरी लोकसाहित्य** काठमाडौं : ने.रा.प्र.प्र. ।

पराजुली कृण्णप्रसाद, (२०३९), काठमाडौं : ने.रा.प्र.प्र. ।

पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी, (२०६८), **नेपाली लोक साहित्यको रूपरेखा** ललितपुर : साझा प्रकाशन, पुलचोक ।

पौड्याल, शिवप्रसाद, (२०६१), **नेपाली गाउँखाने कथा कोश** गुल्मी : सुशील पौड्याल र श्रद्धा पौड्याल ।

बन्धु, चूडामणि, (२०५८), **नेपाली लोकसाहित्य** काठमाडौं : एकता प्रकाशन ।

बराल, ईश्वर, (२०५५), सम्पा. **नेपाली साहित्य कोश** काठमाडौं : ने.रा.प्र.प्र. ।

भट्ट, देवदत्त, (२०५५), “बैतडेली गाउँखाने कथाको अध्ययन नेपाली” स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर(अप्र.) ।

भण्डारी, ईश्वरीप्रसाद, (२०५७) “गुल्मी जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन” नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर (अप्र)

रिमाल, प्रदिप, (२०५३), **कर्णाली लोकसंस्कृति खण्ड ५** (दोस्रो संस्क.) ललितपुर : साझा प्रकाशन ।

लामिछाने, कपिल, (२०६८), **नेपाली गाउँखाने कथाको अध्ययन** काठमाडौं : विवेकशील प्रकाशन, प्रा.लि. ।

वनवासी, देवीप्रसाद, (२०५५) **आँधीखोले लोकसंस्कृति** स्याङ्जा : चित्रलेखा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, (२०६३), **लोकवार्ताविज्ञान र लोकसाहित्य** काठमाडौं :विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, तेजप्रकाश, (२०४४), **अछामी लोकसाहित्य काठमाडौं** : रत्नपुस्तक भण्डार ।